# आवधिक योजना

## आ.व. २०८०/८१-२०८४/८५

## थलारा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खोलि, बझाङ्ग

### सुदूरपश्चिम प्रदेश

## धन्यवाद ज्ञापन

नेपालको नयाँ संविधान जारी भए सँगै केन्द्रमा निहित शक्ति र अधिकार स्थानीय तहमा स्थानान्तरण हुने प्रक्रिया संस्थागत हुनु सुरु गरेपछि थलारा गाउँपालिकाले आफ्नो यात्रा सुरु गरेको थियो । नयाँ संरचना, नयाँ अनुभव र भौगोलिक विकटता,श्रोतको अभावका साथै विभिन्न चुनौती भए पनि इतिहास बदल्ने दृढ इच्छाशक्ति, सङ्कल्प र आम जनताको उत्कट आकाङ्क्षा तथा सहयोगबाट यो यात्राले आज एउटा निश्चित आकार ग्रहण गरेको छ । यस स्थितिमा विगतको समीक्षा गरी आगामी दिशा कोर्ने अभिप्रायले यो आवधिक योजना तर्जुमा गरिएको हो । यस योजनाले प्रस्तुत ***"कृषि र पर्यटन उद्योग आर्थिक विकासको सान समृद्ध थलाराको पहिचान"*** गरेको थलाराको परिदृश्यलाई पुरा गर्न गाउँपालिका सफल हुने विश्वास मेरो रहेको छ । गाउँपालिका परिवार, सहयोगी सङ्घसंस्था, निकाय र आम जनताको निरन्तर सहयोगले योजनाले निर्दिष्ट गरेका प्राथमिकताका क्षेत्रहरूले निर्धारण गरेका लक्ष्य पुरा गर्न सफल हुने र यसका लागि कटिबद्ध रहने प्रतिबद्धता समेत व्यक्त गर्दछु । गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि यस गाउँपालिकाका सबै बासिन्दा, सरकारी, गैरसरकारी, निजी र सहकारी क्षेत्रसँग आबद्ध पदाधिकारी, कर्मचारी, शिक्षक, समाजसेवी, नागरिक समाज, बुद्धिजीवी, पत्रकार, राजनैतिक कर्मी एवं निर्वाचित पदाधिकारीहरूको संयुक्त प्रयास अपरिहार्य हुने यथार्थ स्मरण गराउँदै यहाँहरू सबै समक्ष यस योजनालाई सफल तुल्याउन सक्रियरुपमा महत्त्वपूर्ण योगदान गर्न सादर आह्वान गर्दछु। यो योजना गाउँपालिकाका कर्मचारी र पदाधिकारीको मात्र नभएर समग्र गाउँपालिका बासीको भविष्यको मार्गचित्र हो । हाम्रा सपनाहरू यसमा लिपिबद्ध भएका छन् । त्यसैले यसको मर्मलाई पुरा गर्न गाउँपालिका पदाधिकारी, जनप्रतिनिधि, राजनीतिज्ञ, समाजसेवी, बुद्धिजीवी, शिक्षक, सञ्चारकर्मी, सङ्घसंस्था, निजी क्षेत्र तथा आम जनताको संयुक्त प्रयास आवश्यक रहेकोमा जोड दिंदै सबैका तर्फबाट विशेष सहयोगका लागि अपिल समेत गर्दछु ।

प्रकास बहादुर रोकाय<br>
अध्यक्ष

## धन्यवाद ज्ञापन

स्थानीय तहले तर्जुमा गर्ने योजना र तिनीहरूको सफल र कुशल कार्यान्वयन गर्न सके नेपालको संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख समृद्ध नेपालको परिकल्पना साकार हुनसक्छ । थलारा गाउँपालिकाले उपलब्ध श्रोत र साधनका आधारमा जनताका आवश्यकता परिपूर्ति गर्न अथक प्रयास गर्दै आएको छ । यिनै प्रयासलाई संस्थागत गरी भविष्यमा व्यवस्थित तवरले विकासका कार्यहरू अघि बढाउन यो आवधिक योजना निर्माण गरिएकोमा सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । विकासले सामाजिक समृद्धिको बाटो पहिल्याउनु नै संविधानको मर्मलाई आत्मसात् गर्नु हो । समाजमा पिछडिएका वर्ग तथा समुदायको अधिकार, आवश्यकता र सम्मानलाई विकासको मूल मन्त्र मानेर योजनाहरू तर्जुमा गर्न सकिएमा यसले सही अर्थमा विकासको अनुभूति दिन सक्छ । थलारा गाउँपालिकाको यो योजनाले ***"कृषि र पर्यटन उद्योग आर्थिक विकासको सान समृद्ध थलाराको पहिचान"*** परिकल्पना गर्दै सामाजिक न्यायको प्रत्याभूतिमा विशेष जोड दिएको छ । यो योजना निर्माणको कार्य त्यति सहज थिएन । कृषि पर्यटनलाई मुख्य प्राथमिकता दिएको यो योजनाले सामाजिक विकासलाई दोस्रो प्राथमिकतामा राखेको छ । कार्यान्वयन सफल पार्न सके यो योजनाको अन्त्यमा समृद्ध र आत्मनिर्भर थलाराको परिकल्पना साकार हुने मैले विश्वास लिएको छु । अन्त्यमा, यो योजना तयार पार्न खटिएका सबै शाखाका कर्मचारी, जनप्रतिनिधि, स्वयंसेवक, परामर्शदाता, गैरसरकारी संस्था, सामाजिक परिचालक सञ्चारकर्मी, सुरक्षाकर्मी तथा आम जनतामा हार्दिक धन्यवाद दिन चाहन्छु ।

राम बहादुर खाती
उपाध्यक्ष

## धन्यवाद ज्ञापन

थलारा गाउँपालिकाले स्थापना काल देखि नै जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा विकास निर्माण देखि अन्य कार्यक्रमहरू तथा क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । कतिपय श्रोतको चुनौती तथा नयाँ संरचनाले निम्त्याएका जटिलता चिर्दै गाउँपालिकाले जनतालाई अधिकतम लाभ प्रदान गर्ने कोसिस गर्दै आएको छ । यसकै फलस्वरुप यो गाउँपालिकाले विकास र समृद्धिका कतिपय सूचकाङ्कहरूमा प्रगति गर्न सफल भएको छ ।हामीले मानवीय विकासका सबै पक्षलाई समेटेर रणनीति र योजना बनाउन सक्यौ भने मात्रै त्यसले वास्तविक अर्थमा जनतामा विकासको प्रत्याभूति गर्न सक्छ । तसर्थ, कोरा भौतिक विकासमा मात्रै जोड दिनुको साटो यो आवधिक योजनाले आर्थिक र सामाजिक विकासलाई मुख्यरुपमा प्राथमिकतामा राखेर कार्यक्रम तर्जुमा गरेको छ ।यो आवधिक योजनाले विगतका सबै प्रयासहरूको गहन समीक्षा, कमी, कमजोरी तथा चुनौतीहरूको चिरफार गर्दै आत्मनिर्भरतातर्फ गाउँपालिकालाई विकास गर्ने सम्भावनाको खोजी गरेको छ ।सीमित श्रोत र साधन तर असीमित जन आकाङ्क्षा भएको अवस्थामा प्राप्त श्रोत र साधनलाई बस्तुसम्मत आवश्यकताका आधारमा प्राथमिकीकरण गर्ने, विकासका कार्यहरूलाई तत्कालको प्रतिफल भन्दा पनि दिगो र आत्मनिर्भर हुने किसिमले अघि बढाउने र सामाजिक न्यायको प्रत्याभूति शासनका हरेक तहमा अनिवार्य गराउने कार्यमा गाउँपालिकाले जोड दिँदै आएको छ ।

आवधिक योजनाको सफलताका लागि जनताको सहभागिता तथा गाउँपालिका कार्यालयको टिमको एकीकृत प्रयास जरुरी हुन्छ । गाउँपालिकाको टिम सक्षम, सबल, प्राविधिक र व्यावसायिक रूपमा दक्ष भएको खण्डमा कार्ययोजनाहरु एकीकृत र अन्तर्सम्बन्धित किसिमले अघि बढाउन सकिएको खण्डमा योजनाले निर्दिष्ट गरेका लक्ष्य पुरा गर्न सहज हुन्छ । थलारा गाउँपालिकामा कार्यालयका सबै विषयगत शाखा तथा कर्मचारीहरूको मेहनतका कारण विगतको सफलता प्राप्त भएको यथार्थलाई उच्च सम्मान गर्दै यो प्रस्तावित आवधिक योजनाको अवधिमा समेत यही प्रकारको समन्वय र जोसका साथ एकीकृत प्रयासले गाउँपालिकाको मार्ग चित्रका उद्देश्य पुरा गर्न सबैको सहयोग पाइने विश्वास व्यक्त गर्दछु ।

अन्तमा, यो आवधिक योजना तयारी तथा निर्माणका लागि खटिनुभएका जनप्रतिनिधि, परामर्शदाता, विषयगत समिति, सामाजिक व्यक्तित्व, राष्ट्रसेवक कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद दिँदै भविष्यमा समेत निरन्तर सहयोग पाइने विश्वास लिएको छु ।

सिद्धराज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

# परामर्शदाताको तर्फबाट

थलारा गाउँ पालिकाको आवधिक योजना २०७८/०७९ २०८३/०८४ तयार गरी थलारा गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ । प्रस्तुत आवधिक योजनाले थलारा गाउँपालिकाको सर्वाङ्गीण विकासका निमित्त सबै पक्ष समेटेर आवधिक योजना प्रतिवेदनका रूपमा प्रस्तुत गरेको छ । स्थानीय विकासमा स्थानीय परम्परागत सीप, ज्ञान र प्रविधिको मौलिकपनको जगमा टेकेर परिमार्जन गर्दै आधुनिक विकासको थालनी गर्ने अभिप्राय यस आवधिक योजना प्रतिवेदनको रहेको छ । हामीलाई विश्वास छ, थलारा बासी आम जनता र जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूको वर्तमान नेतृत्व अत्यन्त सचेत, जागरूक र गतिशील छ । उहाँहरूकै सक्रिय सहभागितामा यो आवधिक योजना तयार गरिएको छ । त्यसैले यसको स्वामित्व ग्रहण गर्न वहाँहरूलाई कुनै शङ्का रहने छैन । किनभने अध्ययनको सबै चरणमा सामूहिक रूपमा वहाँहरूले नै स्वतःस्फूर्त रूपमा छलफल समेत गरी सर्वसम्मत यो आवधिक योजना प्रतिवेदन तयार भएको हो ।

यसको स्वामित्व गाउँपालिकाले ग्रहण गरेर लागु गर्नासाथ आम थलारा बासी जनताले " ***"कृषि र पर्यटन उद्योग आर्थिक विकासको सान समृद्ध थलाराको पहिचान"*** " भन्ने यस गाउँपालिकाको लक्ष्य प्राप्तिका लागि उच्चतम उपयोग गर्नेछन् । यसका निमित्त आवधिक योजनाले दीर्घकालीन सोच तय गरेको छ । यस आवधिक योजनाले निर्दिष्ट गरेका योजनाहरू कार्यान्वयनको अन्त सम्ममा थलाराको स्वरूप अत्यन्त सकारात्मक रूपमा रूपान्तर हुनेछ । थलारा गाउँपालिकाको यो आवधिक योजना तयार गर्ने क्रममा हामीलाई यो अवसर प्रदान गरेर र सक्रियरुपमा सबै सूचना लगायत सुझाव विभिन्न तहमा उपलब्ध गराएर सहयोग गर्ने थलारा गाउँपालिकाका अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, वार्ड अध्यक्ष ज्युहरू लगायत विभिन्न विषयगत उप समितिका संयोजक ज्युहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत विषयगत शाखा प्रमुख ज्यु हरू तथा कार्यपालिका गाउँ सभा प्रति धन्यवाद व्यक्त गर्दछौं । साथै थलाराबासी आम जनता जो जसले यो प्रतिवेदन तयारीको सिलसिलामा आआफ्नो क्षेत्रबाट जे जस्तो सल्लाह सुझाव दिएर सहयोग गर्नुभयो, उहाँहरू सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

सुमन शाह
प्रबन्ध निर्देशक
मस्क डीयर इन्जिनियरिङ कन्सलटेन्स
प्रा लि

# बिषय सुचि


परिच्छेद १ – परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्देश्य ........ २

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ ३

१.३.१ सन्दर्भ सामग्रीको अध्ययन ........ ३
१.३.२ अभिमुखीकरण तथा तयारी कार्यशाला ........ ३
१.३.३ बहुसरोकारवालाहरु सँग प्रारम्भिक छलफल ........ ३
१.३.४ वडा प्रतिनिधिहरुसँग छलफल ........ ४
१.३.५ आधार रेखा सुचना तथा वस्तुस्थिति विश्लेषण ........ ४
१.३.६ आवधिक योजना तर्जुमा गोष्ठी ........ ४
१.३.७ सूचना र तथ्याङ्क प्रशोधन, व्यवस्थापन, विश्लेषण तथा योजना दस्तावेज तयारी ........ ५
१.३.८ योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी ........ ५

परिच्छेद २ गाँउ तथा नगरपालिकाको विकासको विद्यमान स्थिति ........ ६

२.१ परिचय ........ ६

२.१.१ बझाङ्ग जिल्लाको संक्षिप्त परिचय ........ ६
२.१.२ जिल्लाको ऐतिहासिक पृष्ठभूमि ........ ६
२.१.३ थलारा गा.पा.को संक्षिप्त परिचय ........ ७
२.१.४ जनसांख्यिक अवस्था ........ ७

२.२ आर्थिक विकास अवस्था ........ ११

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ ११
२.२.२ पर्यटन तथा सस्कृति ........ १३
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ १४
२.२.४ बेदेशिक रोजगारी र वित्तीय सेवा ........ १५
२.२.५ सहकारी ........ १६

२.३ सामाजिक विकासको अवस्था ........ १६

२.३.१ शैक्षिक विकास ........ १६
२.३.२ स्वास्थ्य तथा पोषण ........ २१
२.३.३ खानेपानी तथा सरसफाइ ........ २२
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ २४

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ २५

२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ २५
२.४.२ सडक, पुल तथा यातायात ........ २५
२.४.३ झोलुङ्गे पुलहरु ........ २६

२.४.४ विद्युत् तथा वैकल्पिक ऊर्जा ........ २७
२.४.५ सुचना तथा सञ्चार ........ २८
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ २९
२.५.१ वन तथा जैविक विविधता ........ २९
२.५.२ विपद् जोखिम : ........ २९
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ३०
३ परिच्छेद ३ सोच तथा विकासको अवधारणा ........ ३१
३.१ पृष्ठभूमि ........ ३१
३.२ प्रमुख समस्या तथा चुनौती ........ ३१
३.३ प्रमुख सम्भावना र अवसर ........ ३५
३.४ निर्देशक सिद्धान्तहरु ........ ३६
३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ३८
३.५.१ गाउँपालिकाको दीर्घकालीन सोच ........ ३८
३.५.२ लक्ष्य ........ ३८
३.५.३ उद्देश्य ........ ३८
३.६ परिमाणात्मक लक्ष्य ........ ३८
३.७ रणनीति तथा प्राथमिकता ........ ४०
३.७.१ रणनीतिहरु ........ ४०
३.७.२ प्राथमिकता ........ ४१
३.८ वित्तीय व्यवस्थापन ........ ४१
३.८.१ सार्वजनिक स्रोत परिचालनको आधार ........ ४१
३.८.२ कुल वित्तिय लगानी ........ ४२
३.८.३ लगानीका क्षेत्रहरु ........ ४२
३.८.४ खर्च र खर्च बेहोर्ने श्रोतहरु ........ ४२
३.८.५ बहुपक्षीय स्रोतहरूको परिचालन ........ ४३
३.८.६ बिकास खर्चको बाँडफाँट ........ ४४
३.८.७ वित्ताय हस्तान्तरण ........ ४५
४ परिच्छेद ४ आर्थिक क्षेत्र ........ ४६
४.१ कृषि तथा पशुपन्छी ........ ४६
४.१.१ पृष्ठभुमी ........ ४६
४.१.२ समस्या तथा चुनौती ........ ४६
४.१.३ संभावना तथा अवसर ........ ४६

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ४७
४.१.५ अपेक्षित उपलब्धि ..... ५०
४.१.६ अनुमान तथा जोखिम पक्ष ..... ५०
४.२ पर्यटन तथा संस्कृति ..... ५१
४.२.१ पृष्ठभूमि ..... ५१
४.२.२ प्रमुख समस्या र चुनोती ..... ५१
४.२.३ सम्भावना र अवसर र चुनौति ..... ५२
४.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ५२
४.२.५ कार्यक्रम ..... ५३
४.२.६ अपेक्षित उपलब्धि ..... ५३
४.३ उद्योग, व्यापार तथा व्यवसाय ..... ५४
४.३.१ पृष्ठभूमि ..... ५४
४.३.२ प्रमुख समस्या तथा चुनौति ..... ५४
४.३.३ सम्भावना तथा अवसर ..... ५५
४.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ५५
४.३.५ अपेक्षित उपलब्धी ..... ५८
४.४ वित्तीय तथा सहकारी क्षेत्र ..... ५८
४.४.१ पृष्ठभूमि ..... ५८
४.४.२ प्रमुख समस्या ..... ५९
४.४.३ सम्भावना तथा अवसर ..... ५९
४.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ६०
४.४.५ अपेक्षित उपलब्धि ..... ६२
४.४.६ अनुमान तथा जोखिम पक्ष ..... ६२
४.५ श्रम तथा रोजगारी ..... ६२
४.५.१ पृष्ठभूमि ..... ६२
४.५.२ प्रमुख समस्या तथा चुनौती ..... ६२
४.५.३ संभावना तथा अवसर ..... ६३
४.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ६३
४.५.५ अपेक्षित उपलब्धि ..... ६६
४.५.६ अनुमान तथा जोखिम पक्ष ..... ६६
५ परिच्छेद ५ सामाजिक विकास ..... ६७
५.१ शिक्षा ..... ६७
५.१.१ पृष्ठभुमिः ..... ६७
५.१.२ मुख्य समस्या तथा चुनौतिहरु ..... ६७
५.१.३ सम्भावना तथा अवसर ..... ६८
५.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ६८

५.१.५ अपेक्षित उपलब्धि : ............ ७२
५.१.६ अनुमान तथा जोखिम पक्ष............ ७२
५.२ आधारभुत स्वास्थ्य र पोषण............ ७३
५.२.१ पृष्ठभुमि............ ७३
५.२.२ प्रमुख समस्या तथा चुनौतीहरु............ ७३
५.२.३ सम्भावना तथा अवसर............ ७४
५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ७४
५.२.५ अपेक्षित उपलब्धि ............ ७६
५.२.६ अनुमान तथा जोखिम पक्ष............ ७७
५.३ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षितवर्ग............ ७७
५.३.१ पृष्ठभूमि............ ७७
५.३.२ प्रमुख समस्या तथा चुनौती............ ७८
५.३.३ सम्भावना तथा अवसर............ ७८
५.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ७९
५.३.५ अपेक्षित उपलब्धि ............ ८२
५.३.६ अनुमान तथा जोखिम पक्ष............ ८२
**५.४** यूवा तथा खेलकुद............ ८३
५.४.१ पृष्ठभुमी ............ ८३
५.४.२ प्रमुख समस्या तथा चुनौती ............ ८३
५.४.३ **सम्भावना तथा अवसर**............ ८३
**५.४.४** लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ८४
५.४.५ अपेक्षित उपलव्धि ............ ८६
**५.४.६** अनुमान तथा जोखिम पक्ष............ ८६
५.५ खानेपानी तथा सरसफाइ............ ८७
५.५.१ पृष्ठभुमि............ ८७
५.५.२ प्रमुख समस्या तथा चुनौतीहरु............ ८७
५.५.३ सम्भावना तथा  अवसर ............ ८८
५.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ८८
५.५.५ अपेक्षित उपलब्धिहरु............ ८९
५.५.६ अनुमान तथा जोखिम............ ८९
६ परिच्छेद ६ : पूर्वाधार विकास............ ९०
६.१ यातायात पुर्वाधार ............ ९०
६.१.१ पृष्ठभुमी : ............ ९०
६.१.२ प्रमुख समस्याहरु र चुनौती............ ९०
६.१.३ सम्भावना तथा अवसर............ ९१
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना............ ९१

६.१.५ अपेक्षित उपलब्धि ........ ९३
६.१.६ अनुमान तथा जोखिम ........ ९३
६.२ आवास, भवन तथा बस्ती विकास ........ ९४
६.२.१ पृष्ठभुमी ........ ९४
६.२.२ प्रमुख समस्या तथा चुनौती ........ ९४
६.२.३ सम्भावना तथा अवसर ........ ९५
६.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९५
६.२.५ अपेक्षित उपलब्धिहरु ........ ९६
६.२.६ अनुमान तथा जोखिम पक्ष ........ ९६
६.३ सिचाइ तथा नदि नियन्त्रण ........ ९७
६.३.१ पृष्ठभुमी ........ ९७
६.३.२ प्रमुख समस्या तथा चुनौती ........ ९७
६.३.३ सम्भावना तथा अवसर ........ ९८
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९८
६.३.५ अपेक्षित उपलब्धि ........ ९९
६.३.६ अनसमान तथा जोखिम ........ ९९
६.४ बिद्युत तथा बैकल्पिक उर्जा ........ ९९
६.४.१ पृष्ठभुमी ........ ९९
६.४.२ प्रमुख समस्या तथा चुनौतिहरु ........ १००
६.४.३ सम्भावना तथा अवसर ........ १००
६.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १००
६.४.५ अपेक्षित उपलब्धि ........ १०२
६.४.६ अनुमान तथा जोखिम ........ १०२
६.५ सूचना तथा संचार ........ १०२
६.५.१ पृष्ठभुमी ........ १०२
६.५.२ प्रमुख समस्या तथा चुनौतिहरु ........ १०२
६.५.३ सम्भावना तथा अवसर ........ १०२
६.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०३
६.५.५ अपेक्षित उपलब्धि ........ १०४
६.५.६ अनुमान तथा जोखिम ........ १०४
७ परिच्छेद– ७ वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन ........ १०४
७.१ वन, वातावरण जैविक विविधता तथा फोहोरमैला व्यवस्थापन ........ १०४
७.१.१ पृष्ठभूमि ........ १०४
७.१.२ प्रमुख समस्या तथा चुनौति ........ १०५
७.१.३ सम्भावना तथा अवसर ........ १०६
७.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०६

७.१.५ अपेक्षित उपलब्धि ................................................ १०९
७.१.६ अनुमान तथा जोखिम ................................................ १०९
७.२ जलवायु परिवर्तन र विपद् व्यवस्थापन ................................................ ११०
७.२.१ पृष्ठभूमि ................................................ ११०
७.२.२ प्रमुख समस्या तथा चुनौती ................................................ ११०
७.२.३ सम्भावना तथा अवसर ................................................ १११
७.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ................................................ १११
७.२.५ अपेक्षित उपलब्धि ................................................ ११२
७.२.६ अनुमान तथा जोखिम ................................................ ११३
८ परिच्छेद ८ सुशासन तथा संस्थागत विकास ................................................ ११४
८.१ सुशासन तथा सेवा प्रवाह ................................................ ११४
८.१.१ पृष्ठभुमि ................................................ ११४
**८.१.२** प्रमुख समस्या तथा चुनौती ................................................ ११४
८.१.३ सम्भावना तथा अवसर ................................................ ११५
८.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ................................................ ११५
८.१.५ अपेक्षित उपलब्धि ................................................ ११८
८.१.६ अनुमान तथा जोखिम ................................................ ११९
८.२ योजना तथा तथ्याङ्क ................................................ १२०
८.२.१ पृष्ठभुमि ................................................ १२०
८.२.२ प्रमुख समस्या तथा चुनौतिहरु ................................................ १२०
८.२.३ सम्भावना तथा अवसर ................................................ १२१
८.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ................................................ १२१
८.२.५ अपेक्षित उपलब्धि ................................................ १२३
८.२.६ अनुमान तथा जोखिम ................................................ १२३
८.३ अनुगमन तथा मूल्याङ्कन ................................................ १२४
८.३.१ पृष्ठभुमि ................................................ १२४
८.३.२ प्रमुख समस्या तथा चुनौती ................................................ १२४
८.३.३ सम्भावना तथा अवसर ................................................ १२५
८.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ................................................ १२५
८.३.५ अपेक्षित उपलब्धि ................................................ १२७
८.३.६ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ................................................ १२७
८.३.७ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ................................................ १२८
८.३.८ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ................................................ १२८
८.३.९ पृष्ठभूमी ................................................ १३०
८.३.१० आन्तरिक राजस्वको विद्यमान स्थिति ................................................ १३०
८.३.११ आन्तरिक राजस्व परिचालनका सम्भावनाहरु ................................................ १३०
८.४ आन्तरिक राजस्व परिचालनका लागि सम्भावनाका क्षेत्रहरु ................................................ १३१

८.४.१ कर राजस्व ........................................................................................ १३१

८.४.२ गैरकर राजस्व ........................................................................................ १३३

८.५ आन्तरिक राजस्व परिचालनको रणनीति तथा कार्यनीति ........................................ १३५

८.६ आन्तरिक राजस्वको प्रक्षेपण ........................................................................ १३५

अनुसुचि १ कार्यक्रम खाका ........................................................................... १३७

अनुसुचि २ नतिजाखाका ................................................................................ १६५

अनुसुचि ३ ज्ञ् त्तक्म ......................................................................................... १७७

अनुसुचि ४ निर्णय र कार्यक्रमका तस्बिरहरु ........................................................ १८०

# परिच्छेद १ - परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले प्रस्ताव गरेका मौलिक हकहरू उपभोग गर्ने वातावरण निर्माण गर्ने दायित्व नेपालका तिनै तहका सरकारहरूको हो । सामाजिक न्याय र समाजवाद उन्मुखछ सैद्धान्तिक आधारमा राज्यका संयन्त्र, सेवा तथा कार्यक्रमहरू निर्माण गर्न वान्छनिय भएकोले तिनै तहका सरकारहरूले योजनावद्ध गरिरहेका छन् । आर्थिक अधिकारलाई सबै अधिकारहरूको चालकको रुपमा ग्रहण गर्ने अन्तराष्ट्रिय मान्यता रहिआएको छ । सरकारले आर्थिक विकासलाई आमनागरिकको लगानी र उत्पादनको उपभोग तथा वितरणमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गर्नुका साथै वातावरणमैत्री दिगो विकासलाई आधार मानेको छ । योजनाका अन्तर्निहित सार वस्तु स्वरुप दिगो विकास, न्यायपूर्ण र समानतामा आधारित विकासको प्रतिफल वितरण, निजी, सामाजिक सुरक्षा र आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति केन्द्रिय सरकारले लिएको छ । आर्थिक सम्वृद्धिसंगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउने र त्यसका आधारमा विपन्न, गरिब, असाहय, वृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिङ्ग, लोपन्मुख जातजाती आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा वृद्धि गर्ने सोच राखेको छ । राज्यले उद्यमीहरूलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तीय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार क्षेत्र परिचालन गरी सामाजिक रुपान्तरण गर्न खोजको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गर्न सघाउ पुर्याउने गरी एकीकृत विकासको योजना तयार गर्न निर्देशन गरेको छ । आवधिक योजना निर्माण गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन अनुरोध गरेको छ । गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्न, संयूक्त लगानी वा सार्वजनिक, निजी र सहकारी कोषको साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्ने विषयमा प्रेरित गर्दछ । योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका,

दलित युवा, अॅपसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका अन्य सरोकारवालाहरूको अधिकतम सहभागितामा र गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजिकरण र सहयोग गर्न आग्रह गरेको छ । जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशीकरण, सहज र शीघ्र सार्वजनिक कार्य शैलीबाट सुशासन सेवा प्रवाह गरी सुशासन कायम गर्न सम्भव छ । हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरूलाई आफ्ना काम कार्वाहि र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ । हरेक स्थानीय सरकारले सुशासनका तत्वहरूलाई आफ्ना दैनिक काम कार्वाही र योजनामा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको प्रणाली तयार पारी लागु गर्ने गरी थलारा गाउँपालिकाले पहिलो आवधिक योजना निर्माण गरि स्थानीय तहहरूलाई विभिन्न स्थानीय कार्यसुचिहरू प्रदान गरेको छ । संविधानमा उल्लेखित अधिकार क्षेत्रहरूको वाँडफाँड र स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन र स्थानीय तहको योजना तर्जुमा कार्यविधि एवं दिग्दर्शनलाई यस आवधिक योजना भित्र अवलम्वन गर्न खोजिएको छ । पन्ध्रौं पञ्चवर्षिय योजना र सुदुरपश्चिम प्रदेशको पहिलो आवधिक योजनामा प्रस्तुत भएका मार्ग चित्र तथा सुचकहरूलाई यस आवधिक योजनाले पछ्याउनु थलारा गाउँपालिकाको दायित्व हुन आउँछ । संघियताको सारभुत अवधारणाका रुपमा रहेको सन्निकटताको अवधारणा अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारहरूका सुचिहरूले राज्य सेवालाई स्पष्ट गरेको छ । संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नियम, नीति, कार्यक्रम, मापदण्ड, कार्यविधि र योजनाहरूले स्थानीय, प्रदेश, र संघ सरकारहरूको समन्वय, सहकार्य र साझा तथा एकल अधिकारहरूको कार्यान्वयनमा स्पष्ट गरेको छ । संघिय स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने अधिकार तथा कर्तव्यहरूको प्रस्ताव संवैधानिक र कानुनी रुपमा गरेको छ । तीनवटा तहहरूको बीच हुने सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्ने र स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नु रहेको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु ;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्न्नु;
- सहभागितामूलक विधिका माèयमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवद्र्धन गर्नु ;

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

### १.३.१ सन्दर्भ सामग्रीको अध्ययन

आवधिक योजना निर्माण कार्यको प्रारम्भमा स्थानीय सरकार सञ्चानलसँग सम्बन्धित विभिन्न ऐन, कानुन, गत आ.व.को नीति, कार्यक्रम तथा योजना, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो । थलारा गाउँपालिकासँग सम्बन्धित अभिलेख, तथा उपलब्ध लेख रचना वा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी यस गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावित विविध पक्षको समीक्षा गरियो । साथै नेपालको संविधान, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गत ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक योजना निर्माण निर्देशिका, गाउँपालिकाको पाश्र्वचित्र, घरधुरी सर्भेक्षणको प्रतिवेदन तथा अन्य सम्बन्धित स्रोत सामाग्रीहरुको अध्ययन गरियो । यी अध्ययनहरुको आधारमा थलारा गाउँपालिकाले अगिंकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

### १.३.२ अभिमुखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवालामाझ समान बुझाइ कायम गर्न दुई दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी आयोजना गरियो । कार्यशालामा गाउँकार्यपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यालयका कर्मचारी, विषयगत महाशाखा/शाखाका प्रमुख, लक्षित वर्ग सञ्जालका प्रतिनिधि, व्यवसायिक संघ/संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय प्रबुद्ध व्यक्ति, राजनितिक दलका स्थानीय प्रमुख/प्रतिनिधि तथा गैरसरकारी संस्थाका प्रतिनिधि लगायतका गाउँ विकासका सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गरियो । कार्यशालामा आवधिक योजना तर्जुमा ढाँचा, पक्रिया तथा जिम्मेवारी सम्बन्धी स्पष्टता र आवधिक योजना तर्जुमाको कार्ययोजना स्वीकृत गरियो ।

### १.३.३ बहुसरोकारवालाहरु सँग प्रारम्भिक छलफल

तोकिए बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम स्थानीय तहको आयोजना तथा परामर्शदाता संस्थाको प्राविधिक सहयोगमा आवधिक योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी योजना तर्जुमा कार्य औपचारिक रुपमा प्रारम्भ गरियो । प्रारम्भिक चरणमा गाउँपालिकाको सहयोगमा गाउँपालिका स्थित बहुसरोकारवालाहरुसँग आवधिक योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर छलफल गरियो । गाउँपालिकाका सरोकारवाला (निर्वाचित, जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, गैर सरकारी संस्थाहरुका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफल संघिय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुकले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा छलफल भयो । साथै आवधिक योजना निर्माणमा सबै समुदायको सम्मान, समतामुलक तथा समानुपातिक प्रतिनिधित्वका लागि पालिका स्तरीय

समितिहरु गठन गरियो । जस अन्तर्गत गाउँपालिकाका प्रमुखको अध्यक्षतामा मुल निर्देशक समितिको गठन निर्माण गरियो भने विषयगत समितिका अध्यक्षहरुको संयोजकत्वमा विषयगत समितिहरु गठन गरियो । यी समितिहरु गठनको मुख्य उद्देश्य भनेको कार्यशालामा आवधिक योजनाको अवधारणा, उद्देश्य, औचित्य तथा सम्बन्धीत विषयमा अभिमुखीकरण सहित विषय विज्ञ तथा विषयगत महाशाखा तथा शाखा प्रमुखहरुको सहजीकरण र समन्वयमा दीर्घकालिन सोच, गाउँ विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, सम्भावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, गाउँ विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गर्नु रहेको थियो ।

### १.३.४ वडा प्रतिनिधिहरुसँग छलफल

निर्वाचित जनप्रतिनिधिहरुको सहभागितामा सबै वडाका प्रतिनिधिहरुसँग छुट्टा छुट्टै बैठक गरी चेकलिष्टका आधारमा वडाबासीहरुले भोगिरहेको अवस्था, विकासको चाहना र सम्भावनाहरुको बारेमा छलफल गरी सूचनाहरु संकलन गरियो । यसैगरी गाउँपालिकाको सामाजिक तथा प्राकृतिक अवस्थाको वस्तुस्थिती पहिचान गर्न सक्ने केहि प्रतिनिधिहरुको सहभागितामा लक्षित समुहसँग छलफल गरेर गाउँ बासीहरुको भावना र चाहनाहरु प्रतिनिधिमुलक रुपमा सूचना संकलन गरियो ।

### १.३.५ आधार रेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक विकास योजनाको खाका तयार गर्नुपुर्व थलारा गाउँपालिकाको वडाहरुमा गई वडाको वस्तुस्थिति, समस्या, सम्भावना लगायतका विषयमा जानकारी लिने कार्य भएको थियो । साथै आवधिक योजना तर्जुमा कार्यमा सहयोग गर्ने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको गाउँपालिकाको पाश्र्वचित्र, यातायात १० वर्षे गुरुयोजना निर्माणकोको क्रममा रहेको पाईयो । यसपालिकको वस्तुगत विवरणमा भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुनेगरी तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### १.३.६ आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी अभिमुखीकरण कार्यक्रम तथा वडास्तरीय तथा लक्षित समूह परामर्शबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिबद्ध गरी मिति २०८०।२।२० । २१ गते मा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व तथा

विषयगत समितिहरुका संयोजक, गाउँ पालिकाका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाउँ पालिकाको लक्ष्य लक्ष्य, उद्देश्य निर्धारण सहित नतिजा खाकामा तयार गर्ने कार्य सम्पन्न गरियो ।

यस क्रममा सबै विषय क्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको थियो । यस चरणमा विगतका कार्यशालाहरुबाट प्राप्त उपलब्धी तथा सूचनाहरु समेतको सहयोग मार्फत योजना तर्जुमा भएको छ । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ वर्ष आवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरियो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नतिजामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूΰयाङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरियो ।

### १.३.७सूचना र तथ्याङ्क प्रशोधन, व्यवस्थापन, विश्लेषण तथा योजना दस्तावेज तयारी

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । साथै योजनामा योजनाविद् तथा विषय विज्ञहरुको सुझाव लिई योजना तर्जुमा प्राविधिक टोलीद्धारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सबै विषय एवं प्राविधिक पक्षहरुलाई तार्किक र वस्तुनिष्ठ रुपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### १.३.८ योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

माथि उल्लेखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजना सम्बन्धी प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि थलारा गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरियो । प्रमाणीकरण गोष्ठीमा नगरपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पुर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरि थलारा गाउँपालिकाको आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरिएको छ ।

# परिच्छेद २ गाँउ तथा नगरपालिकाको विकासको विद्यमान स्थिति

## २.१ परिचय

### २.१.१ बझाङ्ग जिल्लाको संक्षिप्त परिचय

बझाङ्ग जिल्ला सुदूरपश्चिम प्रदेशमा पर्ने ९ वटा जिल्ला मध्ये सेती अंचलको एउटा उच्च हिमाली जिल्ला हो । समुद्री सतहबाट ३००० फिट देखि २३००० फिट सम्ममा अवस्थित यस जिल्लाको कूल क्षेत्रफल ३४२२ वर्ग कि.मि छ । यस जिल्लाको अवस्थिति २९° २९' देखि ३०° ९' उत्तरी अशांक्ष तथा ८०° ४६' देखि ८१° ३४' पूर्वी देशान्तर सम्म रहेको छ । यस जिल्लाको अधिकांश उत्तरी भूभाग हिमाली क्षेत्र र वनजंगलका कारण मान्छेहरुको वसोवास नगन्य रुपमा छ भने मध्य तथा देक्षिणी भेगमा सिचाई सुविधा भएकाले खेती योग्य जग्गा तथा सेती नदी किनारमा बनेका फाँटहरुका कारण जनघनत्व बढी छ ।

यस जिल्लाको पूर्वमा वाजुरा र हुम्ला, पश्चिममा वैतडी र दार्चुला, उत्तरमा हुम्ला र चिनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा डोटी र अछाम जिल्ला रहेका छन् । राजनैतिक तथा प्रशासनिक विभाजन नेपालको सुदुरपश्चिम प्रदेशको सेती अंचलमा पर्ने बझाङ्ग जिल्लामा संसदिय निर्वाचन क्षेत्र १ प्रदेश निर्वाचन क्षेत्र २ र १२ वटा स्थानीय तह (न.पा. २ र गा.पा. १०) रहेका छन स्थानीय तह, प्रदेश र संघमा समन्वय गर्नका लागि जिल्ला समन्वय समिति रहेको छ

जनसंख्या २०७८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १८९०८५ रहेको छ जसमध्ये महिला १००६१५ (५३।२%) र पुरुषको जनसंख्या ८८४७० (४६।८%) रहेको छ । यस जिल्लामा कूल ३८०४८ घुरधुरी रहेका छन् भने जनघनत्व ५५ जना प्रति वर्ग कि.मि. रहेको यस जिल्लामा जनसंख्या वार्षिक बृद्धिदर -०.३० % रहेको छ ।

### २.१.२जिल्लाको ऐतिहासिक पृष्ठभूमि

यस जिल्लाको नामको बारेमा एउटा प्राचीन किम्बदन्ति छ । प्राचीन कालमा बझाङ्गका राजाले ब्यासी गा.वि.स. अन्तर्गत पर्ने अति अग्लो चट्टानी डाँडामाथि कोट अर्थात् दरवार बनाउनका लागि जग खन्दा एउटा कालो ढुंगा भेटियो । राजाले त्यसलाई खोलामा फालिदिन अह्राए । राजाले भने अनुसार खोलामा फालिएको त्यो ढुंगा भोलिपल्ट फेरि पहिलैकै ठाउँमा आएर बसेको पाइयो । राजाले यो कुरा थाहा पाएपछि उक्त ढुंगा भेटिएको स्थानमा काल भैरवको मन्दिर बनाउन लगाई नियमित पूजा गर्न थाले । केही समयपछि उक्त दरवार भएको ठाउँमा ठूलो चटयांङ्ग वज्र पर्यो तर काल भैरवको प्रतापले राजालाई र दरबारलाई कुनै क्षति नपुगेकोले उक्त

चट्टयाङ्ग परेको ठाउँलाई बज्राङ्ग भनियो । कालान्तरमा यही बज्राङ्ग शब्द अपभ्रंस भई बझाङ्ग भएको हो भन्ने विश्वास गरिन्छ ।

## २.१.३ थलारा गा.पा.को संक्षिप्त परिचय

सुदूरपश्चिम प्रदेशमा पर्ने उच्च हिमाली जिल्ला बझाङ्गका १२ वटा स्थानिय तह मध्ये जिल्लाको दक्षिण भेगमा अवस्थित थलारा गाउँपालिका साविक ५ वटा गा.वि.स.हरु ( दंगाजी, पाराकाट्ने, कोटभैरव, कोईरालाकोट र मालुमेला ) मिलेर बनेको छ । थलारा गा.पा.को पूर्वमा खप्तड छान्ना गाउँपालिका र खप्तड राष्ट्रिय निकुंज पश्चिममा डोटी जिल्ला र केदारस्युँ गा.पा. र उत्तरमा सेती नदी केदारस्युँ, छविश पाथिभरा र दुर्गाथली गा.पा. र दक्षिणमा खप्तड राष्ट्रिय निकुज र डोटी जिल्ला रहेका छन् । यस गाउँपालिको कुल क्षेत्रफल १०५.५१ (१०५५१ हेक्टर) वर्ग किमि रहेको छ । २०७८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकामा कुल घरधुरि ३४१६, कुल जनसंख्या १५९५८ ( ८८५७ महिला र ७१०१ परुषा) रहेको छ । साक्षरताको दर महिला ५९।४९ प्रतिशत र पुरुष ८०।५५ प्रतिशत को औषत साक्षरता ६८।६५ प्रतिशत रहेको छ




।

## २.१.४ जनसांख्यिक अवस्था

यस गाउँपालिकामा कुल जनसंख्या १५९५८ ( ८८५७ महिला र ७१०१ परुषा) रहेको छ । साक्षरताको दर महिला ५९।४९ प्रतिशत र पुरुष ८०।५५ प्रतिशत को औषत साक्षरता ६८।६५ प्रतिशत रहेको छ । वडागत जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिको छ ।

तालिका १ वडागत जनसंख्या विवरण

| वार्ड न | घरधुरी संख्या | जम्मा जनसंख्य | पुरुष | महिला | औसत परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | ३६७ | १६८१ | ७३५ | ९४६ | ४.५८ |
| २ | ४८० | २४४१ | १०६५ | १३७६ | ५.०९ |
| ३ | ४३५ | २००९ | ९१६ | १०९३ | ४.६२ |
| ४ | ४०० | २०४० | ९१२ | ११२८ | ५.१० |
| ५ | ३४२ | १५५८ | ६९४ | ८६४ | ४.५६ |
| ६ | ३०७ | १२६५ | ५५६ | ७०९ | ४.१२ |
| ७ | ३३७ | १५५४ | ६८५ | ८६९ | ४.६१ |
| ८ | ३१८ | १४८२ | ६५७ | ८२५ | ४.६६ |
| ९ | ४३० | १९२८ | ८८१ | १०४७ | ४.४८ |
| जम्मा | ३४१६ | १५९५८ | ७१०१ | ८८५७ | ४.६७ |

श्रोत राष्ट्रिजनगणना २०७८

तालिका २ उमेरको आधारमा थलारा गाउँपालिकाको जनसंख्या

| उमेर समुह बर्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५ भन्दा माथि | १ | ५ | ६ |
| ९० दखि ९४ | ६ | १८ | २४ |
| ८५ देखि ८९ | १३ | २३ | ३६ |
| ८० देखि ८४ | ३५ | ६५ | १०० |
| ७५ देखि ७९ | ९६ | १५३ | २४९ |
| ७० खेखि ७४ | १५३ | २४२ | ३९५ |
| ६५ देखि६९ | १८३ | २५४ | ४३७ |
| ६० दउखि ६४ | २२३ | २८६ | ५०९ |
| ५५ देखि ५९ | २३२ | ३१४ | ५४६ |
| ४९ देखि ५४ | ३१८ | ३८७ | ७०५ |
| ४५ देखि ४९ | २३३ | ४०७ | ६४० |
| ४० देखि ४४ | २८३ | ४९२ | ७७५ |
| ३५ देखि ३९ | ३४५ | ५११ | ८५६ |
| ३० देखि ३४ | ३२३ | ५०५ | ८२८ |
| २५ दर्खि २९ | ३९२ | ५१४ | ९०६ |
| २० देखि २४ | ५१३ | ८४२ | १३५५ |
| १५ देखि १९ | ८४६ | १०३० | १८७६ |
| १० देखि १४ | ११३६ | १११४ | २२५० |
| ५ देखि ९ बर्ष | ८९१ | ९२५ | १८१६ |
| ४ भन्दा कम | ८७९ | ७७० | १६४९ |

श्रोत राष्ट्रिजनगणना २०७८

तालिका ३ आर्थिक कृया कलापमा संलग्न जनसंख्या

| वार्ड न | | दश बर्ष माथिको जनसंख्या | आर्थिक कृया कलापमा संलग्न | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक रूपमा सक्रिय | | | आर्थिक रुपमा निस्कर्य | आर्थिक गतिविधि उल्लेख नगरेका |
| | | | सामान्यतया सक्रिय | | सामान्यतया निस्कृय | | |
| | | | कार्यरत | बेरोजगार | | | |
| १ | जम्मा | १२७७ | ५४९ | १५८ | १४६ | ४२१ | ३ |
| | पुरूष | ५४२ | १८२ | ७४ | ७६ | २१० | ० |
| | महिला | ७३५ | ३६७ | ८४ | ७० | २११ | ३ |
| २ | जम्मा | १७६२ | ८१२ | १५ | ४८८ | ४४६ | १ |
| | पुरूष | ७२५ | २९५ | ८ | २१२ | २०९ | १ |
| | महिला | १०३७ | ५१७ | ७ | २७६ | २३७ | ० |
| ३ | जम्मा | १६०७ | ८७२ | १४ | २२४ | ४९५ | २ |
| | पुरूष | ७०१ | ३६२ | ७ | ११० | २२१ | १ |
| | महिला | ९०६ | ५१० | ७ | ११४ | २७४ | १ |
| ४ | जम्मा | १५२२ | ८१७ | ३१ | ३११ | ३५९ | ४ |
| | पुरूष | ६५२ | ३३३ | १४ | १३३ | १६९ | ३ |
| | महिला | ८७० | ४८४ | १७ | १७८ | १९० | १ |
| ५ | जम्मा | १२३४ | २६८ | १५० | ३२१ | ४९५ | ० |
| | पुरूष | ५२२ | १२९ | ६६ | १२९ | १९८ | ० |
| | महिला | ७१२ | १३९ | ८४ | १९२ | २९७ | ० |
| ६ | जम्मा | १०८४ | ४०३ | १० | २४१ | ४३० | ० |
| | पुरूष | ४६२ | २२० | ५ | ९१ | १४६ | ० |
| | महिला | ६२२ | १८३ | ५ | १५० | २८४ | ० |
| ७ | जम्मा | १२२५ | ४६० | ८९ | ३०६ | ३७० | ० |
| | पुरूष | ५२० | २०१ | ४६ | १०० | १७३ | ० |
| | महिला | ७०५ | २५९ | ४३ | २०६ | १९७ | ० |
| ८ | जम्मा | १२२९ | ९८ | २५५ | ४७६ | ४०० | ० |
| | पुरुष | ५३१ | ५३ | ११७ | १८७ | १७४ | ० |
| | महिला | ६९८ | ४५ | १३८ | २८९ | २२६ | ० |
| ९ | जम्मा | १५५३ | ४६७ | ८५ | २८८ | ७१० | ३ |
| | पुरुष | ६७६ | २३७ | ६४ | १०१ | २७४ | ० |
| | महिला | ८७७ | २३० | २१ | १८७ | ४३६ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **जम्मा** | **१२४९३** | **४७४६** | **८०७** | **२८०१** | **४१२६** | **१३** |
| | **पुरूष** | **५३३१** | **२०१२** | **४०१** | **११३९** | **१७७४** | **५** |
| | **महिला** | **७१६२** | **२७३४** | **४०६** | **१६६२** | **२३५२** | **८** |

## २.२ आर्थिक विकास अवस्था

आर्थिक स्थिति गाउँपालिकाको आर्थिक अवस्था विकासका लागी एक प्रमुख मेरुदण्डका रुपमा लिन सकिन्छ । आर्थिक विकास अन्तर्गत खासगरि कृषि, उद्योग, पर्यटन, रोजगारी लगायतका क्षेत्रहरु पर्दछन । यस पालिकाको पारिवारिक आम्दानी र खर्च विवरण यस क्षेत्रका बासिन्दाहरुले विविध पेशा मार्फत आय आर्जन गरेर जिविकोपार्जन गरेको देख्न सकिन्छ । यस गाउँपालिकामा नोकरी तथा पेन्सन, कृषि तथा पशुपालन, ज्याला, मजदुरी गरेर आम्दानी गर्ने गरेको पाइन्छ । यस सम्वन्धी थप विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ४ आम्दानिको हिसाबले पालिकामा रहेका घरपरिवारहरु विवरण

| क्र.स. | आम्दानीको आकार | प्रतिशत |
|---|---|---|
| १ | रु. १ हजार भन्दा कम | ०.४९% |
| २ | रु. १००१ देखी २००० सम्म | ३.७८% |
| ३ | रु. २००१ देखी ३००० सम्म | ३.०२% |
| ४ | रु ३००१ देखी ५००० सम्म | १५.२७% |
| ५ | रु. ५००१ देखी १०००० सम्म | ३१.२१% |
| ६ | रु १०००० देखी १५००० सम्म | १५.४४% |
| ७ | रु १५००० देखी २५००० सम्म | १८.८०% |
| ८ | रु २५००० भन्दा माथी | ११.९३% |
| | जम्मा | ९९.९४% |

श्रोत थलारा गाउँपालिका पार्श्वचित्र २०७५

### २.२.१कृषि तथा खाद्य सुरक्षा

खाद्य सुरक्षा तथा खाद्य उपलब्धता थलारा गाउँपालिका समग्रमा खाध असुरक्षित देखिन्छ । नेपाल खाध सुरक्षा अनुगमन प्रणालीको सन सन २००८ देखि २०११ सम्मको नतिजालाई विश्लेषण गरी हेर्दा मध्यम स्तरीय खाध असुरक्षित अवस्थामा रहेको दखिन्छ । यसको प्रमुख कारणहरुमा भौगोलिक विकटता, यातायात, संचार, समुदयको वजार संगको पहुँच न्यून हुनु, न्यून खेतीयोग्य जमिन परम्परागत खेती प्रणाली, कृषि प्रचार प्रसारको कमी रोजगारीको अभाव वजार प्रणालीमा विस्तार हुन नसक्नु आदि रहेका छन ।

यस गाउपालिकाका मानिसहरुको मुख्य पेशा कृषि भएतापनि माथि उल्लेखित कारणका आधारमा प्राप्त तथ्यांकलाइ विश्लेषण गर्दा आफनै कृषि उत्पादनले मात्र ६ महिना भन्दा कम खान पुग्ने परिवार ६५.४ प्रतिशत रहेको देखिन्छ यि परिवारहरुले जिविकोपार्जनका लागि ज्याला मजदुरी, नोकरी, व्यापार तथा भारतमा चौकिदारी गरेको देखिन्छ । त्यस्तै ७ देखि १२ महिना सम्म खान पुग्ने परिवार २८.४ प्रतिशत रहेका छन भने ६.२९ प्रतिशत घरधुरिले वर्षैभरि खाएर थोरै मात्रामा वचत हुने गरेको देखिन्छ । प्राप्त तथ्यांक अनुसार ३२ परिवारको घरवास वाहेक जग्गा जमिन नभएको देखिन्छ ।

तालिका ५ आफ्नै उत्पादनवाट खान पुग्ने महिना अनुसार घरधुरी

| | आफ्नै उत्पादनवाट खान पुग्ने महिना अनुसार घरधुरी | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | ३ महिना भन्दा कम | ३ देखी६ महिना | ६ देखी ९ महिना | ९ देखी१२ महिना | १२ महिना पुग्ने र वचत हुने | जम्मा | |
| प्रतिशत | ३५.८ | २९.६ | १७ | ११.४ | ६.२९ | | |

श्रोत थलारा गाउँपालिका पार्श्वचित्र २०७५

कृषि बहुसंख्यक नेपालीहरुको जीविकोपार्जनको मुख्य आधार कृषि व्यवसाय रही आएको छ । बझाङ्ग जिल्ला अन्तरगत पर्ने थलारा गाउँपालिकाको प्रमुख आयस्रोत पनि कृषि नै हो । खेतीपाती व्यावसायिक उद्देश्यले नभई जिविकोपार्जनको लागि गर्ने गरिन्छ । यसर्थ किसानहरु खेतवारीमा उब्जनी भएका सम्पुर्ण चिजहरु आफै उपभोग गर्दछन् । नगन्य रुपमा केहि कृषि उत्पादन विक्रि पनि गर्दछा । यहाँका मुख्य वालीहरुमा धान, गहुँ, मकै, जौ र कोदो हुन । थलारा गाउँपालिकामा लगाइने विभिन्न कृषि वाली तथा फलफुलहरुको विवरण यस प्रकार रहेको छ ।

तालिका ६ स्थानीय कृषि प्रजातीहरु

| सि. | वालीका नाम | प्रजातिको नाम | विशेषता | कैफियत |
|---|---|---|---|---|
| नं. | | | | |
| १ | धान | थापाचिनी | खेतमा रोप्ने | मुख्य रुपमा सेती नदीको किनारका वेशीहरु जडारी गाड, थलारी गाड |
| | | हंसराज/वास्मती | वास्ना आउने, झुस भएको, नभएको उच्च पहाडी भागमा रोप्ने | रेगमगाड, छडेगाड, झपाली गाडका वेंसी भागहरु र पाखे धान विशेषगरी उच्च भागमा उत्पादन हुन्छ । |
| | | मार्सो | सबै ठाउँमा | |
| | | गुडधौलो | | खाजा, चम्च्युडा (चाम्रे) |
| | | कालेधान) अन्जना | चामल मसिनो, भुसपातलो | |

| | | | | |
|---|---|---|---|---|
| | | तागमारो | पाखोमा रोप्ने | |
| | | राँगे (तलारी अंजना) | चामल मोटो, भुस वाक्लो | |
| | | कालो खुतुडी चिउडी धान, | | |
| २ | गहुँ | कालो | मध्य तथा उच्च भाग मध्य तथा उच्च भाग | |
| | | दाउतखानी | उच्च पहाडी भागमा धेरै चिसो सहन सक्ने | |
| | | वड्डि गहुँ हासो, झालो | | |
| ३ | मकै | मुरली, | उच्च तथा मध्य पहाडी भागमा | |
| | | पहेंलो तेमासे सेतो तेमास | | |
| ४ | कोदो | तेमासे डल्ले झाम्रे | तीन महिनामा पाक्ने (असार—भदौं) चार महिनामा पाक्ने (असार—असोज) असार—कार्तिक | |
| ५ | जौं | झुसे ठाँगे | झुस भएको झुस नभएको | |
| ६ | फाँपर | | उच्च पहाडी भागमा | |
| ७ | कागुनो | | मध्यम पहाडी भागमा | |
| ८ | वेथ्या | | उच्च पहाडी भागमा | |
| ९ | डंगसाल्ला | | उच्च र मध्य पहाडी | |
| १ | दलहन — मसुरो, कालो मास,भटमास (सेतो, कालो र खैरो),गहत, देशीमास,गुराउस,कलौं (सानो केराउ) | | | |
| २ | तेलहन— तिरकुलो (सिलाम),तिल,तोरी, चिउरी । | | | |
| ३ | तरकारी — आलु,चोतो, मुला, प्याज, फसी, भन्टा, काउली,वन्दा,रायो, पालुंगो,मेथी,चम्सुर । | | | |
| ४ | फलफुल— स्याउ सुन्तला,अमिलो(निवुवा), कागती, ओखर, आँप, मेवा, अम्बा, आरु, आलु वखरा, अठन्नी । | | | |
| ५ | जंगली फलफूल — ऐंसेलु, चुत्रो, काफल, डिम्मुर आदि । | | | |

श्रोत थलारा गाउँपालिका पार्श्वचित्र २०७५

## २.२.२ पर्यटन तथा सस्कृति

यो पालिका जिल्लाको दक्षिणि भएकमा रहेको पालिका हो भने प्राकृतिकरुपमा पर्यटक आकर्षण गर्न सक्ने यस पालिका भित्र धेरै स्थान रहेका छन जसलाई पर्यटकिय क्षेत्रको रुपमा बिकास गर्न सकिन्छ । यस पालिमा रहेका मुख्य पर्यटकिय स्थलहरु निम्न रहेकन छन ।

तालिका ७ पालिकामा रहेका मुख्य पर्यटकिय स्थलको विवरण

| क.स | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | स्थान | स्थलको महत्व |
|---|---|---|---|---|
| १ | छडिभेल झरना | ७ | कोइरालाकोट /विस्खेत | |
| २ | ठिङमालीका पारीवन | २ | दंगाजी | वर माग्ने डोटी वझाङ्ग |
| ३ | खापर सहस्त्रलीङ्ग वासधारा | ४ | ठिङ्ग | खापर देवताको पजा |
| ४ | खप्तड राष्टिय निकञ्ज | | खप्तड | प्राकतिक सौन्दर्य र जैविक |
| ५ | दहताल खापर मन्दिर | २ | वगाडा | दह वा ताल |
| ६ | देवल भगवती मन्दिर | ३ | देवलवाज | ऐतिहासिह परातात्विक |
| ७ | थलारा कोट, गफा | ५ | कोट | ऐतिहासिक गफा |
| ८ | विंखम्म माडकाटने | ७ | माडकाटने | धार्मिक , ऐतिहासिक |
| ९ | जामकोट | ६ र ८ | भलराजाको कोट | दश्यावलोकन |
| १० | डम्राकोट | ६ | खडका राजाको कोट | परातात्विक |
| ११ | माडआग्रदहकोट | ७ | आगर लेक | धार्मिक , ऐतिहासिक |
| १२ | मालमेला सिवालय | ९ | मालमेला | मन्दिर |
| १३ | माहालिङ्ग मन्दिर | ९ | रावली | धार्मिक |
| १४ | त्रीवेणी डडेमाड | ५,६,८ | डडेमाड | धार्मिक, तिर्थस्थल |
| १५ | खप्तड माईको थान | ७ | खप्तड | देवीको मन्दिर |
| १६ | खापर माड चनकाँडा | ७ | आगरलेक | धार्मिक |
| १७ | दहकोट | ७ | खापरमाड | कोट |
| १८ | महात्मा छडो भल्मा | ४ | भल्मा गोत्राडी | झरना |
| १९ | वजाउने ढंगो महेन्द्रधार | ४ | महेन्द्रधार | |
| २० | रानीखेत गफा | २ | भनाडा | गफा |
| २१ | साप्रो | ९ | चित्र | सिमसार क्षेत्र |
| २२ | ढंगेसाघ (पत्थर साँग | ७ | | सिद्ध वावाको तपस्या गफा |

*श्रोत: थलारा गाउँपलिका पार्श्वचित्र २०७५*

### २.२.३उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा घरेलु उद्योग कार्यालयमा दर्ता भएका उद्योगहरुको संख्या १६३ रहेको छ । लि मध्ये गाउँपालिकामा कृषि तथा पशु फर्म १०५ होटेल व्यवसाय, निर्माण व्यवसाय र अन्य ब्यावशाय ५८ मात्र संचालिमा रहेको देखिन्छन । उद्योग ब्यवशायहरुमा कम्तिमा ३०७ भन्दा ब्यक्तिहरुले रोजगारी प्राप्त गरेका छन

यस हिसावले हेर्ने हो ने भने पालिकामा उद्योग व्यापारले आर्थिक पाटोमा महत्वपूर्ण भुमिका खेल्न नसके पनि केहि योगदान पुर्याएको देखिन्छ । व्यवसायको प्रकृति हेरदा सबै भन्दा बढि किराना पसल व्यवसाय रहेको छ भने उतपादनमुलक लघु तथा घरेलु उद्योगको संख्या ज्यादै रहेको पाईतछ । यस पालिकामा संचालनमा रहेका व्यवसायहरु तपसिल बमोजिमका रहेका छन् ।

- किराना पसल
- सिलाई पसल
- फोटो स्टुडियो

➢ स्टेसनरी

➢ खाजाघर तथा साना होटेल व्यवसाय

➢ औषलि पसल

➢ कस्मेरटक र सेलुन

यहाँ उत्पादित अन्न तरकारी फलफुल दलहन आदि धेरै जसो यहा ने उपभोग गरिन्छ भने नपुग अन्न अण्डा तेल लत्ताकपडा र अन्य देनिक उपभोगका सामानहरु भने आयात गरिन्छन।

## २.२.४ बेदेशिक रोजगारी र वित्तीय सेवा

बैदेशिक रोजगारीको स्थिति यस गाउँपालिकाको रोजगार गन्तव्य क्षेत्र तथा रोजगारी सम्वन्धी विवरण तलको तालिकामा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।यस पालिका बाट रोजगारीको मुख्य गनतव्य भनेको भारत नै देखिन्छ । सामान्य रुपमा हेर्दा यहा सेक घरबाट रोजगारीको लागि बिदेश गएको पाईन्छ ।

बैदेशिक रोजगारीको स्थिति सम्वन्धी विवरण

| वडा न | | बैदेशिक रोजगारीमा गएकाको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घरधुरि | भारत | | | तेस्रो मुलुक | | | |
| | | महिला | पुरुष | जम्मा | घरधुरि | महिला | पुरुष | जम्मा |
| १ | २१२ | १० | २३९ | २४९ | २ | ३ | ३ | ६ |
| २ | ४५० | १४ | ५२८ | ५४२ | ७ | | १० | १० |
| ३ | ३३० | १०२ | ३९८ | ५०० | १५ | १ | १९ | २० |
| ४ | २६९ | ३ | ३०५ | ३०८ | ४ | | ५ | ५ |
| ५ | २०७ | १७८ | ३०५ | ४८३ | ५ | | ५ | ५ |
| ६ | २३७ | ८४ | २५१ | ३३५ | १६ | ४ | १३ | १७ |
| ७ | २८९ | ६२ | ३४६ | ४०८ | ४ | १ | ४ | ५ |
| ८ | १४७ | २९ | १३४ | १६३ | ६ | १ | ५ | ६ |
| ९ | २७९ | २०९ | ४२१ | ६३० | १९ | ३ | २१ | २४ |
| जम्मा | २४२० | ६९१ | २९२७ | ३६१८ | ७८ | १३ | ८५ | ९८ |

### २.२.५ सहकारी

यस थलारा गाउपालिकामा ६ वटा सहकारी संसथाहरु रहका छन । जस मध्ये ३ वटा बचत तथा ऋण सहकारी स्सथा छन भने २ वटा साना किसान सहकारी र १ वटा उपभोक्ता सहका। संसथा रहेका छन । जसको विवरण यस प्रकार छ ।

थलारा गाउँपालिमा रहेका सहकारी संस्थाका विवरण

| क.स | वडा न | सहकारीको सस्थाको नाम | स्थापना | सदस्य संख्या |
|---|---|---|---|---|
| १ | ५, ६ | कोटभैरव साना किसान कृषि सहकारी सस्था | २०७२ | ३५० |
| २ | ३ | थलारा साना किसान सहकारी सस्था | २०७२ | १३२ |
| ३ | ७,८ | भवानी वचत तथा ऋण सहकारी संस्था | २०६३ | १०४ |
| ४ | ७,८ | खप्तड उपभोक्ता सहकारी संस्था | २०६५ | ८६ |
| ५ | ९ | अपि साईपाल वचत तथा ऋण सहकारी संस्था | २०६३ | ६५२ |
| ६ | ९ | उरै भञ्याङ वचत तथा ऋण सहकारी संस्था | २०६९ | ४५० |

श्रोत: थलारा गाउँपालिकाको पाश्र्व चित्र, २०७५

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ शैक्षिक विकास

शिक्षा कुनै पनि गाउँ समाज देश वा क्षेत्रको विकासको प्रमुख आधारशिला हो । शिक्षाको माध्यम वाट व्यक्तिमा अन्ततनिहित प्रतिभा तथा क्षमताको प्रस्फुटन हुन गई समग्र समाज र राष्टमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । सचेत अनुशासित एवं उत्पादनशिल जनशक्तिले नै कुनै पनि विकास प्रयासले अपेक्षित गति प्रदान गर्दछ । समाज उपयोगी जनशक्ति निर्माणमा शिक्षा क्षेत्रको सर्वोपरी भुमिका रहन्छ । यसै कुरालाई मध्यनजर गरी नेपालमा गुरुकुल शिक्षा पद्धती हुदै शिक्षाको विकास र विस्तार गर्ने प्रयासहरु भएको पाईन्छ । योजनावद्ध ढंगले विकास प्रयास थालिए यता शैक्षिक कार्यक्रमहरु लाई पनि समयानुकूल परिवर्तन र योजनावद्ध तवरले विस्तार गर्ने प्रयास हुँदै आएको छ । शिक्षा आर्जन गर्न पाउनु सम्पुर्ण नागरिकहरुको नैसर्गिक अधिकार हो । यस गाउँपालिकामा अझै पनि समाजका सवै वालवालिका एवं नागरिकहरुले सर्वशुलभ एवं गुणस्तरीय शिक्षाको अवसर प्राप्त गर्न सकिरहेको पाईदैन । यसका पछाडी यहाँको भौगोलिक सामाजिक लैंगिक आर्थिक जातीय आदि सवालहरु जिम्मेवार रहेका छन । पिछडीएका वर्ग, जातजाती, महिला, वालवालिका, विपन्न एवं सामाजिक मुलप्रवाह वाट अलग रहेका वर्गलाई समेत शिक्षाका अवसरहरु पुर्याउन नसक्नु चुनौतिका थप विषयहरु रहेका छन्

पालिकाका वडागत रुपमा रहेको साक्षरता दर

| वार्ड न | लिङ्ग | पाँच बर्ष माथिको जनसंख्या | पढ्न र लेख्न सक्ने | पढन् मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | पढन र लेख्ने क्षमता नखुलेका | साक्षरता दर प्रतिसत |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा | १४८७ | ९८१ | २ | ५०४ | ० | ६५.९७ |
| | पुरुष | ६३६ | ४८८ | ० | १४८ | ० | ७६.७३ |
| | महिला | ८५१ | ४९३ | २ | ३५६ | ० | ५७.९३ |
| २ | जम्मा | २०९३ | १२३५ | ५८ | ८०० | ० | ५९.०१ |
| | पुरुष | ८९४ | ६२१ | २० | २५३ | ० | ६९.४६ |
| | महिला | ११९९ | ६१४ | ३८ | ५४७ | ० | ५१.२१ |
| ३ | जम्मा | १८२४ | १३४४ | २७ | ४५३ | ० | ७३.६८ |
| | पुरुष | ८१६ | ७०७ | ३ | १०६ | ० | ८६.६४ |
| | महिला | १००८ | ६३७ | २४ | ३४७ | ० | ६३.१९ |
| ४ | जम्मा | १७७५ | ११७६ | १२ | ५८४ | ३ | ६६.२५ |
| | पुरुष | ७७६ | ६०६ | ५ | १६४ | १ | ७८.०९ |
| | महिला | ९९९ | ५७० | ७ | ४२० | २ | ५७.०६ |
| ५ | जम्मा | १४२२ | ९९६ | १ | ४२५ | ० | ७०.०४ |
| | पुरुष | ६२० | ४९७ | ० | १२३ | ० | ८०.१६ |
| | महिला | ८०२ | ४९९ | १ | ३०२ | ० | ६२.२२ |
| ६ | जम्मा | ११६९ | ८२० | १५ | ३३४ | ० | ७०.१५ |
| | पुरुष | ५०६ | ४५६ | ७ | ४३ | ० | ९०.१२ |
| | महिला | ६६३ | ३६४ | ८ | २९१ | ० | ५४.९० |
| ७ | जम्मा | १४०६ | १०२७ | १३ | ३६५ | १ | ७३.०४ |
| | पुरुष | ६०५ | ५०४ | ५ | ९६ | ० | ८३.३१ |
| | महिला | ८०१ | ५२३ | ८ | २६९ | १ | ६५.२९ |
| ८ | जम्मा | १३८४ | १००९ | ११ | ३६४ | ० | ७२.९० |
| | पुरुष | ५९७ | ४८७ | २ | १०८ | ० | ८१.५७ |
| | महिला | ७८७ | ५२२ | ९ | २५६ | ० | ६६.३३ |
| ९ | जम्मा | १७४९ | १२३५ | ४ | ५०९ | १ | ७०.६१ |
| | पुरुष | ७७२ | ६४६ | ४ | १२२ | ० | ८३.६८ |
| | महिला | ९७७ | ५८९ | ० | ३८७ | १ | ६०.२९ |
| **जम्मा** | जम्मा | १४३०९ | ९८२३ | १४३ | ४३३८ | ५ | ६८.६५ |
| | पुरुष | ६२२२ | ५०१२ | ४६ | ११६३ | १ | ८०.५५ |
| | महिला | ८०८७ | ४८११ | ९७ | ३१७५ | ४ | ५९.४९ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

पालिकामा रहेका बिद्यालयको विवरण

| क.स | बिबरण | संख्या |
|---|---|---|
| १ | बाल कक्षा सहित १ देखि १२ सम्मका मा.बि | ४ |
| २ | बाल कक्षा सहित १ देखि १० सम्मका मा.बि | ४ |
| ३ | बाल कक्षा सहित १ देखि ८ सम्मका आ.बि | ८ |
| ४ | बाल कक्षा सहित १ देखि ५ सम्मका आ.बि | १७ |
| ५ | बाल कक्षा सहित १ देखि ३ सम्मका आ.बि | ८ |
| | जम्मा सामुदायिक बिधालयहरु | ४१ |
| ६ | प्रबिधिक शिक्षा संचालित बिधालय | १ |
| ७ | सामुदायिक अध्यन केन्द्र संचालित बिधालय | ४ |
| ८ | बिशेष शिक्षा संचालन बिधालय | ह |
| ९ | खुला तथा बैकल्पिक शिक्षा संचालित बिधालय | ह |
| १० | समुदायमा संचालित बालकक्षा | ४ |
| ११ | स्नातक तह संचालित क्याम्पस | १ |
| १२ | निजि⁄संस्थागत बिधाालय | ह |

श्रोत: शिक्षा योजना २०७६ थलारा गाउँपालिका

| क.स | विद्यालयको नाम |
|---|---|
| १ | भवानी मावि माणुकाट्ने |
| २ | थलारा मावि खोली |
| ३ | शान्ति मावि पाराकाट्ने |
| ४ | शारदा मावि दंगाजी |
| ५ | चक्रेश्वर मावि मालुमेला |
| ६ | पूर्णचन्द्रोदय मावि कुलाकट्ने |
| ७ | त्रीभुव मावि महेन्द्रधर |
| ८ | लक्ष्मी मावि मोतिपुर |
| ९ | भवानी आ.वि फकाली |
| १० | भगवती आ.वि गोठीगाउँ |
| ११ | शैलेश्वरी आ.वि देवस्थली |
| १२ | दुग्ढेश्वर आ.वि गुगै |
| १३ | दुर्गाभवानी आ.वि सर्तोला |

| | |
|---|---|
| १४ | कालिका आ.वि दिपिल |
| १५ | खापरदेव आ.वि बगाडा |
| १६ | करविर आ.वि कफलकांडा |
| १७ | मस्टा आ.वि आमबगर |
| १८ | कालिका आ.वि अफला |
| १९ | खप्तड आ.वि अदुकाली |
| २० | खापर आ.वि घोडादाउना |
| २१ | मस्टा आ.वि डण्डाउली |
| २२ | कालिका आ.वि विस्खेत |
| २३ | त्रीभुवन आ.वि पिखेत |
| २४ | नवरत्न आ.वि कुच |
| २५ | भगवती आ.वि देबलबाँज |
| २६ | धौलदेउ आ.वि गडिगाउँ |
| २७ | भूवनेश्वरी आ.वि ठिङ |
| २८ | ऐश्वर्य आ.वि मोयल |
| २९ | जनता आ.वि तेडीमाडु |
| ३० | कालिका भैरव आवि रेगम |
| ३१ | कालिका आ.वि पिपलकोट |
| ३२ | कालिका आ.वि खानी |
| ३३ | प्रगतिशील आ.वि सिरेटा |
| ३४ | जनप्रिय आ.वि खानीडाँडा |
| ३५ | सरस्वती आ.वि डिखला |
| ३६ | नवादेव आ.वि जामबाज |
| ३७ | देबदुर्गा आ.वि दुवाली |
| ३८ | डाँडाबाग आ.वि पण्डितगाउँ |
| ३९ | ढुलै आ.वि रिठागाउँ |
| ४० | तेठी आ.वि चित्रु |
| ४१ | महालिंग आ.वि रावली |

श्रोत: शिक्षा योजना २०७६ थलारा गाउँपालिका

*बाल शिक्षा संचालनमा रहेका बिद्यालयहरुको विवरण*

| क्र सं | विद्यालयको नाम |
|---|---|
| १ | लक्ष्मी नि.मा.वि.मोतिपुर |
| २ | जनप्रिय प्रा.वि. वगाडा दंगाजी |
| ३ | शारदा उ. मा. वि दंगाजी |
| ४ | कालिका प्रा.वि. विस्खेत |
| ५ | खप्तड प्रा.वि. अदुकाली |
| ६ | खापर प्रा.वि. घोडादाउना |
| ७ | शैलेश्वरी नि.मा.वि देवस्थली |
| ८ | थलारा उ. मा. वि. खोली |
| ९ | दुर्गा भवानी नि.मा.वि.सर्तोल |
| १० | त्रिभुवन प्रा.वि. पिखेत |
| ११ | देवदुर्गा प्रा.वि. दुवाली |
| १२ | चक्रेश्वर नि. मा. वि. मालुमेला |
| १३ | कालिका प्रा.वि. अफला |
| १४ | मष्टा प्रा.वि. आमवगर |
| १५ | महालिंग प्रा. वि. रावली |
| १६ | तेडी प्रा. वि. चित्रु |
| १७ | नवरत्न प्रा.वि. कूच |
| १८ | कालिका नि.मा.वि. दिपिल |
| १९ | नवादेव प्रा.वि. जामवाज |
| २० | सरस्वती प्रा. वि. डिक्ला |

*श्रोत : थलारा गाउँपालिकाको पार्श्वचित्र २०७५*

५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या




*श्रोत: राष्ट्रिय जनगणना २०७८*

## २.३.२स्वास्थ्य तथा पोषण

स्वास्थ्य मानव जीवनको सर्वोपरी महत्व राख्दछ । कुनै पनि देशको विकासको स्थितिको एक महत्वपुर्ण सुचकको रुपमा जनस्वास्थ्यको स्थिति रहने गरेको पाईन्छ । रोगी एवं दुर्वल जनतावाट विकासको अपेक्षित प्रतिफल प्राप्त गर्न सकिदैन । लोककल्याणकारी राज्यको अवधारणा अनुरुप जनताले स्वास्थ्य सेवा प्राप्त गर्न पाउनु र राज्यले सो को व्यवस्था मिलाउने मानव अधिकारको एक पक्ष भएको पाईन्छ । नेपालका स्वास्थ्य सेवा लाई मौलिक हकका रुपमा स्विकार गरिसकेको अवस्था छ ।

यस गाउँपालिकामा स्वस्थ्य चौकीको सुविधा रहेको छ । यसका अतिरिक्त जिल्ला अस्पताल, र अधिकांस मानिस सेती अञ्चल अस्पताल, अतरिया अस्पताल साथै छिमेकि देश भारतमा गएर उपचार सेवा लिने गरेको पाईन्छ । आधुनिक स्वास्थ्य उपचारका अतिरिक्त परम्परागत तथा आयुर्वेदिक उपचार पद्धतिको पनि अनुसरण यस क्षेत्रका वासिन्दाहरुले गर्ने गरेका छन ।

नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय यस सम्वन्धि विवरण देहाय बमोजिम रहेको छ ।




| स्वास्थ्य सेवामा पुग्न लाग्ने समय अनुसार घरधुरी संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उपस्वास्थ्य चौकी/स्वास्थ्य चोकीमा पुग्न लाग्ने समय | | | | | | | | | |
| वडा नम्वर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| ३० मिनेट भन्दा कम | | ✓ | ✓ | | ✓ | | ✓ | | |
| ३० देखि १ घण्टा सम्म | ✓ | | | ✓ | | ✓ | | ✓ | ✓ |

*श्रोत : थलारा गाउँपालिकाको पार्श्वचित्र २०७५*

## २.३.३ खानेपानी तथा सरसफाइ

खानेपानीको श्रोत थलारा गाँउपालिकामा राम्रै देखिएको छ । गाउँपालिकाको ७६.४ प्रतिसत परिवारले पाईपको खानेपानी प्राप्त गरेका छन । त्यसै गरी अन्य खानेपानीको श्रोतहरुमा ईनार/कुवा (ढाकिएको) ०.३ प्रतिसत , मूलको पानी २१.७ प्रतिसत , ईनार/कु वा (नढाकिएको) १ प्रतिसत , खोला वा नदि ०.५० प्रतिसत र अन्य श्रोत ०.०१ प्रतिसत रहेको छ ।

बडागतरुपमा बिभिन्न श्रोतबाट खाने पानि उपभोग गर्ने जनसंख्या विवरण

| | | पानीको श्रोत |
|---|---|---|

| वार्ड | जम्मा | पाईप धारा घरको परिसर भित्र | पाईप धारा घरको परिसर बाहिर | ढाकिएको कुवा | नढाकिएको कुवा | मुलको पानि | नदि तथा खोला | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३६७ | २९ | २०६ | १ | ७ | १२२ | २ | ० |
| २ | ४८० | १०९ | २९५ | ५ | १ | ७० | ० | ० |
| ३ | ४३५ | ९४ | ३२३ | १ | ३ | १३ | ० | १ |
| ४ | ४०० | १० | १ | ० | २ | ३७५ | ११ | १ |
| ५ | ३४२ | ११७ | १०४ | २ | ० | ११९ | ० | ० |
| ६ | ३०७ | २१५ | ७४ | ० | ० | १६ | १ | १ |
| ७ | ३३७ | ८० | २१७ | ० | १८ | २१ | ० | १ |
| ८ | ३१८ | ५९ | २५९ | ० | ० | ० | ० | ० |
| ९ | ४३० | ७२ | ३४६ | १ | ३ | ६ | २ | ० |
| जम्मा | ३४१६ | ७८५ | १८२५ | १० | ३४ | ७४२ | १६ | ४ |
| प्रतिसत | | २३.०% | ५३.४% | ०.३% | १.०% | २१.७% | ०.५% | ०.१% |

*श्रोत : राष्ट्रिय जागणना २०७८*

**शौचालय उपभोग गर्ने घरधुरी प्रतिसत**

जनगणना २०७८ को तथ्याक अनुशार यस पालिकामा शौचालय प्रयोगक अवस्था चित्र न मा प्रस्तुत गरिएको छ जस अनुशारज ९० प्रतिसत घरधुरीले पक्कि शौचालय प्रयोग गरेको देखिन्छ . तेसै गरि २ प्रिसत घरधुरीमा शौचालय नभएको देखिन्छ भने ०.४ प्रतिसतले सार्वजनिक शौचलय प्रयोग गर्दछन ।




*श्रोत : राष्ट्रिय जागणना २०७८*

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको सन्दर्भमा सामाजिक बञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षदेखि जातजाति, जनजाति, लिङ्ग, उमेर तथा धर्मका आधआरमा विभेद गरिएका कारण पछाडी परेका वा पारिएका समुहहरुको अवस्थालाई चित्रण गर्दछ । सामजिक वञ्चितीकरणमा परेका समुहहरुमा महिला, दलित, आदिवासी, जनजाती १५ वर्मुनिका बालबालिका तथा ६० वर्ष माथिका जेष्ठ नागरीक, अपास्ता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसेका जनतालाई सामाजिक रुपमा मुल केन्द्रमा समाबेस नगर्ने परिबेसले सम्पूर्ण समाजको दीगो विकास लाई सम्बोधन गर्न सक्दैन । त्यसकारण लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको आवस्यकता पहिचान भएको हो। त्यसैले बहुसँस्कृतिक भुगोल रहेको थलारा पालिकामा प्रत्येक समुदाय, जातजातीको समानुपातिक सन्तुलन र न्यायसंगत प्रगति भएमा मात्र पालिकामा दिगो विकास, शान्ति र समृद्ध पालिकाको रुपमा रुपान्तरण हुन सक्छ । ।

यस पालिकामा पहाडी जातजाती १०० प्रतिशत नै रहेको देखिन्छ भने महिला ५५.५ प्रतिशतको हाराहारीमा वालवालीका (१५ बर्ष मुनिका) ३६ प्रतिशतको हाराहारिमा र जेष्ठनागरीक (६० बर्ष माथिका), ११ प्रतिशत जनसंख्या रहेको छ ।यसै गरि यस पालिकामा अपांगता भएका ब्यक्तिहरुको जनसंख्य २.५ प्रतिसत रहेको छ । पालिकामा सबै पक्षहरुलाई समग्र रुपमा समाबेस गरी आर्थीक, सामाजिक, भौतिक, वातावरणीय, संस्थागत विकासमा समावेशीकरण गर्दा सबै पक्षको आवस्यकता र उद्देश्यलाई सम्बोधन हुन्छ ।

तबमात्र पालिका समग्र समृद्धिको बाटो तर्फ अगाड बढ्दछ । अनिमात्र जातिय क्षेत्रिय, लैगिक भेदभाव मुक्त समातामुलक, न्यायपूर्ण र समृद्ध समाजको निर्माण ग।न सकिन्छ ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस पालिका भित्र रहेको जमिन मध्ये खेति योग् जमिन ३०.५ प्रतससत मात्र देखिन्छ भने वनले ढाकेको क्षेत्र झण्डै ५० प्रतिसतको हाराहारीमा रहेक छ ।

पालिका भित्र रहेको जग्गाको किसिमको विवरण

| जग्गा को किसिम | क्षेत्रफल हेक्टरमा | प्रतिसत |
|---|---|---|
| बुट्याना झाडीले ढाकेको क्षेत्रफल | १५३१.२६ | १४.६% |
| खेतीयोग्य भूमि | ३२०५ | ३०.५% |
| वनले ढाकेको क्षेत्रफल | ५२०६.१ | ४९.५% |
| चरण क्षेत्र | ३४७.५३ | ३.३% |
| नदी खोलाले ओगटेको भूमि | ७६.८१ | ०.७% |
| ढुंगा र वलौटे भूमि | १४६.०७ | १.४% |
| जम्मा | १०५१२.८ | १००.०% |

श्रोत: थलारा गाउँपालिकाको पाश्र्व चित्र, २०७५

### २.४.२ सडक, पुल तथा यातायात

**सडक संजाल**

सडक संजालको विद्यमान अवस्था वझाङ्ग जिल्लामा सदरमुकाम जोडने खोडपे चैनपुर सडक निर्माण पछि नै सडक संजालमा जोडिएको छ । हाल विभिन्न गाउँपालिका जोडने ग्रामिण कृषि सडक तथा दिपायल चैनपुर ताक्लाकोट सडक जस्तो रणनीतिक सडकहरु निर्माणाधिन छन् । यसका साथै यस गाउँपालिका भित्र एक गाउँ देखि अर्को गाउँ जोडने साना सडकहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

तालिका नं. सडक सम्वन्धि विवरण्

| सडकको नाम | सडकको किसिम | अनुमानित लम्वाई कि मि | सडकका औषत चौडाई मि | सडकले सेवा पुग्न सक्ने वडा तथा वस्तीहरु |
|---|---|---|---|---|
| दिपायल चैनपुर | कच्ची | २५ | ४ | साविकका ५ वटै गाविस |

| | | | | |
|---|---|---|---|---|
| (दंगाजी वाट जडार) | | | | |
| उत्गढी देखि पडेस | कच्ची | ३ | ४ | मोराईल मोईल ठिङ |
| कुच वाट महेन्द्रधार | कच्ची | ५ | ४ | कुच वायल दिपिल डिक्ला |
| पातीहाल्ला देखि शारदा माबि | कच्ची | ३ | ४ | वगाडा र थापागाउ |
| झनाना हुदै सेरालागाउँ देखि देवस्थली | कच्ची | ६ | ४ | पिखेत सेरालागाउँ, भाटगाउ, गुगै र देवस्थली |

### २.४.३ झोलुङ्गे पुलहरु

तालिका नं. पालिमा रहेका झोलुङ्गे पुलको विवरण

| सि.नं. | पुलको नाम | लम्बाई (मिटर) | जोडने स्थान÷गा.वि.स. | नदी वा खोलाको नाम |
|---|---|---|---|---|
| १ | लिस्ताडा वगर | १२७ | मालुमेला—मटेला | सेती |
| २ | मालुमेला | ७९ | मालुमेला—मटेला | सेती |
| ३ | जडारी गाड | २७ | मालुमेला—लुयाँटा | जडारी गाड |
| ४ | सिमारवगर | ८२ | पाराकाटने—रायल | सेती |
| ५ | देउरा रेगम | १०५.४ | दंगाजी—रायल | सेती |
| ६ | रेगमगाड | ११२ | दंगाजी—दंगाजी | रेगमगाड |
| ७ | कोलवगर | १२३ | पाराकाटने—भैरवनाथ | सेती |
| ८ | चुनापानी (कुच—पिखेत) | ६५.५ | पाराकाटने—कोटभैरव | थलारीगाड |
| ९ | थलाराकोट—सडिल | ५५ | कोटभैरव—कोटभैरव | थलारीगाड |
| १० | पौडी | ८६ | पाराकाटने—भैरवनाथ | सेती |
| ११ | पिखेत—झनाना | १४६ | थलारा—दुर्गाथली | सेती |
| १२ | झ्याँवगर | | थलारा—छबिस पाथिभारा वगडगाउँ) | सेती |
| १३ | मोयल | | थलारा—केदास्युँ (झल्ला) | सेती |
| १४ | मोरायल | | थलारा—केदारस्युँ (पोथाडा) | सेती |
| १५ | मोयल (उत्गडी) | | थलारा केदारस्युँ (गर्जेपानी) | सेती |

| | | | | |
|---|---|---|---|---|
| १६ | रानीगाड | | थलारा—थलारा | रानीगाड दंगाजी |

श्रोत: थलारा गाउँपालिकाको पाश्र्व चित्र, २०७५

### २.४.४विद्युत् तथा वैकल्पिक ऊर्जा

थलारा गाँउपालिका पूर्णतया ग्रामीण क्षेत्र रहेकोले खाना पकाउनको लागि ९६.७५ प्रतिसत घरधुरीले परम्परागत रुपमा काठ/दाउरा नै प्रयोग गने गर्दछन । त्यस्तै २.९३ प्रतिसत घरधुरीले एल पि जि ग्यास , ०.२० प्रतिसत घरधुरीले बायो ग्यास, ०.०९ प्रतिसत घर घरधुरीले मट्टितेल प्रयोग गरेको देखिन्छ । गाउँपालिकामा स्वच्छ उर्जा प्रयोगको अवस्था यस गाउँपालिकामा अत्यन्त न्युन मात्र छ । यस गाउँपालिकामा हालसम्म खाना पकाउन बिजुलिको प्रयोग गरेको देखिदैन ।

| **खाना पकाउन प्रयोग हुने इन्धनको प्रकार अनुसार घरपरिवारको संख्या,** | | | | | | |
|---|---|---|---|---|---|---|
| **वार्ड** | **जम्मा घरधुरी** | **काठ दाउरा** | **एल पि ग्यास** | **बायो ग्यास** | **मट्टितेल** | **अन्य** |
| १ | ३६७ | ३६० | ६ | १ | ० | ० |
| २ | ४८० | ४६७ | ११ | ० | १ | १ |
| ३ | ४३५ | ४३० | ५ | ० | ० | ० |
| ४ | ४०० | ३९७ | १ | २ | ० | ० |
| ५ | ३४२ | ३१२ | २९ | ० | १ | ० |
| ६ | ३०७ | २७६ | ३१ | ० | ० | ० |
| ७ | ३३७ | ३३२ | १ | ३ | १ | ० |
| ८ | ३१८ | ३११ | ६ | १ | ० | ० |
| ९ | ४३० | ४२० | १० | ० | ० | ० |
| जम्मा | ३४१६ | ३३०५ | १०० | ७ | ३ | १ |
| प्रतिसत | | ९६.७५% | २.९३% | ०.२०% | ०.०९% | ०.०३% |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८

यसै गरि थलारा गाँउपालिकामा बत्ति बाल्नको लागि ४५ प्रतिसत घरधुरीले बिजुली प्रयोग गने गर्दछन । त्यस्तै ४४ प्रतिसत घरधुरीले सोलार , १० प्रतिसत घरधुरीले अन्य , १ प्रतिसत घर घरधुरीले मट्टितेल प्रयोग गरेको देखिन्छ ।

**बत्ति बाल्न प्रयोग हुने इन्धनको प्रकार अनुसार घरपरिवारको प्रतिसत,**




श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८

## २.४.५ सुचना तथा सञ्चार

यस गाउँपालिकामा सञ्चार माध्यमका रुपमा विद्युतिय तथा छापा दुवैको उपयोग हुन सकेको छैन । मोवाइल एक मात्र सञ्चार माध्यमका रुपमा यस क्षेत्रमा प्रयोग भएको छ । अझैपनि सवै वस्तीहरुमा गुणस्तरीय मोवाइल सेवाको पहुँच पुग्न सकेको छैन । इन्टरनेट जस्ता आधुनिक सञ्चार माध्यमको उपयोग मोवाइलका माध्यमवाट गर्ने प्रवृति वढ्दै गइरहेको छ ।

रेडियो क्यासेट, टेलीभिजन, मोवाइल फोन, यस गाउँपालिकामा सञ्चार सुविधाका लागी उपयोग हुने गरेको देखिन्छ । मोवाइलको पहुँच दिन प्रति दिन वढदै गएकोले सञ्चार माध्यमको प्रमुख स्रोत र साधनका रुपमा लिइएको छ ।

संचार सुबिधा तथा साधनको उपयोग गर्ने घरधुरी विवरण

| संचार साधनको उपयोग अनुसार घरधुरी संख्या | | | | |
|---|---|---|---|---|
| वडा न | रेडियो क्यासेट | टेलिभिजन | मोवाइल फोन | कम्प्युटर |
| १ | १९२ | ३ | ३४४ | १ |
| २ | ५५ | २ | ४८३ | १ |
| ३ | २०९ | ८ | ४४५ | ११ |
| ४ | १५४ | १ | ३९३ | १ |
| ५ | १४६ | १२ | ३०५ | २ |

| | | | | |
|---|---|---|---|---|
| ६ | १७२ | ३४ | ३४४ | २० |
| ७ | १८२ | ३१ | ३४७ | ५ |
| ८ | १७६ | २४ | ३२४ | १ |
| ९ | ३१३ | ४ | ४२३ | २ |
| जम्मा | १५९९ | ११९ | ३४०८ | ४४ |

*श्रोत थलारा गाउँ पालिका पार्श्वचित्र २०७५*

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

यस गाउँपालिकामा जिल्लाको कूल वन क्षेत्र ३३१५८० हेक्टर मध्ये  झण्डै ७५४८ हेक्टर अर्थात २.१८ प्रतिशत वन रहेको देखिन्छ । यो वन क्षेत्र सरकारी वन, सामुदायिक वन र निजी वनको रुपमा व्यवस्थापन भएको देखिन्छ । यसमध्ये सामुदायिक वन ३३ वटा साकुदायिक वनले १७३८.८ हेक्टर क्षेत्रफल ओगटेको छ भने ११ वटा कबुलियति वनले  १४१.८९ हेक्टरमा क्षेत्रफल ओगटेको छ ।

यस गाउँपालिकामा बढ्दै गइरहेको वस्ती विकासबाट कृषि भूमिमा परेको चाप, वन विनाश, वन अतिकर्मण, यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोगका कारण हरितगृह ग्याँसहरुको अत्यधिक उत्सर्जनबाट हालका वर्षहरुमा जलवायु परिवर्तनमा तीब्रता आएकोछ । वैज्ञानिक अध्ययन तथा जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी मञ्च को प्रतिवेदनबाट जलवायु परिवर्तनमा व्यापकता आएको पुष्टि भएर कार्बनको उत्सर्जन घटाउनका लागि वन विनाश तथा वनको गुणस्तरमा आउने ह्रास रोकी वृक्षारोपण जस्ता कार्यक्रम विकासोन्मुख देशमा सञ्चालन गर्न विश्व बैङ्कले वन कार्बन सहकार्य सुविधा को व्यवस्था गरेको छ । जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरु जिल्ला स्थित विभिन्न सामुदायिक वन उपभोक्तासमूहहरुको कार्य योजनामा जलवायु परिवर्तन, त्यसको अनुकलन र नकारात्मक असरहरुको न्यूनीकरणको बारेमा समेटदै स्थानीय  वन उपभोक्ता समूहहरुलाई सतेतना कार्यक्रमहरु सञ्चालन गर्दै आएकोछ ।

यस गाउँपालिकाको उच्च पहाडीक्षेत्रमा विशेष गरेर चिलाउने, उतिस, कटुस, बाँझ, बोटधँगेरो, जामुन, मुख्य प्रजातिका वनस्पति रहेकाछन् । यस क्षेत्रमा अधिकांश पाटेसल्ला खोटेसल्लाका वनहरु वृक्षारोपणबाट हुर्किएका छन । तल्लो नदी तटीय क्षेत्रमा उपोष्ण वन पाइन्छ । नदीको किनारा तल्लो तटीय क्षेत्रमा साल, सिसौ, खयर, सिमल, टुनी, खोटेसल्ला, पातले सल्ला, उत्तिस, चिलाउने आदि प्रजातिहरु पर्दछन् । यस वाहेक  मुसली, खोटेसल्ला, चुत्रो, पाखनवेद, र रिठ्ठा आदि समेत पाइन्छन ।

### २.५.२ विपद् जोखिम :

यस गाउँपालिकाले भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी, चटयाङ, खडेरी, हिमपात, सडक दुर्घटना आदि जस्ता विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम न्यूनीकरण स्थानीय नीति ।।।।। तयार गर्दै विपद् जोखिम प्रतिकार्य योजना तयार गरिएको छ ।

यस क्षेत्रमा सेति नदिर  साना पहाडी खोलाहरु छन यी खोलाहरुको कारण र पर्याप्त अध्ययन बिना नै निर्माण भएका पुर्वाधारका योजना निर्माणमा भएको लापरवाही, माटोको  उचित ब्यबस्थापन  नहुदा पनि पहिरोहरु बढन गएको देखिन्छ । यस गा.पा मा ठुला साना पहिरोहरु बिभिन्न वडामा रहेका छन र सेति नदिले यसको किनार तिर कटान गरि क्षेति पुर्याएको देखिन्छ  छन ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, गाउँसभा, न्यायिक समिति र वडा समितिहरु आफनो जिम्मेवारी अनुसार कृयाशिल रहेका छन । हाल गाउँ कार्यपालिकामा ।४७ जना निर्वाचित प्रतिनिधि रहनुका साथै गाउँसभामा जना जनप्रतिनिधि रहेकाछन । योजना तर्जुमा सम्बद्ध समितिहरु गठन भई कृयाशिल रहेकाछन । पालिका स्तरीय अनुगमन समिति तथा राजश्व परामर्श समिति कृयाशिल रहेका छन । यस गाउँपालिकामा हाल सम्म विधायन समिति समेत कृयाशिल रहेका छन । निर्वाचित प्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत एवं लेखापाल तथा वडा कार्यालयहरुमा वडा प्रतिनिधि, वडा सचिव तथा कार्यालय सहयोगीबाट प्रदान हुने सेवा प्रदान गर्ने काम नियमित भईरहेको छ । भएकोछ ।  जम्मा स्थायी कर्मचारी दरबन्दी संख्या गा.पा. तर्फ (.............) र वडातर्फ (........) गरी जम्मा .... रहेको छ । संगठन तथा मानव संसाधन तालिकाअनुसार रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक र अप्राविधिक समेत गरी कुल २२ जना कर्मचारीहरू रहेका छन् । गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन LISA मा कूल अंकभार ४८।२५ (२०७८।७९) प्राप्त गरेको छ ।

यस गाउँपालिकाले हाल सम्म कुल ३६ वटा ऐन, निर्देशिका, कार्यविधि मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरेको छ । यसैगरी स्थानीय सन्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तिय कारोवार संचालन भएको, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण आदि कार्यमा स्पटवेयरको प्रयोग गरिदैं आएकोछ । गाउँपालिका तथा वडा कार्यालयहरुमा नागरिक वडा पत्र प्रकाशित भएकाछन । स्थानीय भौतिक पूर्वाधारका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरेकोछ । साथै सार्वजनीक परिक्षण सहभागितामूलक र प्रभावकारि हुन सकिरहेको  छैन र सार्वजनिक सुनुवाई गर्ने गरिएको छ । हाल गाउँपालिकाबाट नागरिकलाई कृषि सेवा पशु सेवा, स्वास्थ्य सेवा, शिक्षा सेवा प्रदान भइरहेको छ ।

गाउँपालिकाको भवन १ वटा, वडा कार्यालय भवन ९ वटा, विद्यालय ४१ वटा  मुदायिक वन ५ वटा छन् ।

# ३ परिच्छेद  ३ सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

चालु पन्ध्रौं पञ्चवर्षिय योजनाले गरेको परिकल्पनाको लक्ष्यलाई तीन चरणमा विभाजन गरेको छ । जस अनुसार प्रथम  चरणमा  उच्च आर्थिक  वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रमा योजना निर्माण गरी फराकिलो आधार पाँच वर्षभित्रमा तयार गर्ने रहेको छ । दोस्रो चरणमा आर्थिक प्रगति र विकासको उपलब्धिहरुलाई न्यायपूर्ण वितरण गर्ने र सुख तथा समृद्धिको अनुभूती नागरिकमा  गराउने रहेको छ । तेस्रो चरणमा आर्थिक वृद्धि र विकासका सूचकहरुलाई दिगो, आत्मनिर्भर, स्वतन्त्र र सार्वभौम रुपमा धानिन सक्ने बनाउने लक्ष्य रहेको छ । त्यसै गरि दिगो विकास लक्ष्यहरु अन्तर्गतका छ वटा विकास सूचकहरुलाई आर्थिक विकास क्षेत्रको सूचकहरुका रुपमा राखिएको छ । आर्थिक क्षेत्रका छ वटा नतिजा लक्ष्य क्षेत्रहरु क्रमशः गरिबी, मानव विकास, आर्थिक  वृद्धि, व्यापार सञ्चिती, रोजगार, पर्यटन र कृषि तथा पशुपन्छीपालन रहेका छन् । यसै गरि सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षिय योजनाले राखेको सोच “आत्मनिर्भरता, उन्मुख समृध्द सुदूरपश्चिम” अनुशार योजनाबद्ध रुपमा हरित आर्थिक बिकास पद्धतिको अवलम्वन, कृषिको आधुनिकरण तथा ब्यावशायिकरण, वन सम्पदाको प्रवर्ध्दन र समुचित प्रयोग,गुणस्तरिय भौतिक र सामाजिक पुर्वाधार  निर्माण र बिकास,बृहतरसतरमा जलबिद्युत उत्पादन,पर्यटन पुर्वाधार बिकास  र औद्योगिकरणमा जोड दिएर रोजगारीका अवसर श्रजना गरि गरिविको अन्तय गर्न सकिन्छ भन्ने मान्यतामा रहि थलारा  गाउँपालिकाको आवधिक योजना निर्माणामा आर्थिक बिकास,पूर्वाधार, कृषि, पर्यटन, खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा, खानेपानीका तथा सरसफाईका प्रमुख सूचकहरुलाई गाउँपालिकाले आवश्यकताका आधारमा चयन गरेको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

गाउँपालिकाको समग्र विकास सम्बन्धी विकास योजनाको मुख्यआधार भनेको जनस्तरबाट महसुस गरिएका विकासको विभिन्न क्षेत्रहरुमा देखिएका सवल पक्षहरु जसले योजना कार्यन्वयनमा खेल्ने भुमिका तथा यसमा देखिएका कमजोरीहरुलाई न्युनिकरण गर्न, समस्याहरुलाई समग्र विश्लेषण गरेर पालिकाको निम्ती गर्न सकिने संभावनाहरुलाई नियोजित सम्बोधन गर्नु हो । यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, वुद्धिजीवीहरु तथा सरोकारवालहरुबाट प्रस्तुत भएका समग्र समस्या तथा चुनौतीहरुलाई देहायका उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

क) समस्याहरु

- स्थानिय श्रोत र साधनको पहिचान तथा सदुपयोग हुन नसक्दा आन्तरिक आम्दानी कम भएको ।
- परम्परागत कृषि प्रणाली ।
- उद्यमशिलताको कमि तथा स्थानिय बजार ब्यवस्थापनको अभाव ।

- दक्ष जनशक्तिको अभाव ।
- भौगोलिक बिकटता कमजोर धरातल ।
- शैक्षिक गुणस्तर नहुनु।
- बजेटको अभाव ।
- एक आपसमा मेलमिलाप नहनु ।
- बिद्युत र सडक यतायातको समस्या ।
- खानेपानीको समस्या।
- बेरोजगारीको समस्या रोजगारीको लागि भारत पलाएन हुने ।
- बैंक तथा बित्तिय सुस्थाहरुको न्युन उपस्थिति।
- फोन तथा ईन्टरने सेवा नभएको ।
- पर्यटकहरुको लागि बसोबासको ब्यवस्था नभएको ।
- खेति योग्य जमिन बाजो रहने समस्या ।
- सडक संजालले पालिकाका दुर्गम बस्तिहरु नजोडेको भएका सडक पनि बर्षातको समयमा संचालनमा नआउनु ।
- शिक्षामा पुर्वाधारको र शिक्षक दरवन्दिका अभाव ।
- सिचाईको अभाव ।
- बाल बिबाह ।
- जनचेतनाको अभाव
- खाद्यन्न उतपादनमा कमि
- वित्तिय पहुचमा कमि ।
- लघु घरेलु तथा साना उद्योग स्थापना हुन नसक्नु
- स्वास्थ्य सेवाको अभाव ।

ख) चुनौतीहरु

- बाढि, पहिरो, भूकम्प जस्ता प्राकृतिक विपत्तिहरु सँग जुध्न चुनौती रहेको छ ।
- अव्यवस्थित रुपमा छरिएर रहेको वस्ती विकासमा चुनौती रहेको छ ।
- खप्तड राष्ट्रिय निकुन्ज भित्रका जंगली जनावर बाट मानिस तथा खेतीबाली सुरक्षाको चुनौती रहेको छ ।
- जंगलमा बेमौसममा लाग्ने आगलागीबाट चुनौती रहेको छ ।
- विद्यालयहरु भएता पनि सबै अभिभावकहरुको ध्यान समान रुपले आकर्षण गर्नु चुनौती रहेको छ

- लैङ्गीक सामाजिक तथा बेरोजगारीको समस्याले गर्दा पालिका बासीको प्रतिव्यक्ति आय बढाउन चुनौती रहेको छ ।

- **सबल पक्ष**
- आफ्नो क्षेत्राधिकारको विषयमा नीति, कानून, योजना, मापदण्ड आदि वनाउने अधिकार गाउँपालिकामा रहेको,
- पालिकाको वस्तुगत विबरण तयार भएको ।
- आवधिक योजना तयार हुने क्रममा रहेको ।
- संघीय सडक र प्रदेशले सडक यातायात लगायतका पूर्वाधारमा लगानी गर्दै गर्नु
- राष्ट्रिय विद्युत प्रशारणलाइनबाट विद्युत सेवा उपलब्ध भइरहेको ।
- गाउँपालिकामा इन्टरनेट सुविधा पहुंच हुनु
- केहि सेवाहरुमा विद्युतीय सेवा (यलष्लिभ कभचखष्अभक) लागु हुनु
- लेखाप्रणाली क्gत्ब् सँग आबद्ध रहनु
- गैर सरकारी संस्था  र विकास साझेदारको सहकार्य रहिरहनु
- कुल भूभागको ४५% भन्दा बढी कृषियोग्य भूमी हुनु
- उच्च मूल्य बालीको लागि अनुकुलता रहनु,
- जडिबुटी तथा विभिन्न काष्ठजन्य स्रोत सहितको वन क्षेत्र, केन्द्रिय यातायात, विद्युत, संचार आदिको संजालसंग जोडिएको हुनुछ।

- **कमजोर पक्ष**
- राजस्व सुधार योजनामा भए अनुसार राजस्व असुलीमा गर्न नसकिनु
- संगठन संरचनानुसार कर्मचारी दरबन्दी सबै परिपूर्ति गर्न नसकिनु
- गाउँपालिकाका आफ्ना बाहेक अन्य निकायहरुबाट संचालित सवै आयोजनाहरु  योजना प्रकृयामा नसमेटिनु
- कमजोर नेटवर्कका कारण इन्टरनेट सेवा प्रभावकारी नहुनु
- गाउँपालिकामा गठन भएका सबै समितिहरु सकृय हुन नसक्नु
- बिद्युत सेवाको वहु उपयोग (उद्योग, व्यवसाय र खाना पकाउन आदि) नहुनु
- विदेशबाट फर्किएका सीपयुक्त जनशक्तिको उपयोग गर्न नसकनु
- सुशासनका सबै औजारको प्रभावकारी कार्यान्वन हुन नसक्नु
- टुक्रे योजनाको बाहुल्यता रहनु,
- प्राबिधिक जनशक्तिको आवश्यकता अनुसार ब्यबस्था गर्न नसकिनु
- कार्य प्रकृति अनुसार जनशक्तिको क्षमता विकास गर्न नसकिनु,
- आवश्यकता अनुसार नीति, कानून र मापदण्डहरु बनी नसक्नु

**अवसर**

- पालिका भित्र रहेका पर्यटन सम्पदाहरुलाई संरक्षण र निर्माण गरि धेरे भन्दा धेरै पर्यटक भित्र्याई पालिकालाई आर्थिक रुपमा सम्पन्न बनाउन सकिने ।अन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउन सकिने
- कृषि उत्पादन बढाई रोजगारी श्रजना सकिने ।
- फलफुल तथा तरकारि मा अत्म निर्भर भई जिल्ला बाहिर समेत पठाउन सकिने ।
- स्थानिय कच्चा पदार्थका आधारित उद्योग स्थापना गरि रोजगारी श्रजना गर्न सकिने ।
- तरकारी उतपादन बढाउन सकिने ।
- रिटठामा आधरित घरेलु उद्योग सथापना गर्न सकिने ।
- भटमास स्शोधन गरि बिभिन्न उत्पादन बनाउन सकिने ।
- वन जन्य उतपादन जस्तै अल्लो भांगो बाट रोजगारी श्रजना गर्न सकिने ।
- बेसार खुर्सानी प्रशोधन गरि बेयावशाय संचालन गर्न सकिने
- होम स्टे संचालन गर्न सकिने ।
- सास्कृतिक तथा धार्मिक पर्यटन प्रवर्धन गरि पर्यटक भित्र्याउन सकिने ।
- जडीबुटी संकलन तथा प्रसोधनबाट अर्थिक लाभ लिन सकिने ।
- स्थानिय आलु जिल्ला बाहिर निर्यात गरि पालिकामा अर्थ भित्र्याउन सकिने सथै आलुमा आधारित लघु तथा घरेलु सथापना गर्न सकिने ।
- यस पालिकामा प्रसस्त उत्पादन हुने कोदो प्रशोधन तथा प्याकिङ् गरि बिक्रि बितरण गर्न सकिने
- नेपालि कागत उद्योग स्थापना गरि रोजगारी श्रजना गर्न सकिने ।
- बाजो जमिनमा सामुहिक खेति गर्न सकिने ।
- वन क्षेत्र धेरै भएकोले बाख्रापालन गरि मासु जिल्ला बाहिर निर्यात गर्न सकिने ।
- निगालो प्रसस्त पाईने हुनाले निंगालोमा आधारित लघु तथा घरेलु स्थापना गरि रोजगारी श्रजना गर्न सकिने।
- ३५ वटा सामुदायिक वन रहनु, जडिबूटिको खेति तथा काठ उत्पादनको लागि उपयुक्त माटो र वातावरण रहनु

- **भय**
- जमिनको चक्लाबन्दी गर्नु
- कृषि क्षेत्रको व्यवसायीकरण गर्नु
- कृषि उत्पादनलाई मूल्यश्रृङ्खलामा आवद्ध गर्नु,
- प्राङ्गारिक कृषि, रैथाने बालीको संरक्षण, उच्च मूल्य बाली र जडिबुटीजन्य उत्पादन र बजारिकरण

- पर्यटन तथा औद्योगिक पूर्वाधारको निर्माण गर्नु
- निर्माण भएका सडकहरुलाई मर्मत संभार र स्तरोन्नति गरी सर्वयाम सडकमा रुपान्तरण गर्नु
- युवामा रोजगार मूलक सीप विकास गरी रोजगारी श्रृजना गर्नु
- स्थानीय स्रोत, साधन र सीपमा आधारित उद्योगको विकास र विस्तार गर्नु
- मापदण्ड अनुसार स्वास्थ्य पूर्बाधार र दक्ष स्वास्थ्य जनशक्तिको व्यवस्था गर्नु,
- अन्तरतह र अन्तर निकाय समन्वय गर्नु,
- वित्तीय संस्थाबाट गरिने लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालित गराउनु,
- वाताबरणीय सन्तुलन, जलवायू परिवर्तन अनुकुलनता अभिवृद्धि र विपद जोखिम व्यवस्थापन गर्नु,
- प्राविधिक जनशक्तिको विकास गर्नु

## ३.३ प्रमुख सम्भावना र अवसर

यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, बुद्धिजीवीहरु तथा सरोकारवालहरुबाट प्रस्तुत भएका समग्र सम्भावना तथा अवसरहरुलाई देहायका उपशिर्षकमा  प्रस्तुत गरिएको छ ।

पर्यटन बिकास

- खप्तड राष्ट्रिय निकुन्ज जाने बाटो भएकोले पर्यटन बिकास को प्रसस्त सम्भावना रहेको ।
- अन्य पर्यटकिय स्थलहरु
- छोटिमालिका
- देवल भग्वती
- कोट गुफा
- छडिभेल
- थलारा सेरो हंशराज धान उतपादन हुने स्थान
- खापर मन्दिर
- संख ढुङ्गा
- डाडाबाग मन्दिर
- जाकोट गुफा
- त्रीवेणी धाम
- पैदल मार्ग
- होम स्टे बिकास को स्भावना

**आर्थिक बिकास**

- वार्ड नं २ र ३ मा प्रसस्त  अल्लो उत्पादन हुने भएकोले अल्लोमा आधारि उधोग स्थापना  गर्न सकिने
- वार्ड नं २ ३ ४ ५ ७ र ८ स्याउ उत्पादन गर्न सकिने
- १ २ ३ ४ ५ ७ र ८ आलु उत्पादन गर्न सकिने

- स्थानिय सिप र क्षेमताको बिकास गरेर रोजगारी श्रजना सकिने
- ३५ वटा सामुदायिक बन हरु रहेकोले जडीबुटी प्रशोधनको सम्भावना रहेको
- ओखर, सुन्तला उत्पादन, तरकारी खेतिका लागि पकेट क्षेत्र निर्माण
- खानि उतखननको समभावना ( स्लेट )।
- पशुपालन बाख्रा पालन र कैदो तथा जौ उत्पादनको सम्भावना।
- नेपालि कागज उत्पादन, सिस्नु धुलो , केतुकी प्रशोधन, भटमास प्रशोधन
- निगालो
- अलैचि खेति, मसला खेतिको प्रसस्त संभवाना रहेको
- चिउरीमा आधरित उधमको सम्भावना /रहेको
- बिद्युत उत्पादनको सम्भावना

## ३.४ निर्देशक सिद्धान्तहरु

यस थलारा गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजनामा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न निम्न अनुसार निर्देशक सिद्धान्तहरु निर्धारण गरिएको छ ।

दिगो विकासको सिद्धान्तः

यस आवधिक योजनाले लक्षित उपलब्धीहरुलाई आर्थिक सामाजिक, तथा वातावरणीय रुपमा सन्तुलित राख्दै स्थानिय श्रोत र साधनहरुको आत्मनिर्भरतामा आधारित विकास कार्यक्रमहरुलाई दिगोपना प्रदान गर्ने तर्फ जोड दिईएको छ ।

उद्यमशिलता तथा व्यवसायिक कृषिजन्य उद्योग स्थापनाको सिद्धान्तः

पालिकाको वर्तमान मौलिक प्रविधिमा आधारित उत्पादन स्थितिलाई प्रतिस्पर्धात्मक बजार प्रणालीमा जोड्न स्थानीय कृषक र समुदायलाई उद्यमशिलता विकास तालिमले कृषिमा आधारित उद्यमशिलता विकास तर्फ यस आवधिक योजनाले जोड दिएको छ ।

भौतिक पूर्वाधार तथा वातावरणीय सन्तुलीत विकासको सिद्धान्तः

यस आवधिक योजनाले सडक यातायात, मोटेरेबल पुल, खानेपानी, विद्युत, संचार लगायतका भौतिक पूर्वाधार विकास सम्बन्धि उपलब्धीहरुलाई यहाँको खप्तड क्षेत्र तथा यहाँका प्राकृतिक सम्पदाहरुलाई नकारात्मक असर नपुर्‍याउने गरि एक आपसमा पुरक निकायका रुपमा अगाडी बढाउन जोड दिइएको छ ।

स्थानिय श्रोतको समुचित व्यवस्थापन सिद्धान्तः

पालिका विकासलाई दिगो र आत्मनिर्भरतामा आधारित बनाउन यहाँका स्थानीय श्रोत साधनहरुको पहिचान, धार्मिक÷साँस्कृतिक पर्यटन विकास, त्यसका समस्या, कारण तथा समाधानका उपायलाई

सम्बोधन गर्न प्रयास गरिएको छ । अझ विशेष गरि यस गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्दै नतिजामुखि विकासका लागि आयमुखि र व्यवसायिक बनाउन समुचित व्यवस्थापनको सिद्धान्त अगाडि सारिएको छ ।

रोजगार प्रवद्र्धन तथा कृषि पशुपालन विकासको सिद्धान्तः

पालिका आर्थिक विकासको मुख्य आधारको रुपमा रहेको खेती, जडिबुटि, पर्यटन, कृषि तथा पशुपालन क्षेत्रलाई सशक्त तथा रोजगारमूलक बनाउन मानविय श्रोत विकास, प्रचार प्रसार तथा व्यवसायिक विकासका माèयमबाट अगाडि बढाउने सिद्धान्तलाई अगिंकार गरिएको छ ।

साझेदारी तथा सहभागितात्मक विकासको सिद्धान्त

विकासको विभिन्न तह र कार्यक्रमहरु संचालन गर्न स्थानीय तह, प्रदेश तथा संघिय सरकार, विभिन्न गैरसरकारी संस्थाहरु, सहकारी, निजी अंग, विकास साझेदारहरु सँग समन्वय तथा संजाल स्थापना गरी योजनाबद्ध रुपमा अगाडी बढ्ने सिद्धान्तलाई जोड दिएको छ । स्थानिय सरकारको रुपमा रहेको थलारा गाउँपालिकाको स्वीकृति पश्चात मात्र विकास योजनाहरु संचालन गर्न प्रोत्साहन गरिएको छ ।

मानव संसाधन तथा संस्थागत विकासको सिद्धान्त

पालिका विकासका लागि विविध क्षेत्रहरुमा दक्ष मानविय संसाधन तथा सशक्त संस्थागत क्षमता आवश्यक पर्दछ । यसका लागि उपलब्ध मानवीय श्रोतलाई पुँजी निर्माण पद्धती निर्माण गरी प्रभावकारी तथा क्षमतावान बनाउने सिद्धान्तलाई अगाडि सारिएको छ । पालिकामा कृयाशिल
सरकारी गैरसरकारी क्षेत्र लगायत सहकारी र निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिएको छ ।

लैङ्गीक तथा सामाजिक विकासको सिद्धान्त

पालिका विकासका सबै क्षेत्रहरुमा हुने कार्यक्रम तथा आयोजनामा महिला, दलित, आदिबासी, जनजाति तथा विपन्न वर्गको मानिसहरुको समावेसी सहभागितालाई यस आवधिक योजनाले प्रोत्साहन गर्नेछ । सेवा र सुविधाबाट पछाडी परेका वर्ग तथा समुदायको सहभागिता भूमिका तथा क्षमताको अभिवृद्धि गरि समाजिक न्यायमा आधारिक सम विकास गर्न लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक तथा संस्थागत क्षमता सशक्तिकरण गर्ने सिद्धान्तलाई जोड दिइएको छ ।

सुशासन पारदर्शि तथा जनकेन्द्रित विकासको सिद्धान्तः

पालिकाका हरेक तहमा गरिने क्रियाकलापहरुलाई चुस्त, दुरुस्त पारदर्शि तथा जनमुखि रुपमा योजना दस्तावेजमा उöलेखित कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानिय समुदायको भूमिका, अधिकार,
सहभागिता एवम् पूर्ण जवाफदेहिता लाई आधार मान्ने सिद्धान्तलाई यस आवधिक योजनाले अभिन्न अंगको रुपमा आत्मसात गरेको छ । यसका लागि तथ्याङ्क प्रणाली अद्यावधिक गरि विकास योजना कार्यान्यवयन सँगै अनुगमन तथा मूöयाङ्कनलाई सशक्त रुपमा लगिनेछ ।

गैरसरकारी, सामुदायिक तथा निजी संस्थाहरुको क्षमता सशक्तिकरण तथा मूलप्रवाहीकरणको सिद्धान्तः

यस पालिका विकास गतिविधिमा सरोकार राख्ने स्थानीय सामुदायिक, गैरसरकारी, सहकारी तथा निजी संस्थाहरुलाई सक्रियता र मुलप्रवाहिकरणका लागि तिनिहरुको क्षमता अभिवृद्धि, साझेदारी तथा समावेशीकरणलाई अगाडि बढाउन क्षमता विस्तारका कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

यस आवधिक योजनालाई पालिका विकासमा मार्ग निर्देशकका रुपमा अगाडि बढाउनका लागि यसको दिर्घकालिन सोच परिकल्पना, लक्ष्य निर्धारण गरिएको छ : ।

### ३.५.१ गाउँपालिकाको दीर्घकालीन सोच

***"कृषि र पर्यटन उधोग आर्थिक बिकासको सान समृद्ध थलाराको पहिचान"***

### ३.५.२ लक्ष्य

आवधिक विकास योजनाले थलारा गाउँपालिकाको समग्र लक्ष्य " **आर्थिक र पर्यटन विकास स्वच्छ वातावण सभ्य आत्म निर्भर समाज सहितको समुन्नत थलाराको विकास गर्ने ।"** रहेको छ ।

### ३.५.३ उद्देश्य

- थलारा गाउँपालिकाको रोजगारी र आयमा बृद्धि गरी जीवनस्तर सुधार गर्नु
- शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको समतामूलक विकास गर्नु
- गुणस्तरीय भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,
- वन वातावरण, जैविक विविधता को संरक्षण र प्रबर्द्धनका साथै जलवायू परिवर्तन अनुकूलन र विपद व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपमा गर्नु,
- सस्थागत सुदृढीकरण गर्दै सुशासनको प्रत्याभूत गर्नु

## ३.६ परिमाणात्मक लक्ष्य

योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य तालिका १ मा दिईएको छ ।

| क्र.सं. | सुचक | एकाई | आधार वर्ष २०७९/८० | लक्ष्य (पंच बर्षे) २०८४/०८५ |
|---|---|---|---|---|
| | | | थलारा गाउँपालिका | थलारा गाउँपालिका |
| क) | समष्टिगत गन्तव्य तथा सूचक | | | |
| १ | मानव विकास सुचकाङ्क | सुचकाङ्क | ०.५८३ | ०.६ |

| | | | | |
|---|---|---|---|---|
| २ | औसत आयु | वर्ष | ७० | ७४ |
| ३ | साक्षरता दर | प्रतिशत | ६८.६ | ७२ |
| ४ | निरपेक्ष गरिबीको रेखामुनीको जनसङ्ख्या | प्रतिशत | २४.६ | १८ |
| ख) | विषय क्षेत्रगत गन्तव्य र सूचक | | | |
| १ | दुध उत्पादन | मे.टन | ३५।६ | ५० |
| २ | दुग्ध चिस्यान/संकलन केन्द्र | संख्या | | ५ |
| ३ | क्रियाशील ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | जना | | ११ |
| ४ | व्यवसायिक पशुपलानमा संलग्न परिवार | संख्या | | ० |
| ५ | व्यवसायिक कुखुरालानमा संलग्न परिवार | संख्या | | २७ |
| ६ | पशु नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | | ० |
| ७ | कृषि उपज संकलन तथा भण्डारण केन्द्र स्थापना | संख्या | | ९ |
| ८ | लघु कोल्ड स्टोर | संख्या | | १ |
| ९ | कृषि निति | संख्या | | १ |
| १० | पाकेट क्षेत्र निर्धारण | संख्या | | ५ |
| ११ | पशुपन्छी बिमा गर्ने कृकको संख्या | संख्या | | ३७५ |
| १२ | तरकारी उत्पादन बृद्धी | प्रतिशत | | ४० |
| १३ | प्रांगारिक मल उत्पादन गर्ने कृषक | संख्या | | १८० |
| १४ | चिउरि प्रशोधन केन्द्र | संख्या | | २ |
| १५ | ब्यावशायिक पशु फर्म | संख्या | | २७ |
| १६ | १ वर्ष सम्म खान पुग्ने परिवार संख्या | | ११।४ | १५ |
| १७ | पर्यटक आगमन आन्तरिक तथा बाह्य | संख्या | | २१५० |
| १८ | लघु तथा साना उद्योग | संख्या | १६३ | ६६३ |
| १९ | लघु तथा साना उद्योग रोजगारिको संख्या | जना | ३०७ | ८०७ |
| २० | इन्टरनेट प्रयोगकर्ता जनसङ्ख्या | प्रतिशत | | ७५ |
| २१ | विद्यालय (सामुदायिक र संस्थागत) | संख्या | ४१ | ४१ |
| २२ | बिद्यार्थी उपस्थिती | प्रतिसत | ७६.६ | ८० |
| २३ | शिक्षक उपस्थिती | प्रतिसत | ८६ | ९५ |
| २४ | औषत सिकाइ उपलब्धी | प्रतिसत | ५१ | ६० |
| २५ | महिला शिक्षिका | प्रतिसत | २३।८ | ३० |
| २६ | बाल मैत्री कक्षा कोठा भएका बिद्यालय | संख्या | ३२ | ४१ |
| २७ | जमिनमा महिलाको स्वामित्व हुनेपरिवार | प्रतिशत | ६ | २५ |

| | | | | |
|---|---|---|---|---|
| २८ | प्रोटोकोल अनुसार ( ४ पटक)को संस्थागत गर्भ जांच | प्रतिशत | ४१ | ६० |
| २९ | परिवार नियोजनका साधन प्रयोग | | २१ | ५० |
| २० | पूर्ण खोप कभरेज | प्रतिशत | ७८. | ९० |
| ३१ | पाईप बाट खानेपानी नपुगेको घरधुरी | प्रतिशत | ७६।४ | ९५ |
| ३२ | प्रसोधित पनि वितरण | प्रतिशत | ० | ५० |
| ३३ | सौचालय भएको घरधुरी | प्रतिशत | ९० | १०० |
| ३४ | बाणिज्य वैक | संख्या | १ | २ |
| ३५ | सहकारी संस्था | संख्या | २० | २३ |
| ३६ | विद्युत उपयोग | प्रतिशत | ४५ | ७५ |
| ३७ | सोलार जडान गर्ने परिवार | प्रतिशत | ४४ | २५ |
| ३८ | सिञ्चित क्षेत्रफल | हेक्टर | ३१९ | ५०० |
| ३९ | सडक निर्माण लम्बाई (पक्की।ग्राभेल।धुले) | कि.मी. | | |

## ३.७ रणनीति तथा प्राथमिकता

### ३.७.१ रणनीतिहरु

- गरिबी न्युनिकरणका लागि लक्षित वर्ग केन्द्रित आयमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुका
- साथै महिला र विपन्नको सहभागितालाई प्रोत्साहन गर्ने ।
- विकास निर्माण कार्यमा गुणस्तर र प्रभावकारिताको लागि जनसहभागिताको अधिकतम परिचालन गर्ने ।
- स्थानीय श्रोत साधनको परिचालन गरि स्थानीय उपभोक्ता तथा साझेदारी अवधारण मार्फत विकास कार्य संचालन गर्ने ।
- उपभोक्ता समिति मार्फत संचालन हुने कार्यक्रमहरुको हकमा उपभोक्तहरुको क्षमता विस्तार पश्चात मात्र सम्भाव्य योजनाहरु संचालन गर्ने गराउने ।
- पालिकाको समग्र आय वृद्धिको लागि पर्यटकीय क्षेत्रको आम्दानी मजबुत बनाउदै दिगो श्रोतको व्यवस्थापन गर्ने साथै कृषि र वनमा आधारित साना लघु तथा साना उद्यमको विस्तार गर्दै जाने ।
- गाउँपालिकामा बाह्य सहयोगमा संचालन गरिने विकास कार्यहरुमा दोहोरोपना आउन नदिन गाउँपालिकामा सम्पर्क पश्चात पालिकाले तोकेको क्षेत्रमा मात्र संचालन गर्न दिने ।
- रोजगार प्रवद्र्धन गर्न आयमूलक तथा सिपमूलक कार्यक्रमहरु संचालन गर्ने ।
- कृषि बाली तथा जडिबुटिलाई व्यवसायिकरण गरि उद्यमशिलता विकासमा जोड दिने ।
- कृषक समुह तथा सहकारी मार्फत उन्नत तथा दिगो कृषि प्रणाली स्थापित गर्ने ।
- नदीनाला, खोल्सी खोलामा खेर गइरहेको पानिको प्रयोगमा सम्भाव्यता अध्ययन गराई खानेपानी सिँचाई तथा जलविद्युत उत्पादनमा जोड दिने ।

- विकास निर्माण कार्यमा तथ्याङ्कीय प्रणालीको विकास गर्दै पारदर्शिता, अनुगनमन तथा मूӳयाङ्न प्रकृया प्रभावकारी बनाउने ।
- पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी आवश्यक पूर्वाधार वृद्धि गर्दै जाने ।

### ३.७.२ प्राथमिकता

आवधिक विकास योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहायअनुसारका प्रमुख प्राथमिकता क्षेत्र निर्धारण गरिएकोछः

- मौलिक र वैज्ञानिक ज्ञानमा आधारित मानव संशाधन तथा प्रविधिको विकास र परिचालन,
- कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यावसायीकरण, विविधिकरण, औद्योगिकीकरण र बजारीकरण,
- उत्पादनशील, उत्थानशील र दिगो पूर्वाधारको विकास तथा विस्तार,
- मौलिक ज्ञान, नवप्रवर्तन, उद्यमशीलता विकास र रोजगारी प्रवद्र्धन,
- कृषि, ग्रामीण, हरित तथा दिगो पर्यटकीय अवसरको सृजना र विकास,
- व्यवस्थित भू—उपयोग, जनशक्ति र जलशक्तिको समोचित विकास र परिचालन,
- व्यवसायिक, जीवनपयोगी र गुणस्तरीय शिक्षा तथा गुणस्तरीय स्वास्थ्य तथा सरसफाई सेवा,
- समावेशीकरण, सामाजिक न्याय, सुशासन तथा जवाफदेहिता प्रवद्र्धन
- जल, जमीन र जंगलको संरक्षण, वातावरणीय सन्तुलन, जलवायु तथा विपद् उत्थानशिलता २.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

## ३.८ वित्तीय व्यवस्थापन

### ३.८.१ सार्वजनिक स्रोत परिचालनको आधार

थलारा गाउँपालिकाको आवधिक योजनाको दीर्घकालिन सोच अनुसारको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकिकरण गरी सोको लागि आवश्यक स्रोतहरुको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरुको आँकलन र नयाँ स्रोतहरुको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

क) वित्तिय हस्तान्तरण

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्धारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकालाई संघ र प्रदेशहरुबाट देहाय बमोजिमका वित्तिय स्रोतहरु हस्तान्तरण हुनेछ ।

- संघीय सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाडँफाँट
- प्रदेश सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट

ख) आन्तरिक आय

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरक रकमहरु ।

ग) अन्य

- नगरपालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम
- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम
- संघीय तथा प्रदेश तहबाट कार्यक्रमसहित प्राप्त हुने रकम
- सहकारी, गैरसरकारी संस्था, समुदाय, गैर अवासीय नेपालीले स्थानीय तहमा सामाजिक, आर्थिक, वातावरण र पूर्वाधार विकासको लागि गर्ने लगानी ।

### ३.८.२ कुल वित्तिय लगानी

थलारा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. १८०।८६ करोड वित्तीय लगानी हुने अनुमान छ । उक्त रकम मध्ये आर्थिक बिकासमा रु ३२।२७ करोड र विशेषत पूर्वाधार तर्फका योजनाहरु करिब रु १० करोडको जनसहभागीताबाट र तयसै गरी गैर सरकारी/ अन्तराष्ट्रिय गै.स.स र निजि क्षेत्रबाट समेत श्रोत सुनिश्चत गर्न जोड दिईएको छ ।

तालिका ७: आवधिक योजनामा बहुक्षेत्रगन अनुमानित लागत

| क सं | क्षेत्र | जम्मा ( रु हजारमा ) |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | ३२२६९२ |
| २ | सामाजिक बिकास | ५९७९६२ |
| ३ | पुर्वाधार बिकास | ७९१४०० |
| ४ | वन वातावरण जलवायु परिवर्त तथा विपद ब्यवस्थापन | ६७८६५ |
| ५ | सुशासन तथा संस्थागत बिकास | २८७०० |
|  | जम्मा | १८०८६१९ |

### ३.८.३ लगानीका क्षेत्रहरु

कूल बजेट तर्फ सबै भन्दा धेरै झण्डै कूल बजेटको धेरै हिस्सा करिव ४४ प्रतिशत रकम पुर्वाधार विकास क्षेत्रमा खर्च हुने देखिन्छ । सामाजिक विकासमा ३३ प्रतिशत खर्च हुने छ छ भने संस्थागत विकास र सुशाशनमा २ प्रतिशत, आर्थिक विकासमा करिब १८ प्रतिशत खर्च भएको छ । सो को आधारमा आवधिक योजनाको बिबिध क्षेत्रहरूमा बजेट प्रक्षेपण गरिएको छ । जसलाई तल तालिकामा देखाइएको छ ।

### ३.८.४ खर्च र खर्च बेहोर्ने श्रोतहरु

यस थलारा गाउँपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ । हाल आन्तरिक

राजस्वका स्रोतहरूको सीमितताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनुपर्ने स्थिति विद्यमान रहेको छ । लगभग ९६ प्रतिशत रकम संघीय सरकार र प्रदेश सरकारबाट अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने यस थलारा गाउँपालिकाले स्थायी रूपमा अन्य श्रोतहरूको पहिचान गर्न पर्ने अवस्था देखिन्छ ।

### ३.८.५ बहुपक्षीय स्रोतहरूको परिचालन

यस नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि सह'वित्तीयकरण एवं सहकार्यको रणनीतिलाई अवलम्बन गर्दै सार्वजनिक, सहकारी नीजी क्षेत्र र गैर—सरकारी÷अन्तर्राष्ट्रिय गैर—सरकारी संस्थाहरू लगायतबाट पूरक स्रोतहरू परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरूका लागि सबै क्षेत्रहरूबाट सम्भाव्य स्रोतहरूको परिचालन गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर—सरकारी÷अन्तर्राष्ट्रिय गैर—सरकारी संस्थाहरू समेत सहभिगता गराएर जान पर्नें अवस्था रहेको छ ।

थलारा गाउँपालिकाको स्रोत अनुमान

| स्रोत अनुमान | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पाँच वर्षको प्रस्ताव ( रु लाखमा) | | | | | कुल |
| सि.न | आम्दानी विवरण | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | जम्मा |
| 1 | वित्तिय समानिकरण अनुदान नेपाल सरकार | १,१२५.०० | १,०४०.०० | १,१६४.८० | १,३०४.५८ | १,४६१.१३ | १,६३६.४६ | ६,६०६.९६ |
| २ | नेपाल सरकार ससर्त अनुदान | २,१६४.५६ | २,९५८.०० | ३,२५३.८० | ३,५७९.१८ | ३,९३७.१० | ४,३३०.८१ | १८,०५८.८९ |
| ३ | नेपाल सरकार बिशेष अनुदान | ७२५.०० | ६५.०० | ७१.५० | ७८.६५ | ८६.५२ | ९५.१७ | ३९६.८३ |
| ४ | नेपाल सरकार समपुरक अनुदान | - | ५०.०० | ५५.०० | ६०.५० | ६६.५५ | ७३.२१ | ३०५.२६ |
| ५ | राजश्व बापत प्राप्त नेपाल सरकार | ७०१.५७ | ८१७.८२ | ८९९.६० | ९८९.५६ | १,०८८.५२ | १,१९७.३७ | ४,९९२.८७ |
| ६ | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | ८०.७२ | ९०.०१ | ९९.०१ | १०८.९१ | ११९.८० | १३१.७८ | ५४९.५२ |
| | प्रदेश सरकार ससर्त अनुदान | ८०.०९ | - | - | - | - | - | - |
| ७ | प्रदेश सरकार समपुरक अनुदान | १८.४२ | २७.०० | २९.७० | ३२.६७ | ३५.९४ | ३९.५३ | १६४.८४ |
| ८ | राजश्व बाँडफाँड प्रदेश सरकार | - | १५.६३ | १७.१९ | १८.९१ | २०.८० | २२.८८ | ९५.४२ |
| ९ | आन्तरिक आम्दानी आय र नगद समेत | १८१.५३ | ४२.०० | ५०.४० | ६०.४८ | ७२.५८ | ८७.०९ | ३१२.५५ |
| | **जम्मा** | **५,०७६.८९** | **५,१०५.४६** | **५,६४१.००** | **६,२३३.४४** | **६,८८८.९३** | **७,६१४.३०** | **३१,४८३.१३** |

## ३.८.६ बिकास खर्चको बाँडफाँट

सार्वजनिक खर्चको बाडँफाँट

| शिर्षक | अनुमानित ब्यय विवरण ( रु हजारमा ) | | | | | |
|---|---|---|---|---|---|---|
| | आ व ०८०/८१ | आ व ०८१/८२ | आ व ०८२/८३ | आ व ०८३/८४ | आ व ०८४/८५ | जम्म |
| कृषि तथा पशु पन्छी | २१९७२ | ४३९२३ | ३८१७३ | २०१२२ | १२५२२ | **१३६७१२** |
| पर्यटन तथा संस्कृति | ८२५० | २३६५० | २१७५० | २०६०० | ७२५० | **८१५००** |
| उद्योग ब्यापार तथा ब्यावसाय | ६८२१ | १३३७१ | १८१२१ | १८९२१ | ११३७१ | **६८६०५** |
| बित्तिय तथा सहकारि क्षेत्र | ३७५ | ५२५ | ६७५ | ६२५ | ४७५ | **२६७५** |
| श्रम तथा रोजगारी | ५९५० | ७९०० | ६४५० | ६९५० | ५९५० | **३३२००** |
| शिक्षा | ३६००० | ४३२०८ | ५५०२१ | ५७४९२ | ४७४९६ | **२३९२१७** |
| आधारभुत स्वास्थ्य र पोषण | २८५७५ | ५३३५० | ४८०५० | ३०३५० | २२८५० | **१८३१७५** |
| लैंगिक समानता सामाजिक समावेशीकरण तथा लक्षित वर्ग | ४४०० | ५३०० | ६४०० | ४४२० | ४५५० | **२५०७०** |
| युवा तथा खेलकुद | ४६५० | ९५०० | ७००० | ८०५० | ७३०० | **३६५००** |
| खानेपानि तथा सरसफाई | २२६०० | २३६०० | २२६०० | २२६०० | २२६०० | **११४०००** |
| यातायात पूर्वाधार | १०५९०० | १०५९०० | १०३४०० | १०३४०० | १०३४०० | **५२२०००** |
| आवास भवन तथा बस्ति बिकास | ६२५० | ६६५० | ६६५० | ७६५० | ६४०० | **३३६००** |
| सिचाई तथा नदि नियन्त्रण | ४०००० | ४६५०० | ४२५०० | ४०००० | ४०००० | **२०९०००** |
| विद्युत तथा बैकल्पिक उर्जा | ३००० | ५००० | ४००० | ६००० | ४००० | **२२०००** |
| सुचना संचार तथा प्रविधि | ४२० | ३१२० | ४२० | ४२० | ४२० | **४८००** |
| वन वातावरण जेविक विविधता तथा फोहरमैला ब्यवस्थापन | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| जलवायु परिवर्तन र विपद ब्यस्थापन | १२५०० | १२८६५ | १२५०० | १२५०० | १२५०० | **६२८६५** |
| शुसासन तथा सेवा प्रभाह | १००० | ३००० | २५०० | १५०० | १५०० | **९५००** |
| योजना तथा तथ्यांक | ४१५० | ३६५० | ११५० | १३५० | ११५० | **११४५०** |
| अनुगमन तथा मुल्यांकन | २२५० | १५०० | १२५० | १५०० | १२५० | **७७५०** |
| **कुल जम्मा** | **३१६०६३** | **४१३५१२** | **३९९६१०** | **३६५४५०** | **३१३९८४** | **१८०८६१९** |

### ३.८.७ वित्ताय हस्तान्तरण

- प्रत्येक आर्थिक वर्षका लागि यस गाउँपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्नेछ । संघ प्राप्त हुने अनुदानको रकम औषतमा बार्षिक १० % को दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भए पछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४०% सम्म प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले परियोजना लागतको ६०% रकम स्वलगानी गर्नु पर्ने हुन्छ ।
- प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०७९/०८० का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १०% वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।
- आन्तरिक राजस्व तर्फ हालको न्यून प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिने छ । गाउँपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा २०% को वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- आवधिक योजना अवधिमा स्थानीय संचित कोष अन्तर्गत विशेष आयोजना संचालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।
- आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक वजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।
- संघको वार्षिक कार्यक्रम तथा वजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।
- यसै गरी प्रदेशको वार्षिक कार्यक्रम तथा वजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

# ४ परिच्छेद ४ आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभुमी

थलारा गाउँपालिकामा जम्मा २४१० हेक्टर भूभागमा खेती गरिएको तथ्याङ्क छ । यो कुल क्षेत्रफल १०५५१ हेक्टरको करिब १५.५ प्रतिसत मात्र हुन आउछ । यहाँ हुने उत्पादनले वर्षैभरी खान पुग्ने परिवार संख्या ६.३ % मात्र रहेका छन् भने पशुपंक्षि पालन पनि निर्वाहमुखी मात्रै देखिएको छ । ठूलो भूभागमा आलुखेती गरिन्छ भने मकै, कोदो, गहुँ, धान, जस्ता बाली पनि उत्पादन गरिन्छ । यस भूगोलमा स्याउ सुन्तला जस्ता फलफुल हरु पनि उत्पादन हुन थालेको देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतिहरु |
|---|---|
| • व्यवसायिक सोचका साथ खाद्यान्न बाली एवं तरकारी खेती हुन नसक्नु निर्वाहमुखि कृषि प्रणाली<br>• कृषि उपजको उचित बजार व्यवस्थापनमा कमी<br>• सिंचाई सुविधामा अपर्याप्तता<br>• यान्त्रिकरणको प्रयोगका लागि अनुदान एवं प्रविधि सञ्चालन सम्बन्धी सीपको कमी हुनु<br>• नगदे बाली खेतीका लागि पर्याप्त बिउबिजन वितरण नहुनु<br>• व्यवसायिक कृषि फर्म सञ्चालन गर्न प्रवद्र्धनका कार्यक्रम सञ्चालन नहुनु<br>• कृषक समूह सहकारीहरूको व्यवसाय<br>• सञ्चालनमा क्षमता कमजोर हुनु<br>• जनशक्ति कम हुनाले कृषि प्राविधिक<br>• सेवा पर्याप्त नहुनु<br>• न्युन उत्पादकत्व | • कृषिनिर्वाहमुखी भएकोले प्रति इकाई क्षेत्रफल उत्पादन निकै न्यून छ ।<br>• किसान र कृषि सामाग्रीहरुको तथा आधुनिक प्रविधीक र ज्ञानको अभाव हुनु<br>• सरकारी नीति तथा कार्यक्रमहरुको अप्रभावकारी कार्यान्वयन हुन नसक्नु ।<br>• कृषकलाइ सरकारी सेवा तथा सुविधाहरुको<br>• समयमै सूचना नहुनु<br>• व्यवस्थीत बजारको सुविधा नहुनु<br>• व्यवसायिक पशुपालनका बारेमा पर्याप्त सूचना र सिप नहुनु<br>• पशु बिमाको अभावमा उच्च जोखिम हुनु<br>• पूँजीको अभाव हुनु<br>• बजारको सुनिश्चितता नहुनु<br>• सामुहीकतामा काम गर्ने प्रचलन नहुनु<br>• सेवा रसामाग्रीहरुको आपूर्ति गर्ने संयन्त्र नहुनु |

### ४.१.३ संभावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|

| | |
|---|---|
| • व्यवसायीक तरकारी खेतीको लागि उपयुक्त हावापानी रहेको ।<br>• पानीको श्रोत भएकोले सिंचाई सुविधालाई बढाउन सकिने ।<br>• व्यवसायिक आलु पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>• भौगोलिक विविधताका कारण उच्च हिमाली क्षेत्रमा फल्ने उच्च मूल्यका बाली तथा जडिबुटी उत्पादन हुने ।<br>• बाख्रापालन पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>• पशुपालनमा युवा आकर्षणको सम्भावना रहेको । | • भौगोलिक विविधता भएको कारण उष्ण देखी अल्पाइन क्षेत्र सम्मका वाली नालीको व्यवसायिक खेती हुन सक्ने<br>• आलुको सुपर जोनको रुपमा विकास गर्न सकिने<br>• उच्च वजार मुल्य भएका वालि तथा फलफुल उत्पादन तथा प्रशोधन गर्न सकिने<br>• कृषिमा युवा पुस्तालाइ सहभागी गरेर उद्यमविकास गर्न सकिने<br>• प्रयाप्त मात्रामा घास तथा चरण क्षेत्रको उपलब्धता<br>• पशुजन्य उत्पादनको उच्च माग |

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.१.४.१ *लक्ष्य*

कृषि तथा पशुपंक्षीपालनको ब्याजशायिकरणबाट आय र रोजगारी वृद्धि गर्ने ।

#### ४.१.४.२ *उद्देश्य*

१. स्थानिय कृषि उत्पादनको बृद्धि र बजारिकरण गरि कृषिमा आत्म निर्भर बनाउनु ।
२. कृषिमा निजिकृषि फर्म सहकारी जस्ता लगानीकर्तालाई प्रोत्साहन गरी कृषिलाई ब्यावशायिकरण गर्नु।
३. पशुपालन किसान र उद्यमीहरूलाई पशुपालन व्यवस्थापन, उद्यमशीलता र मूल्य अभिवृद्धिमा उनीहरूको ज्ञान र सीप अभिवृद्धि गर्न तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू प्रदान गर्नु।
४. पशु जन्य उत्पादनमा आत्मनिर्भर बनाई पशुविमा अभियान सञ्चालन गरि र व्यवसायिक सुरक्षाको सुनिश्चीतता गर्नु ।
५. गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता गर्नु ।

#### ४.१.४.३ *रणनीति तथा कार्यनीति*

| रणनिति | कार्यनितिहरु |
|---|---|
| १.१: कृषि व्यवसायीकरणा र आधुनिकीकरण गर्ने । | १. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br><br>२. दिगो सिंचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>३. सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ४. कृषिमा आधुनिकीकरणका लागि आवश्यक कृषि औजारको व्यवस्था गरिनेछ ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ । |
| १. २ः कृषि भूमिको संरक्षण र विकास गर्ने | १. भूउपयोग योजना तर्जुमा गरी कृषि भूमिको पहिचान र संरक्षण गरिनेछ ।<br>२. संरक्षित कृषि भूमिमा कृषिका लागि आवश्यक सिंचाई, मल, बीउ, सडक पहुँच, शीत भण्डार लगायत आवश्यक पूर्वाधार र कृषि सेवाहरू प्रदान गरिनेछ । |
| १.३ कृषि पेशा र कृषकको सम्मान हुने | १. निर्धारित मापदण्डको आधारमा कृषकहरूको पहिचान गरी परिचय प्रदान गरिने छ ।<br>२ कृषक परिचय पत्र प्राप्त कृषकहरूको अभिलेख तयार गरी अध्यावधिक गर्दै लगिनेछ ।<br>३. कृषक परिचय पत्र बाहक कृषकहरूका लागि गाउँपालिकाबाट प्रदान गरिने सेवा वातावरण निर्माण गर्ने सुविधामा छुटको व्यवस्था गरिनेछ ।<br>४. अगुवा / नमुना कृषकहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ । |
| २.१ः तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br><br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br><br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br><br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br><br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br><br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (कोदो, जौ, त्रिखुलो) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ । |
| वातावरणमैत्री कृषि पशुपालन | १. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा |

| | |
|---|---|
| प्रविधिको विकास र विस्तार गर्ने । | जोड दिइनेछ ।<br>२. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br><br>३. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br><br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br><br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| ४.१ कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br><br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा साक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br><br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यवसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br><br>४. व्यवसायिक पशुपन्छी पालनाका लागि बिमा अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिने छ । |
| ५.१ गाउँपालिका बासिलाई पोषणयसक्त खानेकुरा खानपाउने सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br><br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br><br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ । |
| ५.२ः खाद्य उत्पादन रआय वृद्धि | १. आफ्नो कृषि उत्पादनले वर्षभरि खान नपुग्ने विपन्न परिवारको खाद्य असरक्षित परिवारको रूपमा पहिचान गरी उनीहरूको कृषि उत्पादन र उत्पादकत्व वृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | २. खाद्य असुरक्षित परिवारलाई बाँझो जमिनमा पहुँच बृद्धि गरिनेछ ।<br><br>३. खाद्य असुरक्षित परिवारलाई वैकल्पिक आय आर्जनको अवसर प्रदान गर्न आवश्यक क्षमता विकास र अन्य सहयोग गरिनेछ ।<br><br>४. खाद्य असुरक्षित क्षेत्रको पहिचान गरी खाद्य सुरक्षामा वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | |

#### ४.१.४.४ *प्रमुख कार्यक्रम तथा आयोजना*

थलारा गाउँपालिकाको कृषि तथा पशुपालन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधार पहिचान गरिएका कृषि तथा पशुपालन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ४.१.५ अपेक्षित उपलब्धि

गाँउपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

- कृषि नीति तयार भएको हुनेछ ।
- कृषि उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।
- थलारा गाउँपलिकामा आलु पकेट क्षेत्र, स्याउ पकेट क्षेत्र जस्ता कृषि पकेट क्षेत्रको विकास भएको हुनेछ ।
- उच्च मूल्य भएका बालिहरुको उत्पादन सुरु हुनेछ ।
- कृषकको क्षमता अभिवृद्धि भई कृषि पेशा महत्वपुर्ण व्यवसायको रुपमा स्थापित भएको हुनेछ ।
- पशुपालन आर्थिक विकासको एक सशक्त व्यवसायको रुपमा रहनेछ ।
- थलारा गा.पा. बाट पशुजन्य उत्पादनको निर्यात बढेर जानेछ ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- यस आवधिक योजनाको कार्यान्वयनको नेतृत्वदायी भूमिका गाउँपालिकाले खेल्नेछ ।
- सबै क्रियाशिल राजनैतिक दलहरुको जनसहभागिता वृद्धि गराउन तथा श्रोतहरुको उपयोगमा सकारात्मक सहयोग गर्नेछन् ।
- गा.पा.भित्र क्रियाशिल गैसस÷सहकारी संस्थाहरु÷कृषक समुहको भूमिका रहनेछ ।
- प्रदेश तथा संघिय सरकार सँग सहकार्य र समन्वय हुनेछ ।
- थलारा गाउँपालिका र खप्तड राष्ट्रिय निकुन्ज सँग सम्बन्ध सुमधुर हुनेछ ।

- ठुला परियोजना संचालन गर्न विकास साझेदारहरुसँग सहकार्य हुनेछ ।

## ४.२ पर्यटन तथा संस्कृति

### ४.२.१ पृष्ठभूमि

थलारा गाउँपालिका पर्यटनको धेरै सम्भावना भएको क्षेत्र हो । स्थानीय सरकार संचालन ऐन २०७४ ले नवीन पर्यटकीय क्षेत्रको विकास, पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास जस्ता विविध जिम्मेवारीहरू गाउँपालिकालाई प्रदान गरेको छ ।

५.४.२ बस्तुगत अवस्था

यो गाउँपालिकामा साँस्कृतिक विविधताका साथै स्थानीय आकर्षणका केन्द्रहरु जस्तै छडिभेल झरना , ठिङमालीका पारीवन, खापर सहस्रलीङ्ग वासुधारा, खप्तड राष्टिय निकुञ्ज , दहताल खापर मन्दिर, देवल भगवती मन्दिर , थलारा कोट, गुफा कालिका भैरव दत्तात्रय मन्दिर , विंखम्म माडुकाटने, जामकोट , डुम्राकोट, माडुआग्रदहकोट , मालुमेला सिवालय, माहालिङ्ग मन्दिर , त्रीवेणी डुडेमाडु , खप्तड माईको थान , खापर माडु चनुकाँडा , दहकोट , महात्मा छडो भल्मा गोत्राडी वजाउने ढुंगो महेन्द्रधार, रानीखेत गुफा , साप्रो , ढुंगेसाघु (पत्थर साँगु गुफा) गुयालवन आदि पर्यटकीय आकर्षणहरू रहेका छन्। नेपालको प्रख्यात पर्यटकीय गन्तव्य खप्तड जाने मार्ग यो गाउँपालिका भएर जान सकिन्छ जसले यस पालिकाको आर्थिक बिकासमा ठूलो टेवा पुर्याउन सक्छ ।

### ४.२.२ प्रमुख समस्या र चुनोती

**समस्याहरु**

पर्यटन पूर्वाधारको विकास नहुनु, पर्यटन विकास सम्बन्धी गुरू योजना नहुनु, पर्यटकीय उपजको पहिचान एवं बजारीकरण हुन नसक्नु, पर्यटकहरुलाई आवश्यक पर्ने होटल लगायतका सेवा सुबिधा उपलब्ध नहुनु, बिगतको अनुभवको कारण पर्यटकले पूर्ण शुरक्षित महशुस गर्न नसक्नु, स्थानीयस्तरमा उपलब्ध बिशिष्ट कला र संस्कृतिको प्रचार गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन्।

**चुनौति**

भौगोलिक रुपमा यो पालिका बिकटता भएकोले पर्यटन पूर्वाधारको विकास गर्नु, स्थानीय स्तरमा रहेका पर्यटकीय उपजहरूको बजारीकरण गर्नु, पर्यटकहरुको लागि आवश्यक सुबिधायुक्त होटल तथा होमस्टे संचालन गर्न निजीक्षेत्र तथा स्थानीय समुदायलाई अभिप्रेरित गर्नु र पर्यटकहरुको सुरक्षा सुनिश्चित गर्नु प्रमुख चुनौतिको रुपमा रहेका छन्।

### ४.२.३ सम्भावना र अवसर र चुनौति

(क) अवसर

खसडको पहुँच मार्गमा पर्नु, गाउँपालिका क्षेत्रभित्र छडिभेल झरना , ठिङमालीका पारीवन, खापर सहस्त्रलीङ्ग वासुधारा, खसड राष्टिय निकुञ्ज , दहताल खापर मन्दिर, देवल भगवती मन्दिर , थलारा कोट, गुफा कालिका भैरव दत्तात्रय मन्दिर , विंखम्म माडुकाटने, जामकोट , डुम्राकोट, माडुआग्रदहकोट , मालुमेला सिवालय, माहालिङ्ग मन्दिर , त्रीवेणी डुडेमाडु , खसड माईको थान , खापर माडु चनुकाँडा , दहकोट , महात्मा छडो भल्मा गोत्राडी वजाउने ढुंगो महेन्द्रधार, रानीखेत गुफा , साप्रो , ढुंगेसाघु (पत्थर साँगु गुफा) गुयालवन गाउँपालिकामा अवस्थित हुनु प्रमुख पर्यटकीय अवसरका रुपमा रहेका छन्।

### ४.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.२.४.१ *लक्ष्य :*

"प्राकृतिक सौन्दर्य सहित स्थानिय संस्कृति र परम्पराको प्रवर्धनबाट स्थानीय रोजगारी र आय अभिवृद्धि भएको हुने"

#### ४.२.४.२ *उद्देश्य :*

- पर्यटकिय क्षेत्रको प्रचार प्रसार गरि पर्यटकहरुको आगमनमा बृद्धि गर्नु ।
- पर्यटकीय पूर्वाधारहरूको विकास गरि पर्यटन व्यवसायी र पर्यटन व्यवसायसँग सम्बन्धित संस्था र जनशक्ति क्षमता विकास गर्नु ।

#### ४.२.४.३ *रणनीति*

(१) गुरु योजना सहितको पर्यटकीय पूर्वाधारको विकास गर्ने।

(२) गाउँपालिकामा उपलब्ध पर्यटकीय उपजहरुको बजारीकरण गर्ने ।

रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| (१) गुरुयोजना सहितको पर्यटकीय पूर्वाधारको विकास गर्ने। | १) स्थानीय पर्यटन विकास गुरु योजना तयार गरिनेछ।<br>२) स्थानीय समुदायलाई पर्यटकीय वासस्थल तथा होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।<br>३) पर्यटन पूर्वाधार विकास गर्न निजि क्षेत्रलाई समेत प्रोत्साहन गर्दै गाउँपालिकाबाट समेत बजेट विनियोजन गरिनेछ। |

| | |
|---|---|
| | ४) पर्यटन बोर्ड र प्रदेश सरकारसँग सहकार्य गरी खप्तड जाने पदमार्गको स्तरोन्नति गरिनेछ।<br><br>५) पर्यटकको सुरक्षाको सुनिश्चितता गरिनेछ। |
| (२) गाउँपालिकामा उपलब्ध पर्यटकीय उपजहरुको बजारीकरण गर्ने । | १) स्थानीय साँस्कृतिक विविधता र बिशेष गरी स्थानिय मौलिक संस्कृति देखिने पर्यटकीय उपजको रुपमा प्रवर्द्धन गरी प्रचार प्रसार गरिनेछ।<br>२) पर्यटन बोर्ड, वैदेशिक रोजगार संघ, सँग समन्वय र सहकार्यमा पर्यटकीय उपजको प्रचार प्रसार गरिने छ ।<br>३) स्थानीय पर्यटकीय गन्तव्यहरुलाई गाउँपालिका को वेबसाईट, एफ.एम रेडियो र टेलिभिजन च्यानलहरुमा प्रचार प्रसार गरिने छ ।<br>४) लिफलेट, नक्सा, अडियो भिजुयल आदि तयार गरी प्रचार सामाग्रीको रुपमा वितरण गरिनेछ ।<br>५) स्थानीय पर्यटन स्वयंसेवक तथा टुर गाईड तालिम संचालन गरिने छ ।<br>६) स्थानीय पर्यटक कोशेली घर सञ्चालन गरिने छ । |

### ४.२.५ कार्यक्रम

थलारा गाउँपालिकाको पर्यटन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधार पहिचान गरिएका कृषि तथा पशुपालन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ४.२.६ अपेक्षित उपलब्धि

गाउँपालिकाको सेवा क्षेत्रको गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको हिस्सा बृद्धि भएको हुनेछ। थलारा को पर्यटकीय विकास गर्न गुरु योजना निर्माण भएको हुनेछ। गाउँपालिकामा स्थानिय संस्कृति सहितको कम्तिमा तिन होमस्टे संचालनमा आएको हुनेछ।

## ४.३ उद्योग, व्यापार तथा व्यवसाय

### ४.३.१ पृष्ठभूमि

उद्योग तथा व्यापार क्षेत्रले स्वरूप र स्थान परिवर्तनको माध्यमबाट मुल्य अभिवृद्धिमा महत्वपूर्ण योगदान गर्ने भएकोले यो स्थानीय आर्थिक बिकासको एक मुख्य आधार हो । स्थानीय सरकार संचालन ऐनले स्थानीय तहलाई उद्यमशीलता विकास गर्ने, लघु, घरेलु तथा साना उद्योगको नियमन, विकास प्रबर्धन र व्यवस्थापन गर्ने, स्थानीय बजार तथा हाट व्यवस्थापनजस्ता अधिकार तथा जिम्मेवारी तोकेको छ। यसपालिकाको भौगोलिक अवस्थिति, लगानी र कच्चा पदार्थको उपलब्धता र बजारको अवस्था हेर्दा स्थानीय शिप र संस्कृतिको उपयोग गरी उत्पादन गर्ने तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योगको संचालन नै आर्थिक बिकासको आधार बन्न सक्छ ।

यस गाउँपालिकामा घरेलु तथा साना उद्योगको तथ्यांक अनुशार कुल १६३ वटा उद्योगहरु दर्ता भएका छन । यिनीहरु मध्ये कृषि, वनमा आधारित १०५ वटा, उत्पादन उद्योग २९ वटा, सेवा उद्योग २३ वटा, पर्यटन व्यवसाय ४ वटा, निर्माण २ वटा उद्योग दर्ता रहेका छन ।र अन्य व्यवसायिक संस्था यिनीहरुमा कुल ३०७ जना व्यक्तिहरु संलग्न भएका छन् ।

यी उद्योगहरुमा हाल कुल रु. १९ करोड ५ लाख लगानी भएको छ र बार्षिक उत्पादन क्षेमता रु. २४ करोड २० लाख हुने गरेको छ ।

### ४.३.२ प्रमुख समस्या तथा चुनौति

उद्योग प्रशासनमा प्रदेश र स्थानीय सरकार बीच अधिकारको प्रयोगमा दोहोरोपना देखिनु, पालिकामा उद्योग बिकास शाखा स्थापना र संचालनमा नआउनु, युवाहरु उद्यमशीलता तर्फ अग्रसर नहुनु, घरेलु उद्यमबाट उत्पादित वस्तुले बजारसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योगीमा जोखिम व्यहोर्न सकिन्छ भन्ने विश्वास नहुनु, निजी क्षेत्रसँग दीर्घकालीन लगानी गरी प्रतिफल लिने धैर्यता नहुनु, स्थानीय उत्पादनको लागत महँगो पर्नु आदि उद्योग क्षेत्रको प्रमुख समस्याको रुपमा रहेका छन् ।

**चुनौति**

- औद्योगिक ग्राम स्थापना गर्नु,
- युवाहरुलाई उद्यमशीलता विकास तर्फ आकर्षित गर्नु,
- बिप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु,

- कृषि उत्पादनलाई संरक्षण गर्न कोल्डस्टोरको व्यवस्था गर्नु, प्र
- तिस्पर्धात्मक लाभ र कम तौल बढीमूल्य भएका बस्तुहरुको पहिचान गरी उत्पादन गर्नु,
- स्थानीय उत्पादनको उचित बजार मूल्य उपलब्ध गराउनु,
- आवश्यक सकारात्मक वातावरण तयार गर्न कानूनहरु निर्माण गर्नु,
- औद्योगिक जनशक्ति उत्पादन तथा रोजगारी उपलब्ध गराउनु आदि रहेका छन् ।

### ४.३.३ सम्भावना तथा अवसर

**(क) अवसर**

- यस पालिकमा स्थानिय मौलिक उत्पादन जस्तै, जौ कोदो स्थानिय सिपबाट बनेका भाँडाकुँडा,
- बिभिन्न घरेलु तथा साना उद्योगको लागि आवश्यक कच्चा पदार्थको जडिबुडि खनिज आदिको उपलब्धता हुनु,
- उद्योग स्थापनाको लागि आवश्यक भौतिक पूर्वाधारमा पहुँच बढ्नु,
- गाउँपालिकामा वित्तीय पहुँच बढ्नु,
- सडक मार्गको पहुँच  बिस्तार जसले स्थानिय स्थानिय बस्तुको बजार पहुँच हुनु
- औद्योगिक तथा ब्यापारिक विकासका लागि अवसरको रुपमा रहेका छन् ।

### ४.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.३.४.१ *लक्ष्य*

स्थानिय श्रोत साधन र सिपको उचित प्रयोग भई स्थानिय स्तरमै रोजगारी श्रजना गर्ने ।

#### ४.३.४.२ *उद्देश्य*

(१) स्थानीय स्रोत र साधनमा आधारित लघु, घरेलु, साना तथा उद्योगको बिकास गरि रोजगारी गर्नु ।

(२) स्थानीय आवश्यकताका वस्तुहरु सुलभ र सहजरुपमा बिक्रि बितरण हुने वातावरण सिर्जना गर्नु ।

#### ४.३.४.३ *रणनीति*

(१) स्थानीय स्तरमा उद्यमशीलताको विकास गर्ने ।

(२) उद्योग तथा सेवा क्षेत्रको विकास तथा विस्तारमा निजी क्षेत्र लगानी बढाउने ।

(३) उत्पादित वस्तुको बजारको पहुँच विस्तार गर्ने ।

(४) स्थानीय व्यापार व्यवसाय प्रवद्र्धन गर्ने ।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १) स्थानीय स्तरमा उद्यमशीलताको विकास गर्ने । | १) गाउँपालिकाका उद्यमी बन्न चाहने तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको पहिचान गरी उद्यमशीलता सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।<br>२) स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गर्न सहजीकरण गरिनेछ ।<br>३) उद्यमी व्यवसायीलाई आवश्यक पुँजीको उपलब्ध गराउन सम्बन्धित बैंक वित्तीय संस्था सँग समन्वय गरिनेछ।<br>४) लघु, घरेलु तथा साना उद्योगको संरक्षण र सम्बर्धन गरिनेछ ।<br>५) स्थानीय समुदायले उत्पादन गर्ने विशेष किसिमका उत्पादनहरुको गुणस्तर सुधार र बिक्रि बितरण गर्न सहजीकरण गरिने छ ।<br>६) गाउँपालिकाले उद्यमशीलता तथा सीप विकास सम्वन्धी तालिम दिन सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।<br>७) गरिवी निवारणको लागि संघीय सरकार सँगको सहकार्यमा लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ । |
| २) उद्योग तथा सेवा क्षेत्रको विकास तथा विस्तारमा निजी क्षेत्र लगानी बढाउने । | १) गाउँपालिका क्षेत्र भित्र औद्योगिक विकास गर्न औद्योगिक विकास गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२) गाउँपालिका क्षेत्रमा भौतिक पूर्वाधार सहितको औद्योगिक ग्राम स्थापना गरिने छ ।<br>३) गाउँपालिका क्षेत्रमा लघु, घरेलु तथा साना उद्योग संचालन गर्न आवश्यक पर्ने बिउपूँजी व्यवस्था गर्न वित्तीय संस्थाहरुसँग सहजीकरण गरी निश्चित समयसम्म व्याज तथा बीमाशुल्क अनुदान |

| | |
|---|---|
| | र कर छुटको व्यवस्था गरिनेछ । <br><br> ४) गाउँबासीहरुमा छरिएर रहेका साना साना बचतलाई सहकारी मार्फत संकलन पूँजी निर्माण गरी लगानी गर्ने वातावरण सिर्जना गरिने छ । |
| ३) उत्पादित वस्तुको बजारको पहुँच विस्तार गर्ने । | १) गाउँमा उत्पादित बस्तुको बजार विस्तार गर्न अन्य स्थानीय तह सँग सहकार्य र समन्वय गरी उनीहरुको आवश्यकताको आधारमा बजार पहिचान गरिनेछ। <br><br> २) स्थानीय उत्पादनको बजार विस्तार गर्न स्थानीय हाट बजार प्रणालीको शुरुवात गरिनेछ। <br><br> ३) स्थानीय उत्पादनको खरिद र बजारीकरणमा सहकारीलाई प्रोत्साहन गरिनेछ। <br><br> ४) स्थानीय उत्पादनलाई बजारश्रङ्खलामा आवद्ध गर्न अन्य उद्योग वाणिज्य संघसंग सहकार्य र औंद्योगिक प्रदर्शनीहरूमा सहभागि गराइने छ । <br><br> ५) लघु, साना तथा घरेलु उद्योगहरुले उत्पादन गरेको बस्तुहरुको नामांकरण गर्न गाउँपालिकाको तर्फबाट आबश्यक पहल गरिनेछ । |
| ४) स्थानीय व्यापार व्यवसाय प्रवद्र्धन गर्ने । | १) स्थानीयस्तरमा व्यापारिक प्रतिष्ठानहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । <br><br> २) सहकारी संगको सहकार्यमा गाउँपालिकामा खाद्यबैंक स्थापना गरी गुणस्तरीय खाद्य सामग्री सुलभ दरमा सहज उपलब्ध हुने व्यवस्था मिलाइनेछ । <br><br> ३) गाउँक्षेत्रमा महिला, अपांगता भएका व्यक्ति तथा कमजोर आर्थिक अवस्था भएका परिवारले गर्ने व्यापार व्यवसायमा निश्चित प्रतिशतले व्यवसाय दर्ता तथा बार्षिक करमा छुट दिइनेछ । <br><br> ४) गाउँपालिकामा व्यापार व्यवसायमा संलग्न व्यक्तिहरुलाई व्यवसाय |

| | |
|---|---|
| | विकास तालिम, वित्तीय साक्षरता तालिम, बिउपूँजीमा व्याज तथा बिमा शुल्क अनुदान, स्थानीय उत्पादनलाई बजारसम्म ढुवानी गर्न सहकारी मार्फत ढुवानी साधन खरिदमा निश्चित प्रतिशत अनुदान दिइनेछ ।<br>५) गाउँपालिका भित्र सहज आपूर्ति व्यवस्थापनका साथै कालोबजार नियन्त्रण गर्न नियमित अनुगमन र नियमन गरिने छ ।<br>६) आवश्यक बस्तुको नियमित आपूर्ति व्यवस्था मिलाउन स्थानीय उद्योग बाणिज्य संघसंग सहकार्य गरिने छ । |

#### ४.३.४.४ *प्रमुख कार्यक्रम*

थलारा गाउपालिकाको अवधिक योजनाको लक्ष्य र उद्देशय प्राप्तिका लागि गरिने कर्याकलाप अनुसुचि १ अनुशार हुने छन ।

### ४.३.५ अपेक्षित उपलब्धी

चालु लघु घरेलु तथा साना उद्योगको संख्या ५०० पुगेको हुनेछ १० वटा साना उद्योग स्थापना भई संचालनमा आएका हुनेछन् । यि उद्योगहरबाट कम्तीमा १००० जनाले रोजगारी प्राप्त गरेका हुने छन ।

## ४.४ वित्तीय तथा सहकारी क्षेत्र

### ४.४.१ पृष्ठभूमि

राज्यको तिनखम्बे अर्थनीति अनुसार सहकारी क्षेत्र देशको आर्थिक विकासमा एक आधारको रुपमा रहेको छ । पन्ध्रौं योजनाले सहकारी मार्फत स्वावलम्बी, उत्पादनमुखी, दीगो एवम् न्यायोचित आर्थिक विकास गर्ने लक्ष राखेको छ । नेपालको सम्विधानले स्थानीय तहलाई सहकारीको नियमन, प्रबर्धन र विकास गर्ने अधिकार तथा जिम्मेवारी दिएको छ । गाउँपालिकालाई वित्तीय क्षेत्रको अधिकार नभएकोले सहजीकरणको भूमिका मात्र खेल्न सक्छ ।

यस गाउँपालिकामा जम्मा २० वटा सहकारी संस्था रहेका छन् । यी मध्ये ५ वटा कृषि तथा पशुपालन सम्बन्धी, ७ वटा बहुउद्देश्यीय, ४ वटा उपभोक्ता र ४ वटा बचत तथा ऋण सहकारी रहेका छन् । तर अधिकांश सहकारी संस्थाहरुले बचत तथा ऋणको कारोवार गरिरहेका छन् । हाल सम्म उत्पादन सहकारी संस्था संचालनमा छैनन् । यस गाउँपालिकामा एउटा बाणिज्य बैंक र

२ वटा लघु वित्त बैंक गरि ३ वटा बैंक वित्तीय संस्थाको शाखाहरु संचालनमा छन्। २७।६% घरपरिवारको बैंकमा खाता रहेको छ ।

### ४.४.२प्रमुख समस्या

**समस्या**

- वित्तीय साक्षरताको कमी हुनु,
- बैंक तथा वित्तीय संस्था निश्चित क्षेत्रमा केन्द्रित हुनु,
- गाउँपालिकामा सहकारी हेर्ने जिम्मेवार शाखा नहुनु,
- अधिकांश सहकारीहरू बचत तथा ऋण प्रति मात्र आकर्षित हुनु,
- गाउँपालिकामा व्यवस्थित सहकारी सूचना केन्द्रको अभाव हुनु,
- सहकारीको सिद्धान्त अनुसार सहकारीहरु संचालन हुन नसक्नु,
- सबै वडामा बैंक तथा वित्तिय संस्थाको शाखा संचालन नहुनु यस क्षेत्रको प्रमुख समस्याहरु हुन् ।

**चुनौति**

- बैंक तथा वित्तीय संस्थाको सेवा/सुबिधा सबै वडामा विस्तार गर्नु,
- प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियतपूर्ण ऋणको सुविधा बिस्तार गर्नु, ना
- गरिकमा बचत गर्ने बानीको विकास गर्नु,
- सहकारी सिद्धान्त अनुसार सहकारीको संचालन गराउनु,
- सहकारीको प्रभावकारी अनुगमन तथा नियमन गर्नु,
- बचत तथा ऋणमा केन्द्रीत सहकारीहरूलाई उत्पादन र वितरणमा आकर्षित गर्नु,
- कृषि सामाग्रीको आपूर्ति, कृषि उत्पादन र संकलन, बजारीकरणलाई सहकारीकरण गर्नु आदि यस क्षेत्रका चुनौतिहरु हुन् ।

### ४.४.३सम्भावना तथा अवसर

सहकारीको बारेमा जनचेतना हुनु, सहकारीमा धेरै सदस्यहरु सहभागी भएकोले सहकार्यको भावना बढ्नु, छरिएको पुँजीको संकलन हुनु, स्थानीय कृषि उत्पादनको बजारीकरणमा सहकारी संलग्न हुनु महिलाको सहकारीमा उल्लेख्य सहभागिता हुनु, करिव दुईतिहाई घरपरिवारको बैंक खाता हुनु आदि अवसरहरु रहेका छन् ।

### ४.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

४.४.४.१ ***लक्ष्य :*** *सबै नागरिकलाई बैंक तथा वित्तीय सुविधाको पहुँच पुगेको हुने ।*

४.४.४.२ *उद्देश्य :*

(१) गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको बिस्तार गर्नु

(२) सबै घरपरिवार सहकारीमा आबद्ध गर्नु

४.४.४.३ *रणनीति*

(१) छरिएर रहेको बचत परिचालन गर्ने

(३) सहकारी तथा वित्तीय क्षेत्रको बचत तथा लगानीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने

(३) उद्योग व्यापार व्यवसायमा चालु तथा पूँजीगत लगानी बृद्धि गर्ने

(४) नागरिकलाई सहज वित्तीय पहुँच हुने अवस्था सिर्जना गर्ने ।

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १) छरिएर रहेको बचत परिचालन गर्ने | १) स्थानीय परिवारमा छरिएर रहेका साना साना बचतलाई दैनिक, साप्ताहिक र मासिक रुपमा सहकारी तथा वित्तीय संस्था मार्फत संकलन गरिने छ ।<br>२) सहकारीमा प्रत्येक परिवारलाई आबद्ध गराइने छ ।<br>३) सहकारी संस्थालाई बाल बचत, गृहिणी बचत, जेष्ठ नागरिक बचत कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिने छ ।<br>४) बैंक तथा वित्तीय संस्थासँग सह लगानीमा उद्यम विकास कोष स्थापना गरिने छ । |
| २) सहकारी तथा वित्तीय क्षेत्रको बचत तथा लगानीलाई उत्पादनमूलक | १) सहकारी तथा वित्तीय संस्थामा रहेको बचतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ ।<br>२) बैंक तथा वित्तीय संस्थाको लगानीको निश्चित प्रतिशत |

| | |
|---|---|
| क्षेत्रमा परिचालन गर्ने | गाउँपालिकाले निर्धारण गरेको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ ।<br>३) समूह जमानीमा निश्चित मात्रासम्मको ऋण प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।<br>४) महिला, अपांगता भएका व्यक्ति तथा कम आय भएका सिमान्तकृत व्यक्तिलाई साना साना आय तथा रोजगारी सम्वन्धी स्कीम दिई उत्पादन गर्न परिचालन गरिने छ । |
| ३) उद्योग व्यापार व्यवसायमा चालु तथा पूँजीगत लगानी बृद्धि गर्ने | १) ऋण सहकारी तथा वित्तीय संस्थाको लगानीलाई ससाना उद्योग तथा व्यापार व्यवसायको प्रवद्र्धन गर्नमा प्रोत्साहित गरिने छ ।<br>२) ग्रामिण क्षेत्रमा उत्पादित वस्तुलाई सहकारी मार्फत संकलन र बजारीकरण गरिने छ ।<br>३) उद्योग व्यवसायमा लगानी गर्न अभिप्रेरित गर्ने नीतिगत तथा कानूनी व्यवस्था गरिने छ । |
| ४) नागरिकलाई सहज वित्तीय पहुँच हुने अवस्था सिर्जना गर्ने । | १) बैंक तथा वित्तीय संस्थाको सेवा विस्तार गर्न सहजिकरण गरिने छ ।<br>२) वित्तीय संस्हरूसंगको समन्वयमा नागरिकहरुलाई वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ।<br>३) "एक घरः एक बैंक खाता" को नाराका साथ प्रत्येक परिवारको कम्तिमा एक वैङ्क खाता खोल्ने कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न वित्तीय संस्थाहरूसंग सहकार्य गरिनेछ । |

#### ४.४.४.४ *प्रमुख कार्यक्रम*

कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ४.४.५ अपेक्षित उपलब्धि

योजनाको अन्तमा यस पालिकामा सहकारीको संख्या २५ पुगेको हुने छ भने सहकारी हरुको बचत ३० प्रतिसतले बृद्धि भएको हुने छ । ५० प्रतिशत बालिग नागरिक वित्तीय साक्षर भएको हुने, गाउँपालिकाका प्रत्येक परिवारको कम्तिमा एक बैंक खाता भएको हुने छ, कम्तिमा एक वटा सहकारीले उत्पादित बस्तु बजारिकरणको अभ्यास शुरु गरेको हुने, प्रत्येक वडामा एक एकवटा सहकारीबाट कृषि सामाग्री विक्रि वितरण भएका हुनेछ ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

## ४.५ श्रम तथा रोजगारी

### ४.५.१ पृष्ठभूमि

मानव संशाधन उत्पादनको एक प्रमुख साधन भएकोले स्थानीय आर्थिक सामाजिक विकासमा रोजगारीका अवसर बृद्धिको महत्वपूर्ण स्थान रहन्छ । नेपालको संविधानले रोजगारी तथा श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । साथै यसले बैदेशिक रोजगारीबाट आर्जन भएको पुंजी, शिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ । पन्ध्रौं योजनाले विप्रेषण आयको उत्पादनमुलक लगानीबाट तिब्र आर्थिक वृद्धि गरी स्वदेशमा रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । स्थानीय सरकार संचालन ऐनले स्थानीय तहलाई बसाई सराइ दर्ता र पारिवारिक अभिलेखको ब्यवस्थापन गर्ने र नागरिकहरुको रोजगारीको अवस्थाको अभिलेखिकरण र बेरोजगारको तथ्यांक संकलन र व्यवस्थापन गर्ने साथै सुरक्षित बैदेशिक रोजगारी र बैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना र तथ्यांक संकलन र व्यवस्थापन गर्ने अहम् जिम्मेवारी तोकेको छ ।

**वस्तुगत अवस्था**

यस थलारा गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुशार कम्तिमा ३६१८ जना रोजगारीकालागि भारत गएको देखिन्छ जसमा १९ प्रतिसत महिला रहेका छन जम्मा ३४१६ घरधुरि रहेको यस पालिकामा भारतमा मात्र रोजगारीको लागि जानेको संख्या ३६१८ दखिन्छ ।

गाउँपालिका भित्र न्यून मात्र रोजगारीको अवसर उपलब्ध छ । गाउँपालिका भित्र बिभिन्न व्यवसायमा ३२३ जना संलग्न भएका छन् (राष्ट्रिय जन गणना, २०७८)

### ४.५.२ प्रमुख समस्या तथा चुनौती

समस्या

- गाउँपालिकामा उपलब्ध बिभिन्न शिप दक्षता र क्षमतायुक्त जनशक्तिको अभिलेख नहुनु,
- रोजगार तथा बेरोजगार श्रम शक्तिको अभिलेख नहुनु,
- पूर्ण बेरोजगार र अर्ध वेरोजगारको संख्या उल्लेख्य हुनु,
- उल्लेख्य संख्यामा युवा बैदेशिक रोजगारीमा हुनु,
- विप्रेषण आयमा आश्रित परिवार संख्या उल्लेख्य हुनु,
- विप्रेषण आयको अधिकांस रकम दैनिक उपभोगमा खर्च हुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

चुनौती

- गाउँपालिकामा रोजगारी र सीपको तथ्यांक प्रभावकारी रुपमा व्यवस्थापन गरी नागरिकहरुका लागि उपयोगी बनाउनु सरकारको लक्षित बर्गलाई उपलब्ध गराउने ऋणमा सम्भावित नागरिक हरुको पहुँच सुनिस्चित गर्नु,
- नागरिकहरुलाई सीपमुलक तालिम मार्फत दक्ष बनाई रोजगारीको अवसर उपलव्ध गराउनु,
- बैदेशिक रोजगारीको लाभलाई अधिकतम बनाउनु,
- विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमुलक क्षेत्रमा लगानी गराउनु,
- वैदेशिक रोजगारबाट फर्केका युवाको सीपलाई उद्यमशिलतामा रूपान्तरण गर्नु, यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

### ४.५.३ संभावना तथा अवसर

यस गाउँपालिका विभिन्न श्रोत ले सम्पन्न देखिन्छ यहाका श्रोत हरु को शाही सदुपयोग गर्न सके रोजगारी र उधम गर्न सकिन्छ. मुख्य रुपमा यस पालिकामा रोजगारी श्रजना गर्न सकिने देहायका सम्भावजनाहरु रहेका छन ।

- रोजगार र उद्यमशीलता प्रबर्धन कार्यक्रम सरकारको प्राथमिकतामा पर्नु,
- नेपाल सरकारले गाउँपालिका मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नु, ,
- प्रविधिको विकासले स्थानीय उत्पादनको बजारीकरण सहज हुनु,
- प्रसस्त रुपमा कृषि र वन जन्य लघु तथा घरेलु उद्योग स्थापनाको सम्भावना रहेक छ ।
- लक्षित बर्गलाई ऋणको ब्याज अनुदानको व्यवस्था हुनु,
- सीप र स्किममा आधारित ऋण प्रवाहको अवसर हुनु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

### ४.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः** गाउँपालिका भित्र बिभिन्न रोजगारीको अवसर बृद्धि भएको हुने ।

**उद्देश्य :** स्थानीय रोजगारीका अवसर बद्धि गरी  बेरोजगारी घटाउने ।

रणनीति

(१) रोजगार सूचना प्रणाली व्यवस्थित र उपयोगी बनाउने ।

(२) शिपमूलक तालिम र सूचना मार्फत स्थानीय रोजगारी प्रबर्धन गर्ने ।

(३) स्थानिय श्रोत र साधनामा आधारित उत्पादनमा जोड दिने

(३) बैदेशिक रोजगारी व्यवस्थित गर्ने ।

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १) रोजगार सूचना प्रणाली व्यवस्थित र उपयोगी बनाउने । | १) गाउँपालिकामा रहेका बिभिन्न सिपयुक्त र सिप नभएका श्रमिकको लगत संकलन गरी सूचना व्यवस्थापन गरिनेछ ।<br>२) गाउँपालिका भित्रको रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलनलाई पूर्णता दिई नियमित अध्यावधिक गरिनेछ ।<br>३) रोजगार सूचना केन्द्रलाई सुदृढ गरी रोजगार विनिमय केन्द्रको रूपमा कार्यान्वयनमा ल्याईने छ ।<br>४) रोजगार सम्बन्धी तथ्यांकलाई प्रशोधन गरी नियमित प्रबाह गर्ने गरिको सूचना प्रणालीको रुपमा विकास गरिनेछ ।<br>५) गाउँपालिका भित्र रहेका बिभिन्न बिषयका दक्ष जनशक्तिको तथ्यांक संकलन तथा व्यवस्थापन गरिनेछ ।<br>६) संघीय सरकारसँगको सहकार्यमा रोजगार सम्बन्धि अभिलेख डिजिटाइज गरी गाउँपालिकाको वेब साइटमा राख्ने व्यवस्था मिलाइनेछ । |
| २) शिपमूलक तालिम र सूचना मार्फत स्थानीय | १) रोजगारमूलक उद्योग व्यवसाय सञ्चालन गर्न निजि क्षेत्रलाई प्रोत्साहन गरिने छ । |

| | |
|---|---|
| रोजगारी प्रवर्धन गर्ने । | २) रोजगार र उद्यमशीलता प्रवर्धन गर्न शैक्षिक प्रमाण-पत्र धितो राखी न्यून ब्याजदरमा ऋण प्रवाहको व्यवस्थालाई गाउँपालिका सम्म ल्याइनेछ।<br>३) गाउँपालिकाबाट गरिने विकास खर्चलाई श्रम मुलक बनाउंदै स्थानीय रोजगारी सिर्जना सँग आबद्ध गरिनेछ। |
| ३) स्थानिय श्रोत र साधनामा आधारित उत्पादनमा जोड दिने | १) स्थानिय श्रोतमा आधारित उद्यम स्थापना गर्ने उद्यमिलाई प्रोत्साहन गरिने छ ।<br>२) पालिकाबाट संचालन गरिने सिप बिकास तालिमहरु स्थानिय श्रोतबाट बस्तु उत्पादन गर्न सकिने खालका तालिमलाई प्राथमिकता दिईने छ ।<br>३) स्थानिय उत्पादनको उपभोग स्थानिय स्तरमै प्राथमिकता दिईने छ |
| ४) बैदेशिक रोजगारी व्यवस्थित गर्ने। | १) बैदेशिक रोजगारीमा जाने युवाहरुलाई आधारभूत सूचना उपलव्ध गराउनका साथै वित्तीय शाक्षरता एवम् शिपमूलक तालिम कार्यक्रम संचालन र पूर्व-अभिमुखीकरण गरिनेछ।<br>२) बैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वरोजगार र रोजगारी सृजना गर्न प्रोत्साहित गरिने छ ।<br>३) बैदेशिक रोजगारीमा गएका श्रमिकको परिवारको लागि मनो-सामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>४) बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुकोसामाजिक पुनःएकीकरण गर्ने कार्यक्रम तयार गरि कार्यान्वयन गरिनेछ।<br>५) बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको समाजमा सहज पुनर्स्थापना हुने वातावरण बनाइने छ। |

**प्रमुख कार्यक्रमहरु** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ४.५.५ अपेक्षित उपलब्धि

गाँउपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै गाँउपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपलब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

- श्रम सिपको बिकास भएको हुनेछ ।
- उद्यमशिलता र सिपको उपलब्धताले  लघु घरेलु तथा साना उद्योग स्थापना हुने वातावरण सिर्जना गरेको हुनेछ ।
- नवप्रवर्तन र नया उद्यमबाट  रोजगारीका अवसरहरु उपलब्ध भएको हुनेछ ।
- युवाहरुलाई  गाउँमै बसेर केहि गरौ भन्ने वबतावरण श्रजना भएको हुने छ ।
- उच्च शिक्षा हासिल गर्न गएका विद्यार्थीहरु गाउँ फर्कनेछन् ।
- बीचमै पढाई छाडेकाहरु सिप सिकेर गाउँमै सिप अनुसारको काम गरिरहेको हुनेछन् ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

कार्यक्रम तथा आयोजनाहरु अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

# ५ परिच्छेद ५ सामाजिक विकास

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभुमिः

शिक्षा मानव विकासको मूल आधार हो । संविधानले पनि आधारभुत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने प्रत्याभूत गरेको छ । पन्ध्रौं योजना र दीगो विकासको लक्ष्यमा पनि शिक्षालाई महत्वका साथ स्थान दिइएको छ । शिक्षालाई समय सापेक्ष आधुनिकरण गरी रोजगारमूलक बनाई निजि क्षेत्रको लगानीलाई समेत नियमन र व्यवस्थापन गरी सेवामूलक तथा गुणस्तरीय शिक्षाको विकास गर्ने सरकारको प्रमुख नीति रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पनि आधारभूत शिक्षा एवं माध्यमिक शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय तहलाई जिम्मेवारी दिइएको छ ।

**विद्यमान अवस्था**

यस गाउँपालिकामा साक्षरता दर ६८.५९ (महिला ५९.४९ पुरुष ८०.५५ रहेकोछ । त्यसैगरी सिकाई उपलब्धी दर ५१प्रतिसत रहेकोछ । अधारभूत तह ३४, माध्यमिक ८ गरी जम्मा ४१ वटा सामुदायिक विद्यालय रहेकाछन भने बाल विकास केन्द्र ३३ वटा संचालन गरिराखेको छ ।, त्यसैगरी यस गाउँपालिकामा क्याम्पस १ र सँस्थागत बिद्यालय १ वटा रहेका छन । सामुदायिक विद्यालयहरूमा जम्मा २१० जना शिक्षक शिक्षिका मध्ये २३.८ प्रतिशत महिला शिक्षिका रहेका छन् । यस गाउँपालिकामा शिक्षक विद्यार्थीको अनुपात १।२६ रहेको छ भनें ।

### ५.१.२ मुख्य समस्या तथा चुनौतिहरु

सामुदायिक विद्यालयको माध्यमिक तहमा शिक्षक दरबन्दी कम हुनु,

- बिषयगत शिक्षक कम हुनु,,
- विद्यार्थी नियमित हुन नसक्नु,,
- अधिकाँश विद्यालयहरुमा शैक्षिक र भौतिक पुर्वाधारको समुचित ब्यबस्थापन हुन नसक्नु,
- अभिभावकमा शिक्षाको चेतनास्तर कम हुनु, ,
- बाल बिकास केन्द्रमा बालमैत्री खेल तथा शैक्षिक सामाग्री को कमी हुनु,
- शिक्षकहरुमा आधुनिक शिक्षण सिकाई सीप र प्रबिधीको कमी हुनु,
- सुचना तथा संचार सामाग्रिको कमि हुनु,

- गाउँपालिका तथा विद्यालय व्यबस्थापन समितिबाट शिक्षक शिक्षिकाको उपस्थिति र अध्यापन प्रभावकारी अनुगमन तथा मुल्यांकन हुन नसक्नु,
- विशेष शिक्षामा सहज पहुँचको कमी हुनु,
- कोभिड १९ को कारणले लामो समय सम्म विद्यालय बन्द रहनु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

**चुनौति :**

- विद्यार्थी संख्या कम भएका विद्यालयको समायोजन गर्नु,
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक शिक्षिकालाई राजनीतिक प्रभावबाट मुक्त राख्न आचार संहिता लागु गर्नु,
- शिक्षण सिकाइ उपलब्धि दरमा सुधार गर्नु,
- बिषयगत (गणित, विज्ञान, अंग्रेजी आदि) दक्ष शिक्षक ब्यबस्थापन गर्नु ।
- , निजी र सामुदायिक विद्यालय वीच भएको शैक्षिक गुणस्तरमा समानता ल्याउनु, विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु,
- विद्यालय छाड्ने दर कम गर्नु, विद्यालयमा अपाङ्गतामैत्री तथा खेलकुद पूर्वाधारको विकास गर्नु,
- प्राविधिक विद्यालय स्थापना र संचालन गर्नु, कोभिड १९ लगायतका महामारीको अवस्थामा वैकल्पिक पठनपाठनको व्यवस्था गर्नु आदि प्रमुख चुनौति हुन

### ५.१.३ सम्भावना तथा अवसर

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकारमा रहनु, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनु, एक स्थानीय तह एक प्राविधिक विद्यालयको नीति रहनु, विद्यालय नक्सांकन र समायोजनको अधिकार स्थानीय तहमा रहनु, योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको उपलव्धता हुनु, शिक्षामा महिला शिक्षक र छात्राहरू को पहुँचमा वृद्धि हुनु, विपन्न, दलित, अपाङ्ग, छात्रा, सीमान्तकृत र जेहेन्दार विद्यार्थीहरूको पहुँचमा बृद्धि र प्रोत्साहन गर्न लागि दिवा खाजा, छात्रवृत्ति लगायत विविध कार्यक्रमहरु संचालनमा रहनु, शिक्षामा निजी क्षेत्रको लगानी बढ्दै जानु, शिक्षाप्रति अभिभावकहरु संबेदनशील र जागरुक हुँदै जानु र शिक्षाक्षेत्र जनप्रतिनिधिहरुको प्राथमिकतामा रहनु आदि प्रमुख अवसरहरू हुन् ।

### ५.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

*५.१.४.१ लक्ष्य  आधारभूत तथा माद्यमिक शिक्षामा सबैको पहुच भएको हुने ।*

*५.१.४.२ उद्देश्य  विद्यालय शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी बनाउनु*

५.१.४.३ ***रणनीति***

१. विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने

२. जीवनोपयोगी प्राविधिक शिक्षा उपलब्ध गराउने

३. विद्यालयमा न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था गर्ने

४. विद्यालयलाई आधुनिक प्रविधियुक्त बनाउने

५. अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आबद्ध गर्ने

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १.विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने | १) विद्यार्थी भर्ना अभियान सञ्चालन गरी भर्ना दर शतप्रतिशत बनाइनेछ ।<br>२) विद्यालयको शिक्षण सिकाई वातावरणमा सुधार गर्न शिक्षण विधिमा सुधार ल्याइनेछ ।<br>३) शिक्षकको अध्यापन क्षमता बृद्धि गर्न विभिन्न बिषय शिक्षण विधि सम्वन्धी तालिमहरु प्रदान गरिनेछ र स्वअध्ययन मूलक सामाग्रीको व्यवस्था गरिने छ ।<br>४) परीक्षा प्रणालीमा सुधार गरी निरन्तर तथा आवधिक मूल्यांकन विधिलाई संस्थागत गरिने छ र प्रत्येक विद्यार्थीको सिकाई उपलब्धीको अभिलेख राखिने छ ।<br>५) प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थी र शिक्षक कक्षा कोठाको अनुपात मिलाई शैक्षिक सामग्री र उपकरणको व्यवस्था मिलाइनेछ ।<br>६) महिला, दलित, भिन्न क्षमता भएका बालबालिका, विपन्न तथा पछाडि परेका समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, खाजा, पोशाक लगायत विशेष |

| | |
|---|---|
| | प्रोत्साहनजनक कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>७) विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाई एवं वातावरणीय शिक्षा, नैतिक एबं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलव्ध गराइनेछ ।<br>८) विद्यार्थीको प्रतिभा पहिचान तथा प्रस्फुटन गर्न थप सिकाईको अवसर प्रदान गर्न अतिरिक्त क्रियाकलाप, खेलकुद, नृत्य र संगितको सिकाई तथा सहभागिता सुनिश्चित गरिनेछ ।<br>९) पछाडी परेको समुदायका बालवालिकाहरु तथा जेहेन्दार विद्यार्थीहरुलाई माध्यमिक तहसम्मको अध्ययनलाई सुनिश्चित गर्न छात्रबृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१०) शिक्षक/शिक्षिका र व्यवस्थापन समितिको आचरणलाई व्यवस्थित गर्न आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| २. जीवनोपयोगी प्राविधिक शिक्षा उपलब्ध गराउने | १) संघ तथा प्रदेशबाट स्वीकृत मापदण्ड र पाठ्यक्रमको आधारमा गुणस्तरयुक्त प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने वातावरण मिलाइनेछ ।<br>२) स्थापित माध्यमिक विद्यालयहरुलाई प्राविधिक शिक्षालय स्थापना गर्न वा एनेक्स कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्दै सहलगानीमा कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।<br>३) प्राविधिक शिक्षा र व्यवसायिक तालिममा अधिकाधिक युवाहरुलाई आकर्षित गरिनेछ ।<br>४) प्राविधिक शिक्षा र व्यवसायिक तालिमका क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्ने अनुकुल वातावरण श्रृजना गरिनेछ ।<br>५) प्राविधिक शिक्षा एवं व्यवसायिक तालिममा महिला तथा पिछडिएको समुदायलाई आकर्षित गरी समावेशी बनाइनेछ ।<br>६) सीपलाई प्रमाणिकरण गर्ने पद्धतिको विकास गर्न औपचारिक शिक्षाका विद्यार्थीलाई अनौपचारिक शिक्षाका सिकारुसँग सहकार्य गर्ने ब्यवस्था मिलाइनेछ ।<br>७) विद्यालय शिक्षा पुरा नगरेका किशोरकिशोरीहरूलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. विद्यालयमा न्यूनतम शैक्षिक तथा भौतिक | १) विद्यालय भौतिक पूर्वाधार सुधार योजना तयार गरी विद्यालयहरुमा ब्लक, खानेपानी, छात्र छात्रा तथा शिक्षकलाई आवश्यकता अनुसार |

| | |
|---|---|
| पूर्वाधार व्यवस्था गर्ने | शौचालय, घेरावारा, बालमैत्री एवं अपांगमैत्री पूर्वाधार, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गरिनेछ ।<br>२) प्रत्येक विद्यालयमा स्यानेटरी प्याडहरुको व्यवस्था सुविधा सहितको बालिका शौचालयको व्यवस्था गरिने छ ।<br>३) मापदण्ड अनुसार विद्यार्थीको अनुपातका आधारमा कक्षा कोठाहरुको संख्या बृद्धि गरिने छ ।<br>४) विद्यालयको हाता भित्र हरियाली वातावरण निर्माणका लागि एक विद्यालय एक बगैचा एक विद्यार्थी एक विरुवा कार्यक्रमको सुरुवात गरी उत्कृष्ट बगैचा भएको विद्यालयलाई पुरुष्कृत गरिनेछ । |
| ४. विद्यालयलाई आधुनिक प्रविधियुक्त बनाउने | १) विद्यालयमा कम्पुटर, इन्टरनेट, डिजिटल प्रविधिका उपकरणहरु लगायत आधुनिक प्रविधिका शिक्षण सिकाईमैत्री उपकरणहरु जडान तथा उपयोग गरिनेछ ।<br>२) नयाँ र आधुनिक प्रविधि उपयोग बारे जानकारी हुने गरी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३) मोवाइलको प्रयोग विद्यार्थीलाई गृहकार्यको पाठ सञ्चार गर्न, शैक्षिक तथा पाठ्य सामाग्री आदान प्रदान गर्न र विद्यार्थीको शैक्षिक उपलब्धीको निरन्तर मापन गर्न प्रयोग गरिने छ ।<br>४) विद्यालय र गाउँपालिका बीच विद्युतीय माध्यमद्वारा अन्तरक्रिया र प्रतिवेदन व्यवस्था लागू गरिनेछ र सबै विद्यालयमा इ-हाजिरी अनिवार्य गरिने छ । |
| ५. अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आबद्ध गर्ने | १) आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूहभन्दा माथिका किशोरकिशोरीहरूलाई ऊनीहरूको अनुकुल अनौपचारिक सीपमूलक र डिजिटल साक्षरता कक्षा संचालन गरिनेछ ।<br>२) विद्यालय केन्द्रित साक्षरता कर्यक्रमलाई अभियानको रूपमा संचालन गरिनेछ ।<br>३) साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ५.१.५ अपेक्षित उपलब्धि :

यस थलारा गाउँपालिका साक्षर दर   प्रतिसतले बढेको हुने छ।  खुद भर्ना दर १५ प्रतिशत भएको हुने, आधारभूत तहमा विद्यालय छाड्ने दर ५ प्रतिशतले कम भएको हुने, सिकाई उपलब्धी दर ६१ भएको हुने, एउटा  बहु प्राबिधिक विद्यालय र ३  प्राविधिक धारको विद्यालयको स्थापना भई पठनपाठन भएको हुने, पचास प्रतिशत माध्यमिक विद्यालयमा कम्प्युटर तथा विज्ञान प्रयोगशाला र सबै सामुदायिक विद्यालयहरुमा इमेल, इन्टरनेट सुविधा र बाल मैत्री, अपाङ्ग मैत्री पूर्वाधार तथा महिला शिक्षक तथा छात्राको लागि छुट्टै शौचालयको व्यवस्था भएको हुने,सवै विद्यालयहरुमा बाल क्लवहरु गठन हुने, ४१  वटा बाल विकास केन्द्रमा समेत कक्षा संचालन हुने, गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण हुने अपेक्षा राखिएको छ ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

## ५.२ आधारभुत स्वास्थ्य र पोषण

### ५.२.१ पृष्ठभुमि

स्वस्थ जीवनलाई मानव अधिकारको अपरिहार्य सम्भागको रुपमा लिई नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधानले आधारभूत स्वास्थ्यलाई स्थानीय तहको जिम्मेवारीमा राखेको छ । नेपालको पन्ध्रौ योजना, दीगो विकासको लक्ष्य, र सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजनाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकातामा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत स्वास्थ्य सम्वन्धी महत्वपूर्ण अधिकार र जिम्मेवारी स्थानीय तहमा रहेको छ । बर्तमान स्वास्थ्य नीति बमोजिम प्रत्येक वडामा स्वास्थ्य केन्द्र र प्रत्येक गाउँपालिकामा पन्ध्र शैया सम्मको अस्पताल स्थापना गर्ने नीति अवलम्बन गरिएको छ ।

यस थलारा गाउँपालिकामा एउटा ५ वटा स्वास्थ्य चौकि, , ७ वटा मेडिकल ५ वटा बर्थिङ सेन्टर वटा गाउँघर क्लिनिक र १६ वटा खोप क्लिनिक रहेका छन् । यस गाउँपालिकामा ४५ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु रहेका छन् ।

यस गाउँपालिकामा वि.सं.२०७७/७८ मा परिवार नियोजनका साधन प्रयोग दर २१.८ % रहेको छ । चार पटक गर्भवती जाँच गराउने महिला ४१ % रहेका छन् । सुत्केरी पश्चात् जाँच गराउने महिला जम्मा ७ % मात्र रहेका छन् ।

### ५.२.२ प्रमुख समस्या तथा चुनौतीहरु

- सबै वडमहरुमा स्वास्थ्य चौकीको पहुँचयुक्त नहुनु,
- स्वास्थ्य संस्थामा दिइराखेको सेवा, सुविधाको गुणस्तर पर्याप्त नहुनु,
- भौतिक पुर्वाधारको कमी,
- स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव हुनु
- स्वास्थ्य संस्थाका कार्यरत जनशक्तिहरुलाई आवश्यक तालिम कमि हुनु
- कुनै पनि स्वास्थ्य संस्थामा एम्बुलेन्स नहुनु, स्वास्थ्य सूचकहरुको हकमा गर्भवती जाँच चारै पटक नहुनु,
- किशोरावस्थामा गर्भवती हुनु,
- स्वास्थ्य संस्थामा हुने सुत्केरीको संख्या बढाउन नसक्नु र तालिम प्राप्त स्थायी स्वास्थ्यकर्मीहरु पर्याप्त नहुनाले तथो घरमा सुत्केरी हुनु,
- किशोर किशोरीहरुमा देखिएको दुव्र्यसन नियन्त्रण गर्न नसक्नु आदि प्रमुख समस्या रहेका छन् । गाउँपालिकाको स्वास्थ्य शाखाम जनशक्तिको अभाव रहेको छ ।

### ख) चुनौति

- पालिकाका स्वास्थ्य संस्थामा एम्बुलेन्सको व्यवस्था गर्नु,
- सबै गर्भवती महिलालाई स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी गराउनु,
- ल्याब तथा अन्य सेवाहरु गुणस्तरीय बनाउनु, रिफरल स्वास्थ्य सेवाको सहज व्यवस्था गर्नु,
- दुव्र्यसनीमा परेका किशोरकिशोरीहरुको पुर्नस्थापना आदि थलारा गाउँपालिकाका स्वास्थ्य सम्बन्धी प्रमुख चुनौतिहरु हुन् ।

#### ५.२.३ सम्भावना तथा अवसर

आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको अधिकारमा हुनु, दीगो विकासका लक्ष्यमा स्वास्थ्यलाई प्रमुखताका साथ राखिनु, यस गाउँपालिकामा पाँच वर्षमुनिका बालबालिकाहरुको खोप तथा पोषणका सूचकहरु प्रगतिशील देखिनु, गाउँपालिकाको गाउंघर क्लिनिक सञ्चालनमा रहनु, स्वास्थ्य बीमा कार्यक्रम सचांलन हुनु, स्वास्थ्य सेवा सबल बनाउने अवसरहर हुन् ।

#### ५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**५.२.४.१ *लक्ष्य*** *: आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच भएको हुने*

**५.२.४.२ *उद्देश्य*** *: आधारभूत तथा गुणस्तरीय स्वास्थ तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु,*

५.२.४.३ *रणनीतिहरु*

१) स्वास्थ्य संस्थाको सेवा पहुँचयुक्त बनाउने

२) स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने

३) रिफरल स्वास्थ्य सेवा सहज गराउने

४) मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने

**कार्यनीतिहरु**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १) स्वास्थ्य संस्थाको सेवा पहुँचयुक्त बनाउने | १) स्वास्थ्य नीति तर्जुमा गरिनेछ ।<br>२) प्रत्येक वडामा प्रसुति सेवा सहितको स्वास्थ्य सेवा केन्द्रको विकास गरिनेछ ।<br>३) प्रत्येक सुत्केरीलाई आफ्नै वडाको स्वास्थ्य संस्थामा जाँच तथा सुत्केरी |

| | |
|---|---|
| | गराउन प्रोत्साहन गरिनेछ ।<br>४) स्वास्थ्य संस्थाको स्तर अनुसार एक्स रे, स्वास्थ्य प्रयोगशाला जस्ता न्यूनतम सेवा दिने उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ ।<br>५) संक्रामक सरुवा रोगका लागी आवश्यक पर्दा क्वारेन्टाइनको लागि प्रयोगमा आउन सक्ने भवनहरुको पहिचान गरिनेछ ।<br>८) स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरुको गुणस्तरमा वृद्धि गरिनेछ ।<br>९) स्वास्थ्य सँस्थाहरुको पुर्वाधार विकास गरिने छ |
| २) स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने | १) स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य कर्मचारी नियुक्ति गरिनेछ ।<br>२) स्वास्थ्य संस्थामा ल्याब सेवा बिस्तार गरिनेछ ।<br>३) स्वस्थ्यकर्मीहरुलाई रिफ्रेसर तालिम तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आवश्यक तालिम दिइनेछ ।<br>४) स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको निशुल्क औषधी सरल रुपमा पाउने व्यवस्था गरिनेछ ।<br>५) स्वास्थ्य बिमाको पहँच बिस्तार गरिनेछ ।<br>६) जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरिनेछ । |
| ३) रिफरल स्वास्थ्य सेवा सहज गराउने | १) जिल्ला अस्पताललाई रिफरल अस्पतालको रुपमा विकास गर्न प्रदेश सरकार र अन्य सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।<br>२) स्त्री रोग विज्ञ(डाक्टर) द्वारा महिलाहरुको पाठेघर तथा स्तन क्यान्सरको पहिचान र उपचारको लागि स्वास्थ्य शिविर संचालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई घरदैलो सेवा मार्फत स्वास्थ्य जाँच गरिने छ।<br>३) गाउँपालिकामा मोटर बाटोसम्म सेवा दिनेगरी कम्तीमा एक एम्बुलेन्स सेवा शुरु गरिनेछ ।<br>४) तत्काल उपचार नहुँदा ज्यानको जोखिममा पर्ने प्रकृतिको सुत्केरी, |

| | |
|---|---|
| | दुर्घटनामा परेका व्यक्ति आदिको उपचारका लागि संघीय सरकारसँग समन्वय मार्फत हेली- एम्बुलेन्स सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ । |
| ४) मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने | १) खाद्य व्यवहारमा सुधार गर्न स्थानीय पौष्टिक खानेकुराको उपयोगमा जोड दिइनेछ ।<br>२) पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्यलाई ध्यानमा राखी सुनौला हजार दिन कार्यक्रमका साथै मासिक रुपमा अण्डा तथा गेडागुडी वितरण कार्यक्रम संचालन गरिनेछ ।<br>३) अनिवार्य खोप सेवा तथा प्राथमिक उपचारलाई सबैको पहुँचमा पुऱ्याउन गाउँघर क्लिनिकलाई निरन्तरता दिइनेछ ।<br>४) गर्भवती महिलाको गर्भावस्थामा ४ पटक जाँच र सुत्केरी महिलाको ३ पटक जाँचलाई प्रोत्साहन गर्न मासिक रुपमा स्वास्थ्य संस्थाबाट जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।<br>५) किशोरवस्थाको गर्भधारणले ल्याउन सक्ने जटिलताबारे जनचेतना जगाउन विद्यालय मार्फत वर्षको तीन पटक विशेष शैक्षिक कार्यक्रम आयोजना गराइनेछ । |

**प्रमुख कार्यक्रमहरु :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ५.२.५ अपेक्षित उपलब्धि

१) स्थानीय स्वास्थ्य नीति तर्जुमा भएको हुने

२) गाउँपालिकामा कम्तीमा १ अस्पताल स्थापना भएको हुने

३) रिफरल अस्पतालसँग सम्बन्ध स्थापित भएको हुने

४) ८० प्रतिशत महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी भएको हुने

५) सुत्केरी पश्चात् ३ पटक जाँच गराउने महिला २० % पुऱ्याउने

७) स्वास्थ्य संस्थामा ३० मिनेटमा भित्र पुग्ने ५० % पुऱ्याउने

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

## ५.३ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षितवर्ग

### ५.३.१ पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा नेपालको संविधान २०७२को प्रस्तावनामा नै समानुपातिक समावेशी र सहभागिताको सिधान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैङ्गिक विभेद हिंसा तथा सवै प्रकारको जातिय छुवाछुत एवं विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरिएको छ । मौलिक हक अन्तर्गत महिलाको हक, बालबालिकाको हक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सामाजिक सुरक्षाको हक, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन वमोजिम सामाजिक सुरक्षाको हक, र ज्येष्ठ नागरिकको हक अन्तर्गत राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूति दिइने उल्लेख भएको छ । नेपालको १५ औं योजनाले महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ । यसैगरी सेवा सुविधा, साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिको पहुँच स्थापित गरी सामाजिक आर्थिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने भनिएको छ । "कोही पनि छुटनु हुदैन" भन्ने मान्यताका साथ दिगो विकास लक्ष्यको लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने भन्ने कुरा उल्लेख गरिएको छ ।

**वस्तुगत स्थिति**

थलारा गाउँपालिकामा १५९५८ जनसंख्या (राष्ट्रिय जनगणना २०७८) रहेका छन् । यसमध्ये महिला ४४.५% (८८५७), बालबालिका २४.०५% (जन्मे देखि १९ वर्ष समुह, राष्ट्रिय जनगणना २०७८) ज्येष्ठ नागरिक११.३, अपाङ्गता भएका व्यक्ति २।५%, रहेका छन । गाउँपालिकाको औसत साक्षरता ६८.५९% रहेकोमा महिला साक्षरता ५९.४९% रहेको छ ।

सामाजिक सुरक्षा भत्तामा आवद्ध जनसंख्या ।।।।% रहेको छ । रोजगारीमा महिलाको हिस्सा ५७।६% रहेको छ (राष्ट्रिय जनगणना २०७८)। ६% घरजग्गा मात्र महिलाको स्वामित्वमा रहेको भने घरमा ०.५% मात्र महिलाको स्वामित्वमा रहेको देखिन्छ । कृषि पेशामा पुरुष २४५५ र महिला ३९५७ महिलाको उपस्थिति केहि बढी देखिएको छ । त्यसैगरी ज्यालादारी वा करारमा

काम गर्ने, उद्योग व्यवसाय साथै वैदेशिक रोजगारी तर्फ पनि महिलाको संख्या कम देखिएको छ । यस गाउँपालिकामा कार्यपालिकामा  महिला २९.४% दलित तथा अल्पसंख्यक समुदायबाट २९.४ % रहेको छ । जम्मा निर्वाचित जन प्रतिनिधहरुमा ६२ प्रतिसत पुरुष र ३८ प्रतिसत महिला रहेका छन भने दलित समुदायको प्रतिनिधित्व २३.४ प्रतिसत रहेको देखिन्छ ।

### ५.३.२ प्रमुख समस्या तथा चुनौती

नेतृत्व तहमा महिलाको सहभागितामा कमि, नेतृत्व क्षमता विकासको कमि, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु, महिला लक्षित कार्यक्रमको कमी, महिला, शिक्षा, स्वास्थ्य लगायत आवश्यक सेवामा महिलाको पहुंचमा कमी, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री पूर्वाधारको कमी, ज्येष्ठ नागरिकलाई मा एक्लोपनो, अपाङ्गता भएका व्यक्ति प्रति समान व्यवहार नहुनु, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकको हक अधिकारको कार्यान्वयन पक्ष फितलो हुनु, रोजगारीको अवसरको कमि, दक्ष जनशक्तिको कमि आदि प्रमुख समस्याका रुपमा रहेका छन ।

महिला तथा पिछडीएका वर्ग समूदायको विकासका प्रत्येक चरणमा अर्थपुर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु, महिला तथा पिछडीएका वर्ग समूदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, आर्थिक तथा सामाजिक जवनमा लैङ्गिक समानता कायम गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, बालमैत्रि स्थानीय शासन स्थापना गर्नु, अपाङ्गता भएका र ज्येष्ठ नागरिक मैत्रि पूर्वाधारको विकास गर्नु, अपाङ्गता भएका व्यक्तिको प्रकृति अनुसारको सेवा प्रवाह, बालबालिका,सामाजिक सुरक्षा भत्ता वितरण सहज र सेवाग्राही मूखि बनाउनु, रोजगारीमा अपाङ्गता भएका व्यक्तिको पंहुचका लागि विशेष परिस्थिति एवं प्राविधिक व्यवस्थापन गर्नु, अपाङ्गतामैत्रि शिक्षा, भौगोलिक विकटता, प्राविधिक जनशक्तिको विकास आदि यस गाउँपालिकाको चुनौतिको रुपमा रहेका छन् ।

### ५.३.३ सम्भावना तथा अवसर

गाउँपालिकाको निर्णय प्रक्रियामा महिला दलित तथा अल्पसंख्यकलाई सबै तहका सरकारहरुले आत्मसात गर्नु, स्थानीय जनजाति समूदायको घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका पभावकारी हुनु, संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा अंगिकार गर्नु, ज्येष्ठ नागरिकको व्यवस्थापन स्थानीय अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने

वातावरण सृजना हुदै जानु, संविधानमा अपाङ्गता भएका व्यक्तिको लागि सेवा-सुविधा र सामाजिक सुरक्षाको व्यवस्था हुनु आदिलाई यस गाउँपालिकाको अवसरको रुपमा लिन सकिन्छ ।

### ५.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

*५.३.४.१ लक्ष्य : समतामूलक विकासमा समावेशी सहभागिता हासिल भएको हुने*

*५.३.४.२ उद्देश्य : बञ्चितिमा परेको वर्ग र समुदायको क्षमता विकास गर्नु ।*

*५.३.४.३ रणनीति*

१ बञ्चितिमा परेका जाती, वर्ग लिङ्ग र समुदायको क्षमता विकास गर्ने ।

२ विकासका अवसरहरुलाई समतामूलक सहभागिता र सुनिश्चित गर्ने ।

३ फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक संरक्षण र सुरक्षा गर्ने ।

४ बालबालिकाको संरक्षण तथा बालमैत्री वातावरण तयार गर्ने

५ जेष्ठ नागरीकहरुको सम्मान तथा संरक्षण गर्ने

६. महिला, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका विभेद दुव्र्यवहार, शोषण, उपेक्षा एव हिंसां, बाल बिवाह, बेचबिखन, ओसार पसारको अन्त्य गर्ने कुरामा जोड दिने

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १ बञ्चितिमा परेका जाती, वर्ग लिङ्ग र समुदायको क्षमता विकास गर्ने । | १) बञ्चितीमा परेका जाती, वर्ग, लिङ्ग र समुदायलाई लक्षित गरी आय र रोजगारीमूलक सीप विकास, नेतृत्व विकास, वित्तीय साक्षरता, सामाजिक सचेतना लगायतका माध्यमबाट क्षमता विकास गरीनेछ ।<br>२) औपचारिक तथा अनौपचारिक शिक्षा तथा तालिमको व्यवस्था गरि चेतनाको स्तर विकास गरिनेछ ।<br>३) गाउँपालिका स्तरमा लैससास रणनीति तयार गरी स्थानीय स्तरमा रहेका संघ संस्थालाई सोको कार्यान्वयनको लागि समन्वय गरिनेछ<br>४) लैंगिक समानता तथा सामाजिक समावेशीकरणमूखी विकास प्राप्तीको लागि सबै वर्गको सहभागिता सुनिश्चित गरिनेछ । |

| | | |
|---|---|---|
| २ | विकासका अवसरहरुलाई समतामूलक सहभागिता र सुनिश्चित गर्ने । | १) स्थानीय विकासका सबै क्षेत्रमा बञ्चितिकरणमा परेका सबै भूगोल, लिंग, जातजाति, समुदायको समानुपातिक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिइनेछ ।<br>२) गाउँपालिकाले स्थानीय विकास प्रवाह सम्वन्धी ऐन, नीति, कानून कार्यविधिहरु र योजना प्रकृयामा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधानहरु समावेश गरी सबै प्रकृयामा मूलप्रवाहिकरण गरिने छ ।<br>३) गाउँपालिका तथा यससँग सम्बद्ध संरचनाहरुलाई समावेशी बनाइनेछ ।<br>४) सबै पेशा, रोजगार, व्यवसायमा समतामूलक सहभागिता सुनिश्चितता लागि व्यवस्था मिलाइनेछ ।<br>५) महिला, दलित, जनजाति एवं अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुको नेतृत्व क्षमता विकास गरिने छ ।<br>६) विकासको सवै तह र निर्णय प्रक्रियामा महिलाको अर्थपुर्ण सहभागिता बढाउदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गरिनेछ ।<br>७) शिक्षा, स्वास्थ्य, कृषि, पशु, लघ उद्यम र रोजगारमूलक कार्यक्रममा दलित, महिला, बिपन्न, अपाङ्ग, बालबालिका र जेष्ठ नागरिक लक्षित कार्यक्रम संचालन गरिनेछ ।<br>८) लैङ्गिक सम्बेदनशील बजेट तर्जुमाका साथै विकास कार्यक्रमको लैङगिक परीक्षण गर्ने पद्धति कायम गरिने छ। |
| ३ | फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक संरक्षण र सुरक्षा गर्ने । | १) फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक, सास्कृतिक, प्रशासनिक क्षेत्रमा सहभागिता सुनिश्चित गर्न सामाजिक सुरक्षा र सकारात्मक विभेद सहितको संरक्षणको व्यवस्था मिलाइनेछ ।<br>२) फरक क्षमता भएका व्यक्तिहरुको अर्थपुर्ण सहभागिताका लागि क्षमता विकास गरिने छ ।<br>३) आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आय आर्जन तथा राज्यले दिने सम्पुर्ण सेवा सुविधाहरुमा फरक क्षमता भएका व्यक्तिहरुको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।<br>४) सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदिलाई बालमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी हुने गरी निर्माण गरिनेछ र मौजुदा सार्वजनिक संरचनाहरूलाई पनि |

| | |
|---|---|
| | समावेशी बनाउँदै लगिनेछ । |
| ४ बालबालिकाको संरक्षण तथा बालमैत्री वातावरण तयार गर्ने | १) बालबालिकको संरक्षण तथा बालमैत्री वातावरण सम्वन्धी नीति र कार्यक्रमको व्यवस्था गरिने छ ।<br>२) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, दुव्र्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन, ओसार पसार जस्ता अपराध विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिने छ । |
| ५ जेष्ठ नागरीकहरुको सम्मान तथा संरक्षण गर्ने | १) ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल, र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२) ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वडा एवं टोलस्तरमा उपलब्ध गराउने छ ।<br>३) ज्येष्ठ नागरिक मैत्री भौतिक संरचना निर्माण गरिने छ |
| ६. महिला, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका विभेद दुव्र्यवहार, शोषण, उपेक्षा एव हिसां, बाल बिवाह, बेचबिखन, ओसार पसारको अन्त्य गर्ने कुरामा जोड दिने | १) सबै नागरिकहरुमा न्यायिक समितिद्धारा निश्पक्ष सेवा उपलब्ध गर्ने ब्यवस्था मिलाईनेछ ।<br>२) लैङ्गिक हिंसाको अन्त्यको लागि गाउँस्तरीय सामाजिक सुरक्षा कोषको स्थापना तथा संचालन गरीनेछ ।<br>३) मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुको संरक्षण तथा पुनरुथापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरुको स्थापना र सञ्चालन गरिनेछ ।<br>४) मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुलाई आत्मनिर्भर बनाउन ब्यबसाय मुलक तालिम प्रदान तथा रोजगारीका अवशरहरुमा सहभागिताका लागि व्यवस्था गरिनेछ ।<br>५) लैङ्गिक हिंसा, मानव बेचबिखन, बालविवाह न्युनिकरण गर्न ग्रामीण स्तरमा ब्यापक रुपमा सचेतना मूलक कार्यक्रमहरु गरीनेछ । |

**प्रमुख कार्यक्रम :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ५.३.५ अपेक्षित उपलब्धि

गाउँपालिकाबाट गठन हुने समितिहरुमा ।।।।। प्रतिशत समावेशीता भएको हुने, सवै निकायमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत भएको हुने, लैससास बजेट परिक्षण नियमित भएको हुने ।लैससास नीति तर्जुमा भएको हुने, लैङ्गिक बजेट प्रणाली अवलम्बन भएको हुने,कम्तिका २०० जना महिलालाई क्षमता विकास तालिम दिइएको हुने, लैससास अन्तर्रक्षेत्रीय खण्डीकृत तथ्यांक संकलनको अभ्यास शुरुभएको हुने, प्रादेशिक आयमा महिलाको घरायसी कामको लेखाजोखा भएको हुने, अपाङ्गमैत्री, बालबालिकामैत्री, महिलामैत्री भौतिक संरचना निर्माण (विद्यालय, सरकारी कार्यलय, मंत्रालय, गाउँपालिका भवन, सार्वजनिक भवनहरु) निमार्ण भएको हुने, ज्येष्ठ नागरिक सम्वन्धी नीति, समायोजना, निर्माण तथा संशोधन, सम्मान कार्यक्रम सञ्चालन भएको हुने ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

## ५.४ यूवा तथा खेलकुद

### ५.४.१ पृष्ठभुमी

उत्पादनशील यूवा मुलुकको विकासका संवाहक हुन । संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरुको पुर्ण उपयोग गर्न मार्गदर्शन गरेको छ । युवाको विकास तथा सशक्तिकरण गर्न युवा उद्यमशिलता, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान आवश्यक हुन्छ । यसैगरी मानव विशेष गरेर युवाहरुको सर्वाङ्गिण विकास तथा राष्टिय र अन्तराष्टिय क्षेत्रमा पहिचान र प्रतिष्ठा हासिल गर्न खेलकुदको महत्वपूर्ण भूमिका हुन्छ ।

**बस्तुगत स्थिति**

यस गाउँपालिकाको कुल जनसख्यामा १५ देखि ४० बर्ष उमेर सम्मको जनसंख्या करिव ३६.४८ प्रतिशत (५८२१) रहेको छ भने करिव ७.८६ प्रतिशत युवाहरु वैदेशिक रोजगारमा संलग्न देखिन्छ। यस गाउँपालिकामा रहेका १२ वटा आधारभूत तथा माध्यमिक विद्यालयहरुमा खेलकुदको लागि साना ठूला मैदान रहेका छन ।

### ५.४.२ प्रमुख समस्या तथा चुनौती

समस्याहरु

युवालाई लक्षित कार्यक्रममा कमी, युवा लक्षित प्राविधिक तथा व्यवसायिक शिक्षा, सीपमूलक तालिममा कमी, युवालाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसकिनु, स्तरीय खेलकुद पूर्वाधारको कमी, खेलकुद प्रति जनप्रतिनिधि र स्थानीय समुदायको चासो कम हुनु, व्यवसायिक खेलकुद गाउँपालिकाको प्राथमिकतामा नहुनु, खेलकुद प्रशिक्षणको कमी, खेलकुदवाट जीविकोपार्जन हुने अवस्था नरहनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

**चुनौति**

युवा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण गर्नु, युवामैत्री लगानीको अवसर बढाउनु, उद्यमशील रोजगारी सिर्जना गर्नु, युवाहरुलाई खेलकुद प्रति प्रोत्साहित गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यवसायिक खेलकुदको विकास गर्नु, स्वदेशमा रोजगारीका अवसरहरुको वृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौति हुन ।

### ५.४.३ सम्भावना तथा अवसर

**क) अवसर**

जनसंख्याको ठूलो हिस्सा युवा हुनु, सामाजिक परिचालन तथा प्रकोप व्यवस्थापन जस्ता सामाजिक क्रियाकलापमा युवाहरुको संलग्नता बढाउने अवसर हुनु, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य युवा स्वरोजगारमूलक कार्यक्रम सञ्चालनमा रहनु, गाउँपालिकाका अधिकाँश जनप्रतिनिधि युवा हुनु, युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु, खेलकुदका पुर्वाधारहरुको क्रमशः विकास हुदै जानु, साहसिक र पर्यटकिय खेलकुदको प्रचुर संभावना रहनु, गाउँपालिका स्तरीय दुइवटा खेल मैदान निर्माणाधिन हुनु आदि यस क्षेत्रका प्रमुख अवशरका रुपमा रहेका छन् ।

### ५.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** स्थानीय विकास प्रकृयामा युवाको योगदान बृद्धि भएको हुने

**उद्देश्य**

१. युवा उद्यमशिलता र रोजगारीको अभिवृद्धि गर्नु
२. खेलकुद पूर्वाधारको विकास गर्नु

**रणनीति**

१ युवा रोजगारी तथा स्वरोजगारी बृद्धि गर्ने
२ युवा उद्यमशीलता प्रवद्र्धन गर्ने ।
३ खेलकुद पुर्वाधार निर्माण र विस्तार गर्ने ।
४ व्यवसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने ।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १ युवा रोजगारी तथा स्वरोजगारी बृद्धि गर्ने | १) युवाहरुलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय सस्थाहरुसंग सहजिकरण गरिनेछ ।<br>२) श्रममूलक प्रविधिको प्रयोग गरी स्थानीय विकास कार्यमा युवा परिचालित गरिनेछ ।<br>३) निजी क्षेत्र, गैसस र विकास साझेदारहरुसंग समन्वय गरी युवा रोजगारीलाई प्रवद्र्धन गरिनेछ ।<br>४) वैदेशिक रोजगारीबाट फर्केका युवाले विदेशमा सिकेको सीप र उद्यमशीलताको सदुपयोग गरिनेछ ।<br>५) विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ । |
| २ युवा उद्यमशीलता प्रवद्र्धन | १) युवामा प्रविधि एवं परम्परागत सीपको आधुनिकिकरण गरि |

| | |
|---|---|
| गर्ने । | रैथाने सीप र पेशाको व्यवसायीकरण गरिनेछ ।<br>२) युवा लक्षित सीप, प्राविधि शिक्षा, तालिम तथा रोजगार अभिवृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाइनेछ ।<br>३) एस.इ.इ मा संलग्न भएका वा उतीर्ण भएका युवाहरुलाई सीपमूलक तालिम दिई आयमूलक व्यवसायमा आबद्ध गराईने छ ।<br>४) युवाहरुले उत्पादन गरेका वस्तुहरुको प्रवद्र्धन र बजारीकरण गर्न सहकारीमा आबद्ध गराईने छ ।<br>५) स्थानीय समुदायका परम्परागत पेशालाई व्यवसायीकरण गर्न लगानी अभिवृद्धि गरिनेछ । |
| ३ खेलकुद पुर्वाधार निर्माण र विस्तार गर्ने । | १) विद्यालय खेलमैदानलाई क्रमशः स्तरीकरण गर्दै लगिने छ र निर्माणाधिन २ वटा खेल मैदानलाई छिटो सम्पन्न गर्न पहल गरिने छ ।<br>२) परम्परागत खेल पहिचान गर्दै, साहसिक खेलकुदका सम्भाव्य क्षेत्रहरु (साइकिलिङ, हाइकिङ, बन्जीजम्पीङ, जिप फ्लायर, प्याराग्लाइडिङ, निशानाबाजी, फुटबल, भलिबल, कबड्डी आदि) स्थानहरु प्हिचान गरी आधारभूत पूर्वाधारहरु विकास र प्रवद्र्धन गरिनेछ । |
| ४ व्यवसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने । | १) खेलकुद विकासमा निजी क्षेत्रसंग सहकार्य र समन्वय गरिनेछ ।<br>२) व्यवसायिक खेलकुद क्लवहरुको स्थापना एर्व विकास गर्न प्रोत्साहन गरिने छ ।<br>३) फरक क्षमता भएकाहरुको विशिष्टीकृत खेलकुद प्रतियोगिताहरुको प्रायोजना गर्ने र उनिहरुलाई खेलकुद प्रति आकर्षित गरिनेछ ।<br>४) गाउँपालिका स्तरीय र विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।<br>५) हरेक विद्यालयलाई कुनै एउटा खेलका लागि विशिष्टीकृत गर्दै लगिने छ ।<br>६) खेलकुद मैदान र कभर्डहलको निर्माण र व्यवस्थापन गरिनेछ । |

**प्रमुख कार्यक्रम :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ५.४.५ अपेक्षित उपलव्धि

गाउँपालिकामा विप्रेषण लगानी बढेको हुने, स्थानीय व्यवसायिक परियोजनाहरुमा युवाको परिचालन बढेको हुने, २०० जना युवाहरुले रोजगारमूलक सीप विकास तालिम लिएको हुने, रैथाने व्यवसायहरु पहिचान स्थापित गर्दै आधुनिकीकरण भएका हुने, गाउँपालिका स्तरीय खेलकुद मैदान, वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना भएको हुने, विद्यालय तहमा खेलकुद मैदान निर्माण भएको हुने । व्यवसायिक खेलकुद प्रतियोगिता शुरु भएको हुने, प्रत्येक वर्ष स्थानीय स्तरीय र जिल्लास्तरीय प्रतियोगिताको आयोजना गरेको हुने, र युवा खेलकुद सम्वन्धि स्थानीय नीति निर्माण भएको हुने ।

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

## ५.५ खानेपानी तथा सरसफाइ

### ५.५.१ पृष्ठभुमि

खानेपानी र ससफाइ सुबिधा नागरिकको अधिकारको रुपमा स्थापित भइ सकेको छ । नेपालको संविधानले खानेपानी तथा सरसफाइको पहुँचलाई मौलिक हकको रुपमा स्थान दिएको छ । खानेपानी तथा सरसफाइको व्यवस्थापन कार्य तीनवटै तहका सरकारको एकल तथा साझा अधिकारको रुपमा उल्लेख भएकोछ ।

**वस्तुगत स्थिति**

यस पालिकामा खानेपानीको श्रोत राम्रै देखिएको छ । गाउँपालिकाको ७६।४ प्रतिसत परिवारले पाईपको खानेपानी प्राप्त गरेका छन । त्यसै गरी अन्य खानेपानीको श्रोतहरुमा ईनार/कुवा (ढाकिएको) ०।३ प्रतिसत , मूलको पानी २१।७ प्रतिसत , ईनार/कु वा (नढाकिएको) १ प्रतिसत , खोला वा नदि ०.५० प्रतिसत र अन्य श्रोत ०.०१ प्रतिसत रहेको छ ।

यस गाउँपालिकामा ढल निकासको कुनै योजना संचालनमा रहेको छैन । भिरालो स्थान भएकोले ढलको धेरै जरूरी नदेखिए पनि बजार क्षेत्रमा ढल निर्माण गर्न आवश्यक भइ सकेको छ । गाउँपालिकामा सरसफाई सम्बन्धि कार्य गर्न्न केही संस्थाहरु कार्यरत रहेका छन् । हालसम्म घरको फोहरलाई घरमै व्यबस्थापन गर्ने गरेको पाइन्छ । तर बजार क्षेत्रको फोहरलाई थन्को लगाउन गाउँपालिकालाई फोहर मैला ब्यवस्थापन केन्द्र (डम्पिङ साइट) को ब्यवस्था गरिएको देखिदैन ।

जनगणना २०७८ को तथ्याक अनुशार यस पालिकामा शौचालय प्रयोगक अवस्था जस अनुशारज ९० प्रतिसत घरधुरीले पक्कि शौचालय प्रयोग गरेको देखिन्छ . तेसै गरि २ प्रतिसत घरधुरीमा शौचालय नभएको देखिन्छ भने ०।४ पेतिसतले सार्वजनिक शौचलय प्रयोग गर्दछन ।

### ५.५.२ प्रमुख समस्या तथा चुनौतीहरु

गाउँपालिकामा हालसम्म स्वच्छ खानेपानी भन्दा सफा खानेपानी मात्र प्रयोग गरीराखेको देखिन्छ । स्वच्छ खानेपानी बितरण गर्न नसक्नु मुल समस्या हो । एक घर एक धाराको ब्यबस्था हुनु नसक्ने, खानेपानि मूहानमा बिबाद देखिनु, खानेपानीको योजनाहरुको मर्मत संभार पद्धतिको विकास गर्न नसकिंदा वितरण नियमित नहुनु, गाउँपालिकामा खानेपानी सम्बन्धी काम गर्ने दक्ष जनशक्तिको अभाव हुनु, सरसफाई सम्बन्धी जनचेतनाको कमी हुनु आदि मुख्य समस्याहरु हुन ।

**चुनौति**

दिगो खानेपानी योजनाको ब्यबस्था, सबै घरधुरीमा एक घर एक धाराको सुनिश्चित गर्नु, खानेपानीको गुणस्तरमा बृद्धिगरी श्वच्छ तथा सफा खानेपानीको वितरण गर्नु, खानेपानीलाई शुद्धिकरण गर्नु, निर्माणाधीन खानेपानी योजनाहरुको समयमै निर्माण सम्पन्न गर्नु, सरसफाई सम्बन्धी जनचेतना जगाउनु, फोहरको उचित व्यबस्थापन गर्नु आदि चुनौति रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

**क) अवसर**

गाउँपालिका क्षेत्रमा खानेपानीका श्रोतहरु हुनु, खानेपानी तथा सरसफाई कार्यलाई संघ, प्रदेश र गाउँपालिकाको प्राथमिकतामा रहनु, खानेपानीमा सरोकार निकायहरुको चासो र सहकार्य हुनु, खानेपानी तथा सरसफाई प्रति आम उपभोक्ताहरुको चेतनामा अभीबृद्धि हुदै जानु आदि अवसरहरु हुन ।

### ५.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** सबै नागरिकको स्वच्छ खानेपानीको सरसफाइ सुविधा प्राप्त गरेको हुने ।

**उद्धेश्य :** सबै घरधुरीमा स्वच्छ खानेपानी र सरसफाइको सुविधा विस्तार गर्नु,

**रणनीति :**

१ सबै घरधुरीलाई पाइपद्वारा एक घर एक धारा स्वच्छ खानेपानी उपलब्ध गराउने

२ हरेक घरधुरीमा शौचालय सहितको सरसफाईको व्यवस्था गर्ने

**कार्यनीतिः**

| रणनीति | कार्यनीति |
|---|---|
| १ सबै घरधुरीलाई पाइपद्वारा एक घर एक धारा स्वच्छ खानेपानी उपलब्ध गराउने । | १) खानेपानी योजनाको निर्माण र सरसफाइलाई उचित तवरले व्यबस्थित गर्न खानेपानी तथा सरसफाइ गुरुयोजना लागु गरिनेछ ।<br>२) खानेपानीको गुणस्तर परीक्षण गर्न गाउँपालिकाले जनशक्ति सहितको प्रयोगशालाको व्यबस्था गरिनेछ ।<br>३) खानेपानीको बितरणलाई नियमित गर्न खानेपानी तथा सरसफाइ कार्यकर्तालाई क्षमता विकास गरिनेछ । |

| | |
|---|---|
| | ४) खानेपानी उपभोक्ता समूहलाई खानेपानी प्रणालीको संचालन तथा मर्मतको लागी जिम्मेबार बनाइने छ ।<br>५) सबै खानेपानी उपभोक्ताको धारामा मिटर जडान गरी न्युनतम शुल्कको व्यबस्था गरिनेछ ।<br>६) निर्माणाधिन खानेपानी तथा सरसफाईका योजनाहरुलाई समयमै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । |
| २ हरेक घरधुरीमा शौचालय सहितको सरसफाईको व्यवस्था गर्ने । | १) शौचालय निर्माण गर्न बाँकी घरधुरीमा निर्माण गर्न निश्चित अनुदान सहित प्रोत्साहन गरिनेछ ।<br>२) खानेपानीको सदुपयोग तथा सरसफाइ सम्बन्धी जनचेतना जगाउन टोल विकास संस्था, आमा समूह, सहकारी संस्था तथा अन्य सरोकार समूह आदिलाई परिचालन गरिनेछ ।<br>३) फोहोरमैला व्यबस्थापनको लागी फोहोरलाई मोहोर बनाउन जैविक फोहोरलाई घरमै व्यबस्थित गर्ने प्रणालीको विकास गरिने छ ।<br>४) बजार क्षेत्रको फोहरलाई थन्को लगाउन फोहरमैला ब्वस्थापन केन्द्र (लैण्डफिल साइट) को पहिचान, निर्माण तथा सञ्चालन गरिनेछ ।<br>५) घरेलु प्रयोगबाट निस्काशित पानीको सदुपयोग गर्न करेसाबाली तरकारी तथा फुलबारी कार्यक्रम अभियान सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम** : कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ५.५.५ अपेक्षित उपलब्धिहरु

सबै घरधुरीमा एक घर एक धारा सहित गुणस्तरीय सफा र स्वच्छ खानेपानी उपलब्ध भएको हुनेछ । निर्माणाधिन खानेपानी योजनाहरु निर्धारित समयमै सम्पन्न भएका हुनेछन । खानेपानीको परीक्षण गर्न प्रयोगशालाको स्थापना भइ संचालनमा आएको हुनेछ । खानेपानी मिटर जडान तथा मर्मत संभार कार्यकर्ताको व्यबस्था भइ नियमित खानेपानी बितरण भएको हुनेछ । डम्पिङ साइटको पहिचान तथा निर्माण पश्चात संचालन भएको हुनेछ । थलारा  गाउँपालिका पुर्ण सरसफाइयुक्त गाउँपालिका भएको हुनेछ ।

### ५.५.६ अनुमान तथा जोखिम

# ६ परिच्छेद ६ : पूर्वाधार विकास

## ६.१ यातायात पुर्वाधार

### ६.१.१ पृष्ठभुमी :

यातायात पुर्वाधारको बिकास स्थान बिशेषको उन्नति र प्रगतिको पूर्व शर्त हो । यातायातलाई पुर्वाधारहरुको पुर्वाधार अर्थात आधारभूत पूर्वाधारको रुपमा लिइन्छ । यातायात भन्नाले सडक मात्र नभइ पदमार्गहरु पुल पुलेसाहरु गोरेटो, घोडेटोहरु, रेल आदी सबै कुरालाई जनाउछ । नेपालको संबिधान तथा प्रचलित कानून अनुसार स्थानीय स्तरमा निर्माण हुने यातायात प्रणालीहरुको निर्माण, संचालन, मर्मत आदि सबै कुराको अधिकार र जिम्मेवारी स्थानीय सरकारसंग रहेको छ ।

बझाङ्ग जिल्लामा सदरमुकाम जोडने खोडपे चैनपुर सडक निर्माण पछि नै सडक संजालमा जोडिएको छ । हाल विभिन्न गाउँपालिका जोडने ग्रामिण कृषि सडक तथा दिपायल चैनपुर ताक्लाकोट सडक जस्तो रणनीतिक सडकहरु निर्माणाधिन छन् । यसका साथै यस गाउँपालिका भित्र एक गाउँ देखि अर्को गाउँ जोडने साना सडकहरुनिर्माणाधिन अवस्थामा रहेका छन् ।

थलारा गाउँपालिको पार्श्वचित्रमा भएको तथ्यंक अनुशार मुख्य सडकहरु दिपायल चैनपुर (दंगाजी वाट जडार) उत्गढी देखि पडेस कुच वाट महेन्द्रधार पातीहाल्ला देखि शारदा माबि झनाना हुदै सेरालागाउँ देखि देवस्थली रहेका छन जसको लम्बाई ४२ किलोमिटर रहेको छ । यसै गरि पालिका भरी १६ वटा झोलंगे पुलहरु रहेका छन ।

### ६.१.२ प्रमुख समस्याहरु र चुनौती

गाउँपालिका मा धेरैजसो सडकहरुको ट्र्याक निर्माण मात्र भएकोले धेरै सडकहरु मौसमी हुनु, प्रमुख स्थानहरुमा यातायातको सर्वयाम पहुच नहुनु, बिस्तृत योजना प्रतिबेदन तयार नगरी सडक निर्माण गर्ने प्रबृति रहेकोले मापदण्ड अनुसारका नहुनु, यातायातको राष्ट्रिय योजना अन्तरगतका मूख्य सडक योजन समयमै सम्पन्न नहुनु आवश्यक झोलुङ्गे पुलु र सडक पुल र नालीहरु निर्माण नहुनु र स्तरयुक्त सडक संजालको आभावमा अन्य कृयाकलापमा न्युनता रहनु आदि प्रमुख समस्या रहेका छन् ।

**चुनौति**

यस गाउँपालिकामा सञ्चालित धुले सडकहरुको स्तरोन्नति गरी सर्बयाम सडक बनाउनु, महत्वपुर्ण स्थानहरु सम्म सर्बयाम सडक संजाल, आवश्यक स्थानमा सडक पुल तथा झोलुङ्गे पुलहरु र पर्यटकीय पदमार्ग र निर्माण गर्नु, सडकहरुलाई निर्बाध संचालन गर्नु, पर्याप्त प्राविधिक अध्ययन र डिजाइन बिना जथाभाबी सडक निर्माण गर्ने प्रबृति नियन्त्रण गर्नु आदि मुख्य चुनौतिहरु हुन ।

### ६.१.३ सम्भावना तथा अवसर

**क) अवसर**

पालिकाको आफ्नै सडक गुरु योजना निर्माणको क्रममा हुनु , गाउँपालिकाको दिपायल चैनपुर रणनैतिक सडकको स्तरोन्नती हुनु, गाउँपालिकाका केहि महत्वपुर्ण सडकहरु प्रदेश अन्तरगत निर्माणाधिन हुनु, गाउँपालिकालाई स्थानीय सडकहरुको सम्पुर्ण अधिकार रहनु, सडक तथा अन्य यातायात प्रणालीहरुको निर्माण गाउँपालिका, प्रदेश र नेपाल सरकारको प्राथमिकतामा रहनु, यातायात प्रणालीहरुको निर्माण प्रति थलारा गाउँपालिकाका आम नागरिकको चासो बढनु, गाउँपालिकाको सबै वडा केन्द्र सम्म सडक ट्याक निर्माण हुनु आदि यस क्षेत्रका अवसरहरु हुन ।

### ६.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष :** गाउँपालिकाका सबै नागरिकलाई बढीमा आधा घण्टाभित्र सर्वयाम यातायातमा पहुँच भएको हुने ।

**उद्देश्य :** गाउँपालिकाका मूख्य बस्तीमा सडक स्तरोन्नती गरि यातायात सेवा भरपर्दो बनाउर्नु

**रणनीति**

१ गाउँपालिका क्षेत्र भित्र रहेका सडकको स्तरोन्नति गर्ने ।

२ झोलुङ्गे पुल र पदमार्ग निर्माण तथा मर्मत संभार गर्ने ।

३ संचालित सडकहरू तथा अन्य यातायातका संरचनाहरुको मर्मत संभार गर्ने।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १ गाउँपालिका क्षेत्र भित्र | १) यातायात गुरु योजना बनाई सडक, पुल तथा अन्य पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार गर्ने कार्य नियमित गरिनेछ । |

| | |
|---|---|
| रहेका सडकको स्तरोन्नति गर्ने । | २) सडकहरुको बर्गिकरण गरी मापदण्ड तोकिनेछ ।<br>३) बिस्तृत अध्ययन, डिजाइन बिना सडक निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।<br>४) सडक निर्माण गर्दा वातावरणमैत्री तथा सहभागितात्मक अवधारणा अनुरुप गरिने छ ।<br>५) सडक निर्माण तथा अन्य पुर्वाधारका योजना निर्माणमा ठुला ठुला मेसिन तथा उपकरण को प्रयोगलाई ब्यबस्थित गरिनेछ ।<br>६) गाउँपालिकाका सबै वडा केन्द्र र प्रमुख वस्तीहरुमा सर्बयाम सडकको पहुँच पुऱ्याइने छ ।<br>७) स्थानीय सीप, साधन र श्रोतको अधिकतम प्रयोग गरी रोजगारी सृजना गरिनेछ । |
| २ झोलुङ्गे पुल र पदमार्ग निर्माण तथा मर्मत संभार गर्ने । | १) प्रसिद्ध धार्मिक तथा पर्यटकीय पदमार्गहरुको अध्ययन गरी आवश्यकता अनुसार स्तरोन्नति वा निर्माण गरीनेछ ।<br>२) मापदण्ड नपुगेका घोडेटोहरुलाई मापदण्ड अनुरुप बनाइ मर्मत संम्भार गर्ने पद्धतिको विकास गरिनेछ ।<br>३) सडकबाट बिस्थापित बस्तिहरु जोडने गोरेटोहरुलाई पुन निर्माण वा मर्मत संभार गरिनेछ ।<br>४) एक घण्टाको फेरोमा सडकपुल वा झोलुङ्गे पुल निर्माण गरी आवागमनलाई सहज र सुलभ तुल्याइनेछ ।<br>५) खहरे र बर्षे खोलाहरुमा झोलुङ्गे पुल निर्माण गरी दैनिक आवतजावत सहज र सुरक्षित गराईनेछ ।<br>६) पदमार्ग निर्माण गरी पर्यटकिय आकर्षण केन्द्र बनाईनेछ । |
| ३ संचालित सडकहरू तथा अन्य यातायातका संरचनाहरुको मर्मत संभार गर्ने। | १) सडकहरुको नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोषमा सडक निर्माणको बजेटबाट रकम बजेट ब्यबस्था गरिनेछ ।<br>२) सडकलाई सर्बयाम संचालन गर्न सरोकारवाला उपभोक्ताहरुलाई मर्मत कार्यमा सहभागी र जिम्मेवार बनाइनेछ ।<br>३) हरेक बर्ष मर्मत सम्भार कार्य गर्नु पुर्ब सडकको अवस्था थाहा पाउन सडक सतह तथा संरचनाहरुको इन्भेन्ट्रि तयार गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु** : कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ६.१.५ अपेक्षित उपलब्धि

यातायात गुरु योजना तर्जुमा तथा कार्यान्वयन भएको हुने, सडक मापदण्ड स्वीकृत भई सडकहरुको बर्गिकरण भएको हुने, सडकहरुको स्तरोन्नती भइ सडकहरु सर्बयाम संचालन भएका हुने, पर्यटकीय पदमार्गको अध्ययन र निर्माण भएको हुनेछ । एक घण्टाको फेरोमा झोलुङ्गे पुल को निर्माण र आधा घण्टाको फेरोमा सर्बयाम सडक सम्मको पहुच भएको हुने, रणनैतिक दिपायल चैनपुर सडकको स्तरोन्नति भइ सर्बयाम भएको हुने, प्रदेश अन्तर्गत निर्माणाधिन र वडाबाट गाउँपालिका केन्द्र जोडने सडकहरु सर्बयाम भई सक्नेछन् ।

### ६.१.६ अनुमान तथा जोखिम

## ६.२ आवास, भवन तथा बस्ती विकास

### ६.२.१ पृष्ठभुमी

आवास भवन मानिसको आधारभुत आवश्यकता र यसले जीवन सुरक्षा प्रदान गर्दछ । स्थानीय सरकार संचालन ऐनले संघीय तथा प्रदेशको कानुनको अधिनमा रही सुरक्षित वस्ति बिकास र भवन निर्माण सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन तथा मुल्यांकन गर्ने र सरकारी भवन, विद्यालय, स्वास्थ्य संरचनाहरु, सामुदायिक भवन, सभागृह तथा अन्य सार्बजनिक भवन तथा संरचनाहरुको निर्माण, मर्मत संभार, सञ्चालन तथा व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई प्रदान गरेएको छ ।

**बस्तुगत स्थिति**

थलारा गाउँपालिकामा ९ वटा वडा कार्यालय सहित वटा सरकारी भवन, ५ वटा सामुदायिक भवन, ४१ वटा सार्बजनिक विद्यालयहरुका आफ्नै भवन, ९ वटा स्वास्थ्य र निर्माणााधिन गाउँपालिकाको मूल प्रशासकीय भवन तथा १ वटा कार्यालय भवनहरु रहेका छन ।

यस गाउँपालिकामा भवन आचार संहिता तयार भइ सकेको छैन । यस गाउँपालिकामा हालसम्म व्यबस्थित बस्ती विकास नभएको र उपयुक्त स्थान छनौट गरी आवश्यक पुर्वाधारहरु निर्माण भए तथा एकिकृत वस्ति बिकास गर्ने बिषय गाउँपालिकाको नीति तथा कार्यक्रममा समाबेस भएको देखिन्छ ।

### ६.२.२ प्रमुख समस्या तथा चुनौती

- सबै वडा कार्यालय भवनहरु पक्कि नहुनु,
- व्यबस्थित बस्ति बिकास नहुनु,
- जोखिमयुक्त स्थानहरुमा बस्तिहरु हुनु,
- बजार क्षेत्रमा भवनहरु सडक मापदणड अनुसार नहुनु,
- भवन मापदण्ड पुर्ण रुपमा लागु हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

**ख) चुनौति**

- सुरक्षित, एकिकृत र व्यबस्थित वस्ति बिकास गर्नु,
- घर बनाउँदा सडकको सीमा छोडेर मात्र घर बनाउन दिनु,
- बालबालिका, महिला तथा अपाङ्ग मैत्री भवन निर्माण गर्नु,

- घर निर्माण स्वीकृति तथा भवन आचार संहिता पुर्ण रुपमा पालना गर्नु गराउनु
- नयाँ निर्माण हुने भवनहरुमा स्थानीय मौलिकता कायम गर्न लगाउनु,
- भुकम्प प्रतिरोधी भवन मापदण्ड अनुसार भवन निर्माण गर्नु, आदि चुनौतिहरु हुन ।

### ६.२.३ सम्भावना तथा अवसर

**क) अवसर**

भवन र आवास संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारहरुको प्राथमिकताको बिषय हुनु, , भवन निर्माणमा स्थानीय निर्माण सामाग्रीको उपलब्धता हुनु, आम मानिसहरुको धारणा भवन मापदण्ड प्रति सकारात्मक हुदै जानु, एकिकृत बस्ति बिकास गाउँपालिकाको प्राथमिकतामा पर्नु, आधुनिक निर्माण सामाग्रीको लागि बजार पहुँच धेरै टाढा नहुनु आदि यस क्षेत्रका अवसरहरु हुन ।

### ६.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** सुरक्षित आवास र बस्तिको विकास भएको हुने ।

**उद्देश्य :** सुरक्षित, सुबिधायुक्त आवास भवन र वस्ति विकास गर्नु

**रणनीति**

१ सुबिधायुक्त, सुरक्षित आवास तथा भवन निर्माण गर्ने

२ पुर्वाधार सहितको एकिकृत वस्ति विकास गर्ने

**७.२.८ कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १ सुबिधायुक्त, सुरक्षित आवास तथा भवन निर्माण गर्ने | १) संघीय तथा प्रदेशबाट जारी मापदण्डहरू तथा गाउँपालिकाले विगतमा गरेका मापदण्ड सम्वन्धी निर्णयहरूको आधारमा जोखिमयुक्त क्षेत्रमा भवन तथा वस्ती निर्माण दुरुत्साहन गरी सुरक्षित स्थानमा भवन निर्माण, पूर्वाधार निर्माण गर्दा वातावरणीय गुणस्तर कायम राख्ने गरी कार्यान्वयनमा ल्याइने छ ।<br>२) भवन आचार संहिता पुर्णरुपमा कार्यान्वयन गर्ने गर्न लगाइने छ । |

| | |
|---|---|
| | ३) भुकम्प प्रतिरोधि भवन निर्माण गर्न सक्ने दक्ष जनशक्ति तयार गरिने छ । <br>४) सरकारी भवनहरु सम्भव भएसम्म एकै स्थान वा आसपासमा बनाइने छ । <br>५) भवनहरुको ब्यबस्थापन तथा मर्मतमा प्रयोगकर्ता सरोकारवालाहरुलाइ जिम्मेवार बनाइने छ । |
| २ पुर्वाधार सहितको एकिकृत वस्ति विकास गर्ने | १) जोखिमयुक्त स्थानहरु पहिचान गरी नक्सांङ्कन गरिनेछ । <br>२) छरिएर रहेका बस्तिहरुलाइ एकिकृत गर्न योजना बनाइनेछ । <br>३) बस्तिहरुमा न्यनतम पुर्वाधारहरु निर्माण गरिनेछ तथा मर्मतमा सरोकारवालाहरुलाइ जिम्मेवार बनाइनेछ । <br>४) विपन्न र अति विपन्न समुदायलाई आवास निर्माण गर्न नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी सहयोग गर्ने नीति लिइने छ । |

**प्रमुख कार्यक्रमहरु :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ६.२.५ अपेक्षित उपलब्धिहरु

सार्बजनिक, सरकारी भवन तथा पुर्वाधारका संरचनाहरु र निजी भवनहरु पुर्ण रुपले भूकम्प प्रतिरोधि र भवन निर्माण मापदण्ड अनुसार निर्माण सम्पन्न भएको हुनेछन । एकिकृत बस्तिहरुमा न्युनतम पुर्वाधार निर्माण भइ सेवा सञ्चालन भएको हुनेछ । भवन आचार संहिता पुर्णरुपमा कार्यान्वयन भएको हुनेछ । बिपन्न बर्ग आवास योजना कार्यान्वयनमा आएको हुनेछ । सार्बजनिक, सरकारी भवनहरु बालमैत्री, लैंगिकमैत्री तथा अपाङ्गमैत्री हुनेगरी निर्माण भएको हुनेछन् ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

## ६.३ सिचाइ तथा नदि नियन्त्रण

### ६.३.१ पृष्ठभुमी

कृषि उत्पादन बढाउन खेती गरिने जमीनको सुरक्षा र सिंचाईको राम्रो व्यवस्था पुर्व शर्तको रुपमा रहन्छन । पहाडी भूभाग, खेत भन्दा पाखोबारीको बाहुल्यता र सिंचाईको सुविधा भएमा तरकारी तथा नगदे बालीको उत्पादन बढ्ने पुर्व अनुभवले देखाएको छ । स्थानीय सरकार सञ्चालन ऐनले सिंचाई सम्वन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, अनुगमन र मूल्यांकनको जिम्मेवारी स्थानीय तहलाई तोकिएकोले यस गाउँपालिकाको आवधिक योजनामा सिंचाई बिषयगत योजना तयार गर्न लागिएको छ ।

थलारा गाउँपालिकामा कृषियोग्य जमीन ३२०५ हेक्टर रहेको छ । यसपालिकामा सिंचाईको स्रोतको गाउँपालिका क्षेत्रभित्र बग्ने बिभिन्न खोलाहरु रहेका छन् । यस गाउँपालिकामा १२ वटा सिचाइ योजनाहरु रहेका छन भने गाउँपालिकास्तरका १३ कुलो हालसम्म संचालित छन ।

यस गाउँपालिकाको अधिकाँश उत्तरबाट दक्षिणतर्फ फर्केको भूभाग रहेकोले यहाँ विभिन्न किशिमका फलफुल, खाध्यान्न बाली, मौसमी तथा बेमौसमी तरकारी आदि नगदे बालीको उत्पादनको लागि उर्बर रहेको छ र यी सबै किशिमको खेतीपाती हुने गरेको छ । हाल यहाँ केही स्थानमा पाइपको प्रयोग गरी स्प्रीङ्कल प्रणालीबाट ग्रिन हाउस (टनेल) मा बेमौसमी तरकारीको समेत आदि उत्पादन गर्न सकिन्छ।

यस गाउँपालिकामा रहेका खोलाहरुले नदिजन्य प्रकोपबाट दुबैतर्फको किनारको जमीन बर्षेनी कटान गर्ने र बर्षाको समयमा पहिरोले थप कटान गरी जमीनको अधिक क्षती पुऱ्याउने गरेको छ भने सेति नदिले बर्षातको बेला जमिन कटान गरि क्षती पुर्याउने गरेको छ । गाउँपालिकामा रहेका पानीका स्रोतहरुको उचित व्यवस्थापन गरी सिचाई संरचनाहरु निर्माण गर्दा सिचाई योग्य अधिकंस जमिनमा थप सिंचाई सुविधा पुग्नसक्ने देखिन्छ ।

### ६.३.२ प्रमुख समस्या तथा चुनौती

सिंचाइ योग्य जमिनमा सिचाइ सुबिधा नहुनु, जल उपयोग गुरु योजना तयार नहुनु, जलश्रोतका श्रोतहरुको बिस्तृत मापन नहुनु, नदिजन्य प्रकोप बढदै जानु, सिचाइ योजना निर्माण गर्नमा नयाँ प्रबिधिको प्रयोग हुन नसक्नु आदि प्रमुख समस्या हुन ।

ख) चुनौति

सिंचाइयोग्य जमिनमा सिंचाइ सुबिधा बिस्तार गर्नु, जल उपयोग गुरु योजना तयार गर्नु, संचालित सिचाइ प्रणालीहरुको संरक्षण र मर्मत गरी संचालन गर्नु, नदिजन्य प्रकोपको नियन्त्रण गर्नु आदि प्रमुख चुनौतिहरु हुन ।

### ६.३.३ सम्भावना तथा अवसर

**क) अवसर**

गाउँपालिकाको प्राकृतिक श्रोत स्थानीय सरकारको अधिकारमा रहनु, गाउँपालिकामा पानीको श्रोत हुनु, थोरै पानीले पनि पुग्ने प्रकृति माटो हुनु, यातायातको बिस्तार हुनु, कृषिमा तथा सिंचाई प्रणालीमा नयाँ नया प्रबिधिको विकास हुनुका साथै कृषि र सिचाइ राज्यको प्राथमिकतामा पर्नु आदि अवसरहरु हुन ।

### ६.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष :** सिँचाई योग्य जमीनमा सिँचाई सुविधाको विस्तार भएको हुनेछ ।

**उद्देश्य :**

१ सिचाइ योग्य जमिनमा सिचाइ सुबिधा पुऱ्याउनु

२ नदिजन्य प्रकोपलाई न्यनीकरण गर्नु

**रणनीति**

१ सिचाइ प्रणालीको विकास गरी कृषियोग्य भुमीमा सिचाइ सुबिधा बिस्तार गर्ने ।

२ नदि कटान तथा पहिरोको नियन्त्रण गरी धन जनको क्षती न्युनिकरण गर्ने ।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १ सिचाइ प्रणालीको विकास गरी कृषियोग्य भुमीमा सिचाइ सुबिधा बिस्तार गर्ने । | १) सतह सिंचाइ संरचनाहरुको क्रमशः विकास र बिस्तार गरी सिचाई सुबिधा बढाउदै जाने<br>२) संभाब्य भएको स्थानहरुमा प्लाष्टिक पोखरी, थोपा सिचाइ, स्प्रिङ्कल आदि सिचाइ प्रणालीहरुको बिकास गर्ने |

| | |
|---|---|
| | ३) सिंचाइ आयोजना निर्माणमा स्थानीय साधन श्रोत र सीपको अधिकतम प्रयोग गर्ने,<br>४) सिंचाइ प्रणाली निर्माण, संचालन, तथा मर्मतमा सहभागितात्मक अवधारणाको उपयोग गरी उपभोक्ता समिति लाइ प्रोत्साहित गर्न तालिम आदि दिइ जिम्मेवार बनाउने |
| २ नदि कटान तथा पहिरोको नियन्त्रण गरी धन जनको क्षती न्युनिकरण गर्ने । | १) जोखिमयुक्त स्थानहरुको नक्साङ्कन गरिने छ ।<br>२) जोखिमबाट प्रभावित क्षेत्रलाई प्रथमिकता दिइ व्यबस्थापन गरिने छ ।<br>३) नदि तथा खोला कटान र पहिरो ग्रस्त क्षेत्रको बिस्तृत अध्ययन गरी नदि कटान तथा तथा पहिरो नियन्त्रण गर्न उक्त कार्यको लागि गाउँपालिका जल उपयोग गुरु योजना बनाइने छ ।<br>४) पहिरो.तथा नदिनियन्त्रण कार्यमा बायो इन्जिनीयरीङ प्रबिधीको प्रयोगगर्ने र उक्त कार्यमा सरोकार समुहलाइ सहभागी गर्ने<br>५) प्रभावितक्षेत्रमा बायोइन्जिनियरी गर्दा सम्भव भए सम्म उपभोक्ताहरुको काम आउने प्रजातीको बिरुवा बृक्षारोपण गर्ने |

**प्रमुख कार्यक्रम :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ६.३.५ अपेक्षित उपलब्धि

जल उपयोग गुरु योजना तयार भइ कार्यान्वयनमा आएको हुनेछ । थप २५० हे. जमिनमा सिचाइ सुबिधा पुगेको हुनेछ । नयाँ प्रबिधिमा आधारित सिचाइ प्रणाली निर्माण भएको हुनेछ । क्षतिग्रस्त सिचाइ योजनाहरुको पुनस्थापना भएको हुनेछ । नदिजन्य प्रकोप नक्साङ्कन भएको हुनेछ ।

### ६.३.६ अनुमान तथा जोखिम

## ६.४ बिद्युत तथा बैकल्पिक उर्जा

### ६.४.१ पृष्ठभुमी

आम मानिसको जीवनलाई सरल र सहज बनाउनुका साथै आर्थिक तथा सामाजिक बिकासमा सुधार ल्याउन बिद्युत र उर्जाको महत्वपुर्ण भुमिका रहन्छ । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले साना जल बिद्युत र बैकल्पिक उर्जा स्थानीय सरकारको अधिकार सुचीमा राखेको छ ।

वस्तुगत स्थिति

यस गाउँपालिकाका राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोडिएका छन ।राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुशार  गाउँपालिकामा बत्तिको लागि बिजुली प्रयोग गर्ने घरधुरी १५४४, मट्टितेल प्रयोग गर्ने १२ घरधुरी, बायोग्यास प्रयोग गर्ने  ३ घरधुरीहरु र सोलार प्रयोग गर्ने १५१६ घरधुरी छन । यस्तै यस गाउँपालिकामा इन्धनको लागि ३३०५ घरधुरी दाउरा, १०० घरधुरीहरुले एल पी ग्यास, ७ घरले बायोग्यास बिजुली प्रयोग गर्ने ० घरधुरी  र बाकी ३ घरधुरीले मट्टितेल प्रयोग गर्दछन।

### ६.४.२ प्रमुख समस्या तथा चुनौतिहरु

विद्युत आपुर्तिमा नियमितताको अभाव, आर्थिक कृयाकलापमा विद्युतलाई जोडन नसक्नु, विद्युत लाइनमा जडान सामाग्रीहरु कमजोर हुनु बायोग्यास आदि जस्ता बैकल्पिक स्रोतप्रति कम आकर्षण हुनु आदि प्रमुख समस्या हुन ।

**ख) चुनौति**

निर्माणाधिन आयोजनाहरुलाई समयमै सम्पन्न गर्नु, बैकल्पिक उर्जाको विकास गर्नु, विद्युतलाई अन्य आर्थिक क्रियाकलापमा प्रयोग गर्ने बानी बसाउनु, आम मानिसहरुलाई बैकल्पिक उर्जा प्रति आकर्षित गर्नु आदि चुनौति हुन ।

### ६.४.३ सम्भावना तथा अवसर

**क) अवसर**

विद्युत वितरण राष्ट्रिय ग्रिडको माध्यमबाट हुनु, लाइनमा.क्रमशःसुधार हुँदै जानु, विद्युत.आपुर्तिमा.सुधार हुदै जानु, सडक यातायातको बिस्तारले थप विद्युत योजनाहरु बन्ने सम्भावना बढदै जानु, विद्युतको प्रयोग बत्ति बाहेक अन्य काममा गर्ने बानीको विकास हुदै जानु, सोलार, गोबरग्यास आदिमा सचेतना बढाउने सम्भावना हुनु, यसले इन्धनमा दाउराको निर्भरतामा कमी आउने सम्भावना हुनु, स्थानीय समुदायले विद्युतको उपयोग गरी साना तथा घरेलु उद्योग तिर आकर्षित हुँदै जानु, कृषि उपजको प्रशोधन गर्ने संख्या बढ्दै जानु आदि अवसर हुन ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** सम्पुर्ण घरहरु तथा बस्तीमा आधुनिक उर्जाको पहुँच सुनिश्चित भएको हुने ।

**उद्देश्य :**

१ विद्युतको पहुँच बिस्तार गर्ने

२ बैकल्पिक उर्जाको खपत बढाउँदै परंपरागत उर्जाको विस्थापन गर्दै जाने

**रणनीति**

१ भरपर्दो र विश्वसनीय विद्युत सेवाको बिस्तार गर्नु

२ बैकल्पिक उर्जाको बिकास र बिस्तार गर्ने

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १ भरपर्दो र विश्वसनीय विद्युत सेवाको बिस्तार गर्नु | १) केन्द्रिय प्रसारण लाइनमा प्रयोग भएका सामाग्रीहरुको गुणस्तरमा सुधार गरी भरपर्दो बनाउन नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।<br>२) सबै घरधुरीमा विद्युत लाइन जडान गरिनेछ ।<br>३) गाउँपालिकालाई आवश्यक पर्ने विद्युतको काम गर्ने प्राबिधिक उत्पादन गर्न प्राविधिक शिक्षालयहरुसँग समन्वय गरिनेछ । |
| २ बैकल्पिक उर्जाको बिकास र बिस्तार गर्ने | १) बैकल्पिक उर्जाको बिकास र बिस्तार गर्न बैकल्पिक उर्जा प्रवद्र्धन केन्द्रसँग समन्वय गरिनेछ ।<br>२) सोलार, गोबरग्यास, सुधारिएको चुलो जस्ता बैकल्पिक उर्जाको उत्पादन तथा खपत बढाउन अनुदान तथा जोडाकोष व्यवस्था गरिने छ ।<br>३) सहकारी मार्फत बैकल्पिक उर्जाको उपयोग बढाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>४) गाउँपालिकालाई आवश्यक पर्ने बैकल्पिक उर्जा प्राविधिक उत्पादन गर्न प्राविधिक शिक्षालयहरुसँग समन्वय गरिनेछ ।<br>५) राष्ट्रिय ग्रीडको पहुँच नपुगेको स्थानमा बैकल्पि उर्जाको विकास गरिनेछ । |

**प्रमुख कार्यक्रम** : कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ६.४.५ अपेक्षित उपलब्धि

सत प्रतिशत घरधुरीमा राष्ट्रिय प्रसारण लाइन जडान भएको हुनेछ । नयाँ जलविद्युत आयोजनाहरुको पहिचान भइ सम्भाव्यता अध्ययन भएको हुनेछ । गाउँपालिकाका २५% घरधुरीमा बैकल्पिक उर्जाको उत्पादन तथा प्रयोग भएको हुनेछ ।

### ६.४.६ अनुमान तथा जोखिम

## ६.५ सूचना तथा संचार

### ६.५.१ पृष्ठभुमी

मानव जीवनमा सूचना तथा संचारको प्रयोग अनिवार्य रहेको छ । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले सूचना प्रविधिको प्रयोग, विद्युतीय शासन, एफ एम संचालन स्थानीय पत्र पत्रिका आदि जस्ता बिषयहरु स्थानीय सरकारको कार्य जिम्मेवारी भित्र तोकेको छ ।

**वस्तुगत स्थिति**

यस गाउँपालिकाको ३४०८ घरधुरीले मोबाइल सेवा, ११९ घरधुरिले टि .भी. को प्रयोग, इन्टरनेटको नेटबर्क कमजोर भए पनि  नेपाल दर संचार कम्पनिको ईन्टरनेट केहि घरधुरीले गरेको पाईन्छ । १३३ घरधुरीले कम्प्युटरको प्रयोग गर्ने गरेका छन् । यस गाउँपालिकामा एन सेल र एन टि सी को टावर जडान भएता पनि हालसम्म लैण्डलाइन टेलीफोन सेवा पुगेको छैन ।

### ६.५.२ प्रमुख समस्या  तथा चुनौतिहरु

लैण्डलाइन टेलिफोन सेवा नहुनु, इन्टरनेट सेवा भरपर्दो नहुनु, स्थानीय पत्र पत्रिका प्रकासित नहुनु, गाउँपालिकाको कार्य सम्पादन विद्युतीय प्रणालीमा आबद्ध नहुनु आदि प्रमुख समस्या रहेका छन ।

ख) चुनौति

सबै नागरिकसम्म सूचनाको पहुच पुऱ्याउनु, सामाजिक सञ्जालको दुरुपयोग रोक्नु, अन्तर सरकार समन्वय प्रभावकारी बनाउनु, इन्टरनेट र वाईफाईको पहुँच बढाउनु, गाउँपालिकाको सूचना विद्युतीय प्रणालीमा आबद्ध गर्नु आदि चुनौति रहेका छन् ।

### ६.५.३ सम्भावना तथा अवसर

**क) अवसर**

सडक सुविधाले वायरलेस नेटवर्क र अप्टिकल फाइबरको बिस्तार हुनसक्ने, आम मानिसहरुको सूचना प्रणाली प्रति बढदो आकर्षण, बिद्यालयहरुमा नविन सूचना प्रविधि सहित कम्प्युटर शिक्षाको बिस्तार, टेलिफोन मोबाइल टावर निर्माण हुनु, मोबायल फोनको ब्यापक उपयोग हुनु, पालिकाको आफ्नै वेबसाइट हुनु,पालिकामा बिभीन्न वेप्सहरुको प्रयोग बढदैजानु आदी अवसर हुन ।

### ६.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** सबै नागरिकहरु सूचना प्रणालीमा आबद्ध भएको हुने

**उद्धेश्य :** गुणस्तरीय सूचना तथा संचार प्रणालीको विस्तार गर्नु ।

**रणनीति**

१ मोबाइल, इन्टरनेट, पत्रपत्रिका, एफ.एम जस्ता सञ्चार सुविधाहरुमा नागरिकको पहुँच बिस्तार गर्ने

२ गाउँपालिकाको सेवा प्रवाह सूचना प्रविधिसँग आबद्ध गर्ने

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १ मोबाइल, इन्टरनेट, पत्रपत्रिका, एफ.एम जस्ता सञ्चार सुविधाहरुमा नागरिकको पहुँच बिस्तार गर्ने | १) टेलिफोन टावर निर्माण र बिस्तार गर्न सम्बन्धित दुर सञ्चार लगायत सेवा प्रदायकसँग समन्वय गरिने छ ।<br>२) स्थानीय स्तरमा एफ एम सेवा स्टेसन संचालन गर्न सहजीकरण गरिने छ ।<br>३) स्थानीयस्तरमा पत्रपत्रिका प्रकाशन गर्न प्रोत्साहन गरिने छ ।<br>४) विद्यालय, स्वस्थ्य चौकी, वित्तीय संस्था र गाउँपालिकाका वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवा बिस्तार गरिने छ ।<br>५) इन्टरनेट र केबुल टि.भी. बिस्तार गर्न सेवा प्रदायक सँग समन्वय गरिने छ । |
| २ गाउँपालिकाको सेवा प्रवाह सूचना प्रविधिसँग आबद्ध गर्ने | १) वाइ फाइ सेवा विस्तार गरी केही स्थानमा फ्री वाइफाइ जोन विकास गरिने छ ।<br>२) गाउँपालिका र वडा कार्यालयमा विद्युत सूचना पुर्वाधारको विकास गरिने छ ।<br>३) विद्यालय केन्द्रित इ-लाइब्रेरिको विकास र विस्तार गरिने छ |

| | |
|---|---|
| | ।<br>४) सूचनाको हक र अधिकार सम्बन्धमा जन चेतनामा अभिबृद्धि गर्दै लगिने छ । |

**प्रमुख कार्यक्रम** : कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

#### ६.५.५ अपेक्षित उपलब्धि

गाउँपालिकाका सतप्रतिसत परिवारमा कुनै न कुनै सूचना प्रविधिको पहुँच पुगेको हुनेछ । सबै विद्यालयहरुमा ईन्टरनेटको पहुच भइसकेको हुनेछ । ९५% भू क्षेत्र टेलिफोन टावरको दायरामा आइसकेको हुनेछ । टेलीफोन प्रयोग गर्ने परिवार संख्या ९५% पुगेको हुनेछ । इन्टरनेट प्रयोग गर्ने परिवार संख्या २२% पुगेको हुनेछ । गाउँपालिकामा लैण्डलाइन टेलिफोन सेवा पुगेको हुनेछ ।

#### ६.५.६ अनुमान तथा जोखिम

# ७ परिच्छेद- ७ वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

## ७.१ वन, वातावरण जैविक विविधता तथा फोहोरमैला व्यवस्थापन

#### ७.१.१ पृष्ठभूमि

वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन दिगो विकासका लक्ष्य प्राप्तिको लागि महत्वपूर्ण अन्तरसम्बन्धित विषयका रूपमा रहेको छ। नेपालको संविधानले पनि वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी यस सम्बन्धी नीति, कानून र रणनीति तय गरी लागू गर्नुपर्ने व्यवस्था गरिएको छ भने वातावरण संरक्षण, जैविक विविधता, जलाधार र वन्यजन्तु संरक्षणलाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनले पनि यी क्षेत्रलाई स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा अन्तरसम्बन्धित विषयका रूपमा समावेश गरी कार्यान्वयन गर्ने प्रतिबद्धता दर्शाएको छ। जलवायु परिवर्तन र जैविक विविधताको विनाश सबैभन्दा ठूला र जल्दोबल्दो वातावरणीय समस्याको रूपमा उजागर भएको छ । यसैले स्वच्छ र स्वास्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दिगो व्यवस्था गर्न वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत वातावरण र जैविक विविधता संरक्षण गर्न आवश्यक हुन्छ ।

**वर्तमान स्थिति**

थलारा गाउँपालिकामा वन क्षेत्र कूल भूमिको ४९.५ प्रतिशत रहेको छ र यस अन्तर्गत १८८०.७७ हेक्टर क्षेत्रफल रहेका ३५ व वटा सामुदायिक वन र ११ वटा कबुलियती वन रहेका छन् ।वन कार्यालयको अभिलेखअनुसार दर्ता भएका एउटा निजी वनको झन्डै ०.१४ हेक्टर क्षेत्रफल रहेको छ ।

यो गाउँपालिकामा उच्च पहाडी भूभाग रहेको पाइन्छ  भने तल्लो क्षेत्र सेति नदि संग जोडिएको । धरातलको उचाइ, भौगर्भिक बनावट, भूस्वरूप, पहाडी पाखा र पानी ढलोले हावापानीको अवस्थामा विविधता हुन्छ । तापक्रम, सौर्यशक्ति, वायु र वायुको चाप, वर्षा तथा ओसिलोपन आदिले हावापानीको अवस्था निर्धारण हुने गर्दछ।

गाउँपालिकामा समशीतोष्ण र लेकाली हावापानीमा पाइने प्रायः सबैजसो वनस्पति पाइन्छ जसमा मुख्य साल, खोटेसल्ला, पातले सल्ला, चिलाउने, उत्तिस, बकाइनो, बाज, गुराँस, धुपी, खर्सु, जस्ता प्रजाति पाइन्छन् भने जडीबुटीको हकमा **चिराइतो** (Swertia chirayita), **जटामसी** (Nardostachys grandiflora), **लोक्ता** (Daphne bholua), **सतुवा** (Paris polyphylla), **कुरिलो** (Asparagus racemosus, **अमला** (Emblica officinalis), **मुसली** (Curculigo orchoides), **खोटेसल्लाको खोटो** (Pinus roxburghii), **चुत्रो** (Berberis aristata, **ओखर** (Juglans regia), **पाखनवेद** (Bergenia ciliata), **रिठ्ठा** (Sapindus mukorossi) **टिमुर** (Zanthoxylum armatum), **लौठसल्ला** (Taxus Baccata) आदि जस्ता महत्वपूर्ण वनस्पति पाइन्छन। फोहोरमैला विसर्जन सम्बन्धमा घरघरमै व्यवस्थापन गर्ने गरिएको छ। फोहोरको परिमाण थोरै हुँदा फोहोरमैला विसर्जनको ठूलो समस्या देखिएको छैन । तर विकास हुँदै गएका बजार केन्द्रहरूमा यो समस्या बढ्दो रूपमा देखिन्छ।

### ७.१.२ प्रमुख समस्या तथा चुनौति

इन्धनको लागि दाउरामा अत्यधिक निर्भरता हुनु, सार्वजनिक जग्गामा वन तथा वृक्षरोपण नहुनु, दाउराको बढ्दो प्रयोग, विकास प्रक्रिया सञ्चालन आदि विविध कारणले वन क्षेत्रको अतिक्रमण हुँदै जानु, जंगलमा अत्यधिक आगलागीबाट महत्वपूर्ण वनस्पति र वन्यजन्तु र चराचुरुङ्गीको विनाश हुनु, चोरी सिकारीका कारणले महत्वपूर्ण मृग तथा चराचुरुङ्गीको संख्या घट्दै जानु, वन प्राविधिक कर्मचारीको न्यून उपस्थिति हुनु, सरोकारवाला निकाय र वन कार्यालय बीच समन्वयको कमी, वातावरणीय चेतनाको कमी, विकास र वातावरण बीच उचित सन्तुलन मिलाउन नसकिनु आदि यस क्षेत्रका समस्या हुन् ।

**चुनौती**

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद्

व्यवस्थापन राष्ट्रिय, प्रादेशिक नीति, कानून, रणनीति तथा मापदण्डको स्थानीयकरण गर्नु, वन क्षेत्रको विकास र विस्तार गर्नु, सामुदायिक वनको कार्ययोजना स्थानीय योजना प्रक्रियामा समावेश गरिनु, सामुदायिक वनको आयलाई स्थानीय कोषमा जम्मा गर्नु, चोरी सिकारी नियन्त्रण गर्नु, आगलागी नियन्त्रण गरिनु, वन तथा वातावरणको विकास संरक्षणलाई स्थानीय आयआर्जनसँग आबद्ध गर्नु इन्धनको लागि दाउराको निर्भरता घटाउनु, अन्तर तह समन्वय गर्नु आदि चुनौती देखिएका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

**अवसर**

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको विषय संविधानद्वारा नै स्थानीय तहको अधिकार क्षेत्रभित्र समेत समावेश गरिनु, यी विषय सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी विषय गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहनु, सबै वडामा सामुदायिक वन हुनु, वन पैदावारजन्य उद्योग स्थापना सम्भावना हुनु, जडीबुटी संकलन, निकासी र बजारीकरणबाट आयआर्जन हुनु, सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्यक्रमको वार्षिक योजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावार बिक्रीबाट प्राप्त आयको दश प्रतिशत गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था हुनु, स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन हुनु, घरघरमै फोहोरमैला व्यवस्थापन गर्नु, जस्ता अवसर रहेका छन् ।

### ७.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** वन, वातावरण तथा जलाधार संरक्षण भएको हुने।

**उद्देश्य :** विकास र वातावरणवीच सन्तुलन कायम गर्नु ।

**रणनीति**

१ वनको संरक्षण, सम्बर्द्धन, तथा व्यवस्थापन गर्ने,
२ जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गर्ने,
३ वातावरण संरक्षण, नियमन र फोहोरमैलाको व्यवस्थापन गर्ने ।

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १. वनको संरक्षण, सम्बर्द्धनतथा | १) वडामा रहेका सामुदायिक वन उपभोक्ता समितिलाई यसको क्षेत्र, वनस्पति, बुट्यान, जैविक विविधता तथा जडीबुटीको लगत संकलन गरी |

| | |
|---|---|
| व्यवस्थापन गर्ने | कार्ययोजना तयार गर्नमा सहजीकरण गरिनेछ र म्याद सकिएका कार्ययोजना नवीकरण गरिनेछ ।<br>२) सामुदायिक वनको कार्ययोजना बमोजिम कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।<br>३) कवुलियती वन, धार्मिक वन र निजी वनको समुचित रूपमा संरक्षण, संबर्द्धनमा सहजीकरण गरिने छ।<br>४) गाउँपालिकामा स्थानीय आवश्यकतानुसार बोटबिरुवा उत्पादन गर्ने गरी वन नर्सरी स्थापना गरिनेछ । वन नर्सरी स्थापना गर्न सामुदायिक वन उपभोक्ता समितिलाई प्रोत्साहित गरिनेछ ।<br>५) वन उपभोक्ता समूहको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६) स्थानीय वन उपभोक्ताहरूवाट उत्पादन हुने काठ, दाउरा, स्याउला र घाँसपात जस्ता वन पैदावारको माग र आपूर्ति वीच सन्तुलन कायम गर्न सहजीकरण गरिनेछ ।<br>७) वन पैदावारमा आधारित विभिन्न आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरी स्थानीयस्तरमा रोजगारी प्रवर्द्धन गरिनेछ ।<br>८) वन व्यवस्थापन तथा सदुपयोगमा जनसहभागिता र सरोकारवालाको समानुपातिक पहुँच सुनिश्चित गरी वनस्रोत माथि स्थानीय बासिन्दाको अपनत्वको भावना विकास गरिनेछ।<br>९) निजी वन विकास र संरक्षणलाई प्रोत्साहित गरिनेछ र वन कार्यालयसँग समन्वय गरी त्यसको व्यवस्थापन तथा बजारीकरणमा सहजीकरण गरिनेछ।<br>१०) वनजंगललाई आगलागीबाट जोगाउन जनचेतनाका साथै अग्नि नियन्त्रणका उपाय अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।<br>११) वन क्षेत्रका सरोकारवालाहरू, स्थानीय निकाय, गैरसरकारी संघ संस्थासँग समन्वय गरिनेछ ।<br>१२) गाउँपालिकाको जैविक विविधताको अभिलेखीकरणमा आवश्यक सहयोग गरिनेछ। |
| २. जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गर्ने | १) खोलाहरूको संरक्षण गर्नुपर्ने क्षेत्रको पहिचान, सर्वेक्षण गरी योजना प्रक्रियामा समावेश गरी संरक्षण कार्य गरिनेछ ।<br>२) खोल्साखोल्सीहरूमा चेक ड्याम बनाई नियन्त्रको कार्य गरिनेछ ।<br>३) खोला, पोखरी तथा जलाधार क्षेत्रको संरक्षणको कार्यक्रम सञ्चालन |

| | |
|---|---|
| | गरिनेछ ।<br>४) सडक किनारामा फलफूल तथा सौन्दर्य वृद्धि गर्ने जातका बोटबिरुवाको वृक्षरोपण र संरक्षण कार्य गर्ने विकासका कार्यक्रमहरू सञ्चालन गर्दा कृषि जैविक विविधताको संरक्षणलाई विशेष महत्व दिइनेछ।<br>५) जैविक विविधता र वातावरण जनित परम्परागत ज्ञान, सीप तथा अभ्यासहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।<br>६) जैविक विविधता संरक्षणका साथै पर्यापर्यटनलाई टेवा पुर्‍याउन सहजीकरण गरिनेछ ।<br>७) निजी क्षेत्रलाई कालिज, मृग जस्ता वन्यजन्तु पालनका लागि प्रोत्साहित गरी त्यसको दर्ता, नियमन तथा बजारीकरणमा सहयोग पुर्याइनेछ । |
| ३. वातावरण संरक्षण नियमन र फोहोरमैलाको व्यवस्थापन गर्ने | १) वातावरण संरक्षणमा संलग्न सबै संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२) वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ ।<br>३) प्लाष्टिक झोलाहरूलाई प्रतिबन्ध लगाइनेछ ।<br>४) स्थानीय खुला तथा सार्वजनिक क्षेत्रहरू सुरक्षित गर्दै संरक्षण गरिनेछ ।<br>५) विद्यालय तहमा वातावरण संरक्षण सम्बन्धी अभिमुखीकरण र वातावरणीय सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६) वातावरण संवेदनशील विशेष गरेर भौतिक पूर्वाधारका योजना र प्राकितक स्रोतको प्रयोग गर्दा प्रारम्भिक परीक्षण (IEE) तथा मुल्यांकन अध्ययन (EIA) गरेर मात्र कार्यक्रम स्वीकृत गर्ने प्रणाली अबलम्बन गरी वातावरण र विकास बीच सन्तुलन कायम गरिनेछ ।<br>७) स्थानीयस्तरमा हरित क्षेत्रको विकास, संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>८) वातावरणीय जोखिम न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>९) घर, आँगन र बजार क्षेत्र सरसफाइयुक्त बनाउन फोहोरमैला व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१०) उत्पादन हुने फोहोरलाई कुहिने, पुनः प्रयोग हुने र फालिने गरी वर्गीकरण गरिनेछ ।<br>११) बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न व्यवस्थापन समिति गठन गरी व्यवस्थापनका लागि जिम्मेवारी दिइनेछ । |

| | |
|---|---|
| | १२) कुहिने फोहोरलाई कम्पोष्टको रूपमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ । <br>१३) पुनः प्रयोग गरिने फोहोरलाई बिक्री वितरणको संस्थागत रूपमा संकलन गरी निकासी गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ र यसरी निकासी भएको फोहोरको आयलाई निर्देशिका तयार गरी सम्बन्धित समिति र गाउँपालिकामा रहने गरी व्यवस्था गरिनेछ । <br>१४) बजार क्षेत्रमा व्यवस्थित नाली र ढलको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम** : कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ७.१.५ अपेक्षित उपलब्धि

योजना अवधिको अन्त्यसम्ममा वन नर्सरीको स्थापना भएको हुने, वन क्षेत्रमा कृषिवनको लागि प्रयोग गर्ने प्रारुप बनाइने, वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, हरित वृद्धि भएको हुने, प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि लागू भएको हुने, विद्यालय तहमा वातावरण संरक्षण सम्बन्धी अभिमुखीकरण र वातावरणीय सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको हुनेछ ।

### ७.१.६ अनुमान तथा जोखिम

## ७.२ जलवायु परिवर्तन र विपद् व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधानले जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी आ-आफ्नो तहमा यी विषय सम्बन्धी नीति, कानून, रणनीति र मापदण्ड तर्जुमा गरी लागू गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा जलवायु परिवर्तन, अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयलाई समावेश गरी कार्यान्वयन गरिनुपर्ने व्यवस्था गरिएको छ।

**वर्तमान स्थिति**

यस गाउँपालिकाको छुट्टै जलवायु सम्बन्धी तथ्यांक नभएकोले जिल्लाको औसत तथ्यांकलाई आधार मान्दा गर्मी मौसममा अधिकतम तापक्रम ।।।। डिग्री र न्यूनतम तापक्रम ।।।। डिग्री सेल्सियस वरिपरि पुग्छ। आषाढ महिनाबाट मनसुनी वर्षा हुने हुँदा जिल्लाको अन्य भागमा जस्तै यस पालिकामा पनि पानी पर्न थाल्दछ र तापक्रममा कमी भएको महसुस हुन्छ । यस गाउँपालिका तुलनात्मक रूपमा उच्च भेगमा अवस्थित रहेकोले हिउँदमा अत्यन्त चिसो हुँदा हिउँ समेत पर्ने गर्दछ र जनजीवन कष्टकर समेत हुन सक्ने देखिन्छ। असार र साउनमा अधिकतम ।।।। मिलिमिटरसम्म वर्षा हुन्छ भने हिउँदका महिनाहरूमा यसको मात्रा नगन्य रहन्छ । वार्षिक औसत वर्षा ।।।। मिलिमिटरसम्म हुने गर्दछ ।

### ७.२.२ प्रमुख समस्या तथा चुनौती

जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड तर्जुमा हुन नसक्नु, स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्य योजना लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमी हुनु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र वर्षातको पानीमा अधिक निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिबृष्टि हुनु र खडेरी पर्नु, बाढी, पहिरो, खडेरी, हावाहुरी, मानव रोगको महामारी, असिना, चट्याङ, कृषिमा रोग किरा र मिचाहा प्रजाति जस्ता प्रकोपहरूले स्थानीय स्तरमा प्रत्यक्ष रूपमा असर परेको महसुस हुनु, वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य हेर्ने सम्पर्क व्यक्ति न तोकिनु, व्यवस्थित कार्य योजना बनाई कार्यक्रम सञ्चालन हुन नसक्नु, जंगलमा आगलागि, चट्याङ आदिका घटनामा वृद्धि हुनु, खहरे खोला भएको कारणले कटान तथा भूक्षयको जोखिम रहनु, स्थानीय वातावरण समितिको क्षमता कमजोर रहनु बर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जीउ धनका साथै, सार्वजनिक निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**ख) चुनौती**

स्थानीयस्तरमा जलवायु परिवर्तनसम्बन्धी आधिकारिक तथ्यांक कायम गर्नु, स्थानीय जलवायु अनुकूलन कार्ययोजना लागू गर्नु, जलवायु अनुकुलन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलन संरचना निर्माण गर्नु, कृषि तथा वन क्षेत्रमा जलवायु अनुकूलन प्रविधिको उपयोग बढाउनु, जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नु, जलवायु परिवर्तनको असरबाट प्रभावित गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरी लाई सेवा र टेवा दिनु र खेतबारीमा रासायनिक मलको प्रयोग निरुत्साहित गरी जैविक प्रविधिको उपयोग बढाउनु चुनौती देखिएका छन् ।

### ७.२.३ सम्भावना तथा अवसर

**क) अवसर**

केन्द्रीयस्तारमा जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, रणनीति तर्जुमा भएको हुनु,भई कार्यान्वयनमा रहनु नेपाल सरकारको स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६, कार्यान्वयनमा रहनु, स्थानीयस्तरमा जलवायु अनुकुलन कार्य योजना तथा विपद् जखिम न्यूनीकरण, व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने नीति लिइनु, स्थानीय तहलाई विपद् व्यवस्थापन गर्ने र यस सम्बन्धी कार्यसँग सम्बन्धित संस्थाहरूलाई समन्वय समन्वय र सहकार्य गर्न सक्ने गरी कानुनी व्यवस्था समेत रहेको, यसक्षेत्रका अवसर रहेका छन् ।

### ७.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** जलवायु परिवर्तन र विपद् जोखिमबाट भएको प्रभाव न्यूनीकरण भएको हुने।

**उद्देश्य :** जलवायु परिवर्तन र विपद् जोखिमको क्षति कम गर्नु ।

**रणनीति**

१ स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्ने
२ विपद्बाट हुने क्षतिको मात्रा कम गर्ने ।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| | १) स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनालाई |

| | |
|---|---|
| १ )स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्ने. | स्थानीयकरण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२) जलवायु परिवर्तन अनुकूलन सम्बन्धी संस्थागत संयन्त्र स्थापना र बजेट व्यवस्था गरिनेछ ।<br>३) सुख्खाको कारणले मूलहरू सुक्दै गएकाले पानी रिचार्ज हुने गरी उपयुक्त क्षेत्रमा पोखरी निर्माण गरिनेछन् ।<br>४) स्थानीय खेती प्रणालीमा, जलवायु परिवर्तनले परेको असर न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५) न्यून पानी उपयोग हुने आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>६) पानीको बहुउपयोग गरिनेछ । |
| २)विपदबाट हुने क्षतिको मात्रा कम गर्ने । | १) गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२) विपद् जोखिम क्षेत्रको नक्सांकन गरिनेछ ।<br>३) विपद् व्यवस्थापन कोषको स्थापना र कार्यविधि बनाई सञ्चालन गरिनेछ ।<br>४) गाउँपालिकामा आपतकालीन अवस्थाका लागि आवश्यक न्यूनतम सामग्री भण्डारणको प्रवन्ध गरिनेछ ।<br>५) स्थानीय युवाहरूलाई विपद् सम्बन्धी तालिम दिई स्वयंसेवकको रूपमा परिचालन गरिनेछ ।<br>६) स्थानीयस्तरमा रेडक्रसको स्थापना र क्रियाशिल बनाउन सहकार्य गरिनेछ ।<br>७) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम पहिचान गरी सञ्चालन गरिनेछन् ।<br>८) विपद् व्यवस्थापनमा संघ, प्रदेश तथा सरोकार निकाय बीच समन्वय कायम गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>९) सम्पादन गरिएका कार्यक्रमको अभिलेखीकरण गरिनेछ । |

**प्रमुख कार्यक्रम** : कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ७.२.५ अपेक्षित उपलब्धि

योजना कार्यान्वयनबाट जलवायु अनुकूलन योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समित क्रियाशील भएको हुने, विपद् व्यवस्थापन कोष स्थापना भई

सञ्चालनमा आएको हुने, विपद् आपतकालीन भण्डारण व्यवस्था भएको हुने, विपद् नक्साङ्कन भएको हुने, सबै वडामा समुदायमा आधारित विपद् व्यवस्थापन समिति गठन भएको हुने, विपद्जन्य क्षति आधाले कम भएको हुनेछ।

### ७.२.६ अनुमान तथा जोखिम

# ८ परिच्छेद  ८ सुशासन तथा संस्थागत विकास

## ८.१ सुशासन तथा सेवा प्रवाह

### ८.१.१ पृष्ठभुमि

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ । स्थानीय तहको सरकार जनताको निकटतम् रहेर प्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने निकाय भएकोले स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ । सोही मर्मलाई आत्मसात् गर्दै स्थानीय सरकारले संस्थागत संरचना र मानव संसाधनको विकासगरी सुशासनमैत्री वातावरण निर्माण गर्न गाउंपालिकाको काम कारवाहिलाई पारदर्शि, जवाफदेहि सदाचारयुक्त, न्यायिक र सूचना प्रविधिमैत्री बनाई जनसहभागित र जनविश्वास अभिबृधि गर्न जरुरी देखिन्छ । यसकालागि हाल विध्यमान संगठनात्मक संरचनाको सुधार, समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानून र कर्मचारीका तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्न जरुरी देखिन्छ ।

**विधमान अवस्था**

यस पालिकामा हालसम्म ।।।। वटा ऐन कानुन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरेको छ । यसैगरी नीतिगत समित जम्मा ।। वटा समितिहरु कृयाशिल रहेका छन । स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याकन मा कुल ।।।। अंकभार प्राप्त गरेको छ । यस गाउँपालिकाको आफ्नै नया भवन वन्दै गरेको छ । यस गाउँपालिकामा जम्मा ।। जनाको दरबन्दी रहेकोमा हालसम्म ।।। जनाको पदपूर्ति भएको छ । उपरोक्त बाहेक स्वास्थ्य चौकीहरुमा ।।। जना कर्मचारी समेत गरी जम्मा ।।।। वटा (स्थायी, अस्थायी र करार) कर्मचारीहरु कार्यरत रहेकाछन् । स्थानीय सन्चित कोष बाट सुत्रमा आधारित वित्तिय कारोवार सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा तथा वस्तुगत विवरणमा विद्युतीय प्रणालीको प्रयोग भएको छ भने स्थानीय भौतिक पूर्वाधारका कार्यक्रमहरु ठेक्कापट्टा र उपभोक्ता समिति मार्फत कार्यान्वयनमा ल्याएकाछन ।

### ८.१.२ प्रमुख समस्या तथा चुनौती

**समस्या**

आफ्नो अधिकार क्षेत्रभित्रका सबै कानुन, कार्यविधि तथा मापदण्डहरू बनि नसक्नु, विधमान ऐन कानुन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति मार्गदर्शनको आन्सिक मात्र कार्यान्वयन हुनु, सुशाशन र लेखा समिति प्रभावकारी नहुनु, अन्तर सरकार समन्वय हुन नसक्नु, सदाचार प्रवद्र्धन तथा भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायहरुको अवलम्बन गर्न नसक्नु, सर्वजनिक सुनवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जस्ता पारदर्शिका औजारहरुको यथेष्ट प्रयोग नहुनु, संगठनात्मक संरचनाको विश्लेष्ण नहुनु, आवश्यक दक्ष कर्मचारीको कमि तथा कर्मचारीहरूको निरन्तर सरुवा र अस्थिरता रहनु, कर्मचारी कार्य सम्पादन मुल्यांकन पद्धतिको विकास हुन नसक्नु, सूचना प्रविधि पूर्वाधारको अभाव हँुदा सरल रूपमा सूचना प्रवाहको कठिनाई हुनु, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास कार्यक्रमहरुको कमि, आन्तरिक स्रोतको कमि हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

## चुनौति

स्थानीय सरकार संचालन सम्बन्धमा सरोकारवालाको समान बुझाई कायम गर्नु, सदाचार प्रवद्र्धन तथा भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायहरुको अवलम्बन गर्नु, कर्मचारी र जनप्रतिनिधि बीच अन्तरसम्बन्ध परिभाषित गर्नु, समानुपातिक सहभागिता र वितरण प्रणालिको कार्यान्वयन गर्नु, कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु तथा संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु प्रमुख चुनौति हुन् ।

### ८.१.३ सम्भावना तथा अवसर

**क) अवसर**

आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन लगायत ।।।।। वटा आवश्यक आधारभूत ऐन कानूनहरूको निर्माण, विभिन्न नीतिगत समितिहरु र बिषयगत समति/साखा र श्रोत केन्द्रहरुको स्थापना र कार्यान्वयन, न्यायिक समिति लगायत बिभिन्न विषयगत समितिहरुको स्थापना र कार्यान्वयन, राजस्व कार्यान्वयन कार्य योजनाको निर्माण र कार्यान्वयन, विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु, गाउकार्यपालिकाको आफ्नै भवन बनि सकेको तथा तथा ।।। वटा वडा कार्यालयहरुको समेत आफ्नै भवनबाट सेवा सूचारु भएकोे, गाउंपालिका अन्र्तगत शाखा-उप साखाहरुकामा कम्प्युटर, इन्टरनेट जस्ता न्युनत्तम भौवतिक श्रोत साधनको उपलब्धता हुनु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### ८.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य** : सुशानको प्रत्याभूति भएको हुने

**उद्देश्य** : नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्नु ।

**रणनीति**

१ शासकीय प्रणालीमा सुधार गर्ने

२ सर्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता कायम गर्ने

३ संगठन संरचना सुदृढ गर्ने ।

४ सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गर्ने ।

५ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| १ शासकीय प्रणालीमा सुधार गर्ने | १) मौजुदा कानूनलाई समयानुकुल परिमार्जन गरी आवश्यकताको आधारमा थप ऐन, कानून, निर्देशिका, कार्यविधि/मापदण्ड बनाई लागु गरिनेछ ।<br>२) स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनलाई गुणस्तरीय र सेवा प्रवाहमा आधारित सुचक निर्माण गरी लागु गरिनेछ ।<br>३) गाउँपालिकाका विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकिकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>४) क्षतिपुर्ति सहितको नागरीक बडापत्रलाई प्राथमिक्ता दिईनेछ ।<br>५) सदाचार प्रवद्र्धन गर्दै भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ ।<br>६) सदाचार र नैतिकता प्रवद्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछन ।<br>७) सार्वजनिक पदाधिकारीकालागि आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>८) अन्य गाउँपालिकाहरू बीच साझा चासोका विषय र परियोजनाहरूको |

| | |
|---|---|
| | पहिचान गरी सहकार्य गरिनेछ । |
| २ सर्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता कायम गर्ने | १) सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहीता कायम गर्न र सेवा प्रावहलाई गुणस्तरीय वनाउन (-सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन) जस्ता सुशासनक औजारहरुको अधिकतम् प्रयोग गरिनेछ ।<br>२) गाउँपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।<br>३) आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।<br>४) सार्वजनिक सेवामा सबै नागरीकको समान पँहुच र अवसरको लागि समतामुलक नीति अपनाईनेछ<br>५) आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।<br>६) टोल विकास संस्थाहरुको प्रत्यक्ष सहभागिता मार्फत आम नागरिकको सहभागितालाई अभिवृद्धि गरिनेछ । |
| ३ संगठन संरचना सुदृढ गर्ने । | १) गाउँपालिकाको संगठन तथा व्यवस्थापन (&) अध्ययन गरी संगठन संरचन, दरबन्दी र कर्मचारीको कार्य विवरण तयार गरिनेछ ।<br>२) निर्धारित दरवन्दी अनुसार आवश्यक कर्मचारीहरूको पद पूर्ति गर्न निर्धारित प्रकृया अबलम्बन गरी पुर्ति गरिनेछ ।<br>३) गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीमा आवश्यक परिमार्जन गरी सबै निर्वाचित प्रतिनिधिहरु र पालिका तथा सभाका समितिहरुको कार्य विवरण स्पष्ट गरिनेछ ।<br>४) सार्वजनिक प्रशासनलाई छिटो, छरितो चुस्त बनाउन कर्मचारी कार्य सम्पादन मुल्यांकन पद्धतिको विकास गरि पुरस्कार तथा दण्डलाई उनीहरूको कार्यप्रगतिसंग आवद्ध गरिनेछ ।<br>५) गाउँ कार्यपालिकाका उपाध्यक्ष, सबै वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुसँग अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुख सँग कार्य सम्पादन करार गरी नतिजाको अनुगमन गर्ने पद्धति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।<br>६) कर्मचारीलाई कार्यसम्पादन गर्न उपर्युक्त भौतिक पूर्वाधार तथा उपकरणहरुको ब्यवस्था गरिनेछ । |

| | |
|---|---|
| ४ सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गर्ने । | १) वडा गाउं टोल स्तर सम्म अनलाईन सेवा प्रणालिलाई विस्तार गरिनेछ ।<br>२) मोवाई एप्सको प्रयोगबाट गाउंपालिकाका गतिविधको वारेमा सवै नागरिकलाई सुसुचित गराइनेछ ।<br>३) सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गरिनेछ ।<br>४) गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।<br>५) सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।<br>६) सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ ।<br>७) विध्यमान वेवसाइटलाई अध्यावधिक गरी गाउँपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।<br>८) गाउँपालिकाको आर्थिक करोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ । |
| ५ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने । | १) जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका क्षेत्रहरु पहिचान गरिनेछ ।<br>२) जनप्रतिनिधि र कर्मचारीको समग्र क्षेत्रमा क्षमता विकास गरिनेछ ।<br>३) न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ ।<br>४) गाउँपालिकाको कानून निर्माण क्षमता अभिबृद्धि हुने गरी संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ८.१.५ अपेक्षित उपलब्धि

।।।। वटा स्थानीय कानून, मापदण्ड तथा कार्यविधिहरू निर्माण भएको हुने, विभिन्न नीतिगत तथा बिषयगत समतिहरु प्रभावकारि रुपमा क्रियाशिल हुने, । सस्थागत स्व मूल्याकँन पद्धतिलाई निरन्तरता दिदै ९० प्रतिशत अंकभार हासिल हुने, बर्षमा कम्तिमा ६ पटक एकिकृत घुम्ती सेवा मार्फत नागरिकले सेवा पाउने, जनप्रतिनीधि र कर्मचारीको आचारसंहित लागु भै सदाचार र नैतिकतको प्रर्वधन हुने, स्थानीय शासनका साझेदारको समन्वयमा बृधि हुने, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन तथा क्षतिपुर्ति सहितको नागरीक बडापत्र जस्तासुशासनक औजारहरुको अधिकतम्

प्रयोग भई सार्वजनिक सेवा पारदर्शिता र जवाफदेहीता र गुणस्तरीय हुने, लक्षित वर्ग तथा समुदायको सशक्तिकरण र मुलप्रवाहीकरणमा विशेष सहयोग पग्ने, संगठन तथा व्यवस्थापन अध्ययन भई शाखा, उपशाखा, इकाई र कर्मचारीको विवरण तयार हुने, कर्मचारीहरूको पद पूर्ती पर्णरुपमा भएको हुने, कार्यसम्पादन पद्धतिको विकास तथा कार्यान्वयन, कर्मचारीलाई कार्यसम्पादन गर्न उपर्युक्त भौतिक पूर्वाधार तथा उपकरणहरुको व्यवस्था हुने, गाउंपालिकाका सवै वडा कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रवाह हुने, जनप्रतिनिधि र कर्मचारी तथा लक्षित विपन्न, उपभोक्ता सिमितिहरुको क्षमता अभिबृधि भएको हुने छ

### ८.१.६ अनुमान तथा जोखिम

## ८.२ योजना तथा तथ्याङ्क

### ८.२.१ पृष्ठभुमि

योजनाबद्ध कार्य प्रणाली अपनाएमा मात्र निर्धारित समयमा, पूर्व अनुमानित स्रोत र साधनको अधिकतम प्रयोगद्वारा नियोजित कार्य वा सेवा सम्पन्न गर्न सकिन्छ । यसैले विकास कार्य गर्दा योजना तर्जुमा पूर्व आवश्यकता, व्यवस्थापन, स्रोतको उपलव्धता, लगायत संलग्न समूह, उपलब्धि, लाभदायी समूह आदिको पूर्व पहिचान हुनु आवश्यक पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकाहरूले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने उल्लेख गर्नुका साथै स्थानीयस्तरको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी पार्शवचित्र तथा स्रोत नक्साको अध्यावधिक अभिलेखन गर्नु पर्ने ब्यवस्था गरेको छ । परिणाममुखी योजना तर्जुमा र कार्यान्वयन यसका लागि तथ्यमा आधारित शुचना प्रर्णालीको विकास गर्नु अति आवश्यक पर्दछ ।

**विधमान अवस्था**

गाउँपालिकाको विकासको लक्ष्य प्राप्त गर्न सहभागितामूलक प्रणालीको अवलम्बन गर्ने गरेको, स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार वस्तुगत विवरण तयार भएको, राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा रहेको, पंचवर्षिया आवधिक योजना निर्माण अन्तिम तयारीमा रहेको छ । स्वास्थ्य सूचना प्रणाली (ज्ःक्ष्क्)  र शिक्षा सूचना प्रणाली (भ्ःक्ष्क्) कार्यान्वनयमा रहेको, छ । त्यसैगरी विषयगत शाखाहरूले स्थानीय स्तरमा संकलन गरेका तथ्याङ्क तथा सूचनाहरू प्रयोगमा ल्याइएको छ । २०७२ सालको भकम्पपश्चात प्रभावित घरधुरीको सर्वेक्षण सम्पनन भएको छ । त्यसैगरी गाउंपालिकाको वेभसाईट, विभिन्न क्यातधबचभ, विधुत्तीय उपकरणहरुको प्रयोग र सुचना अधिकृतको उपस्थिति रहेको छ । बार्षिक योजना तथा बजेट तर्जुमा लगायतका कार्यहरूमा यिनै तथ्याङ्हरूको प्रयोग गरिदै आइएको छ ।

### ८.२.२ प्रमुख समस्या तथा चुनौतिहरु

**समस्या**

सहभागितामूलक योजना प्रणाली पूर्णरूपमा स्थापित भइनसक्नु, योजना प्राथमिकीकरणको आधारमा तर्जुमा हुन नसक्नु, विस्तृत आयोजना प्रतिवेदन विना आयोजनाको छनौट हुनु, टुक्रे र वितरणकारी आयोजनाको बाहुल्यता हुनु, योजना छनौटका आधार प्रष्ट नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, मर्मत सम्भारको कमी, प्राविधिक जनशक्तिको अभावमा योजना संचालन र अनुगमनमा समस्या भएको देखिन्छ । त्यसैगरि स्थानीय अभलेख सम्बन्धी बस्तुगत विवरण नहुनु, साथै नियमित रुपमा तथ्याङ्क सकँलन, प्रशोधन  र प्रकाशन नहुनु, स्थानीय तहमा रहेको सार्वजनिक सम्पत्तिको अभिलेख नरहनु, विभिन्न निकायहरूको तथ्याङ्कमा एकरूपता नहुनु, तथ्याङ्क एकिकृत गरी व्यवस्थित राख्ने संस्थागत

व्यवस्था नहुनु, आदि प्रमुख समस्या रहेका छन् ।

**चुनौति**

दीगो विकासका अवधारणा अनुसार योजना तर्जुमा र विकास कार्यहरूको कार्यान्वयन गर्नु, पूर्व संभाव्यताका आधारमा आयोजनाहरूको छनौट र कार्यान्वयन गर्नु, प्राथमिकताको आधारमा योजना तथा बजेट विनियोजन गर्ने अभ्यासा ल्याउनु, सहभागितामूलक योजना तर्जुमा प्रणाली संस्थागत गर्नु, वितरणमुखी बजेट नियन्त्रण गरी टुक्रे योजनामा विनियोजन रोक्नु, योजना प्रणालीलाई नतिजासँग आवद्ध गर्नु, योजना कार्यान्वयन क्षमता बढाउनु, विकास योजनाका बारेमा आम नागरिकलाई सुसूचित गर्नु, विकासमा सबै लिङ्ग, वर्ग, र समुदायको समतामूलक पहुँच स्थापित गर्नु, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्नु, तथ्याङ्कको महत्वबारे जानकार बनाउदै योजना तर्जुमा र निर्णय प्रक्रियामा तथ्य-तथ्याङ्कको प्रयोग गर्ने परिपाटीको विकास गर्नु, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्नु, नागरिकको सूचनाको हक स्थापित गराउनु प्रमुख चुनौति रहेका छन् ।

### ८.२.३ सम्भावना तथा अवसर

**क) अवसर**

स्थानीय तहका योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा गाउँपालिकालाई पूर्ण अधिकार हुनु, निर्वाचित पदाधिकारीहरूले नेतृत्वदायी भूमिका खेल्नु, योजनाबद्ध विकास प्रति जनप्रतिनिधिहरूमा जानकारी हुनु, विकास योजनामा जनसहभागिता प्राप्त हुनु, उपभोक्ता समितिहरू क्रियाशील हुनु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै गइरहेको छ । त्यसैगरि स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन, योजना प्रणाली सम्बन्धी अधिकार हुनु, घरधुरी सर्वेक्षण तथा संस्थागत सर्वेक्षणबाट तयार गरिएको बस्तुगत विवरणले योजना तर्जुमा तथा अन्य विकास आयोजनाहरूबाट प्राप्त आधारभूत तथ्याङ्क उपलव्ध हुन र गाउंपालिकाको वेभसाईट, विभिन्न विधुत्तीय उपकरणहरुको प्रयोग हुनु यस क्षेत्रका प्रमुख अवसरहरू हुन

### ८.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष :** सहभागितामूलक योजना प्रणालीको स्थापना गर्नु

**उद्देश्य :** तथ्याङ्कमा आधारित सहभागितामूलक योजना प्रणालीको स्थापना गर्नु ।

**रणनीति**

१ सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने ।

२ तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने ।

३ सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्न्ने ।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १ सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने । | १) सहभागितात्मक योजना तर्जुमा प्रक्रिया/चरण सम्वन्धि निर्देशिका तयार गरी लागु गरिने छ ।<br>२) योजना कार्यान्वयन गर्दा सरोकारवाला र अन्तर सरकार समन्वय र साझेदारी गरी स्रोत साधनको न्यूनता र दोहोरोपना हटाइनेछ ।<br>३) विभिन्न निकायबाट गाउँपालिका क्षेत्रभित्र संचालन हुने विकास कार्यक्रमहरू गाउँ विकास योजनामा एकिकृत गरिनेछ ।<br>४) सहभागितात्मक योजना तर्जुमा प्रणालीमा कोही नछुटुन् भन्ने अवधारणा अन्तर्गत वस्ती तहदेखि नै टोल विकास संस्था, महिला समुह लागायतका सरोकारवालाहरुको अर्थमुलक सहभागिता सुनिश्चिता गर्न आवश्यक नीति बनाईने छ ।<br>५) योजना तर्जुमा प्रक्रिया/चरण सम्वन्धमा नीतिगत समितिका पदाधिकारी, जनप्रतिनीधि, कर्मचारी, उपभोक्ता समिति र सरोकार वालहरुको क्षमता विकास गर्ने ब्यवस्था मिलाइने छ ।<br>६) गाउँपालिकामा परियोजना बैंक राखिने छ र परियोजनाहरुको बिस्तृत अध्ययनगरी र मध्यम कालीन खर्च तयार गरेरमात्र कार्यान्वयन गरिने छ। |
| २ तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने । | १) विधमान आवधिक योजना, विषयगत गुरु योजना र प्रदेशको नीति तथा कार्यक्रमहरुको शुचकलाई आधारमानी योजना तर्जुमा गर्न बिज्ञ सल्लाहकार परिचालन गरिने छ ।<br>२) मध्यमकालीन खर्च संरचना अनियवार्य रुपमा तयार गरी लागु गरिने छ ।<br>३) ठूला आयोजना छनौट गर्दा आर्थिक, सामाजिक र प्राविधिक अध्ययन गरी सम्भाव्य आयोजनामात्र छनौट गरिनेछ ।<br>४) सम्पन्न योजनाको मर्मत सम्भार सम्वन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>५) स्थानीय योजना व्यवास्थापन प्रणालीलाई सूचना प्रविधिमा |

| | |
|---|---|
| | आवद्ध गरिनेछ । |
| ३ सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्ने । | १) गाउँपालिकाको श्रोत नक्सा सहितको बस्तुगत विवरण तयार गरिनेछ ।<br>२) वस्तुगत विवरण वार्षिक रूपमा अध्यावधिक गरिनेछ ।<br>३) गाउँपालिकाभित्रको सुचना तथा तथ्याङ्क प्रणालीलाई एकरूपता कायम गरी सुचना केन्द्रको स्थापना गरिनेछ ।<br>४) गाउँपालिकाको तथ्याङ्कलाई विद्युतीय प्रणालीमा आवद्ध गरी राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्क प्रणालीसँग सञ्जालीकरण गरिनेछ ।<br>५) सूचना तथा तथ्याङ्क संकलन तथा परिमार्जन सम्बन्धी क्षमता विकास गरिनेछ । |

**प्रमुख कार्यक्रम :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ८.२.५ अपेक्षित उपलब्धि

सहभागितात्मक योजना तर्जुमा प्रक्रिया/चरण सम्वन्धि निर्देशिका तयार भइ कार्यान्वयनमा रहेको हुने, सहभागितात्मक योजना तर्जुमा प्रणालीमा वस्ती तहदेखि नै टोल विकास संस्था, महिला समुह लागायतका सरोकारवालाहरुको अर्थमुलक सहभागिता ७० प्रतिशतले बृधि हुने, योजना तर्जुमा प्रक्रिया/चरण सम्वन्धी ३०० भन्दा वढि संख्यामा नीतिगत समितिका पदाधिकारी, जनप्रतिनीधि, कर्मचारी, उपभोक्ता समिति र सरोकार वालहरुको क्षमता विकास बृद्धि हुने, आवधिक गाउँ विकास योजना तथा विषय क्षेत्रगत गुरुयोजना तर्जुमा भई कार्यान्वन रहेका हुने, ठुला आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार हुने, ७५ प्रतिशत आयोजनाहरुको मर्मत सम्भार कोष स्थापना हुने, स्थानीय गौरबका आयोजना समेतं आयोजना बैङ्क तयार भई प्राथमिकताका आधारमा संचालन भएको हुने, प्रविधियुक्त शुचना केन्द्रको स्थापना हुने र श्रोत नक्शा सहित वस्तुगत विवरण अद्यावधिक भएको हुने ।

### ८.२.६ अनुमान तथा जोखिम

## ८.३ अनुगमन तथा मूल्याङ्कन

### ८.३.१ पृष्ठभुमि

नेपालको संविधान २०७२ ले राज्यका मुल नीति र सो अन्तर्गतका सर्वजनिक नीतिहरुको कार्यान्वयन अवस्था वारे निरन्तर अनुगमन गरी परिआउने कठिनाइ बाधा ब्यवधानहरुको ब्यवस्थापन गर्न र सम्पन्न कामबाट निधारित लक्ष्य एवं उदेश्यहरु हासिल भए नभएको स्वतन्त्र र निश्पक्ष्य ढंगबाट मुल्यांकन गरी भविश्यका लागि दिशा निर्देश गर्न संघ, प्रदेश र स्थानीय तहमा अनुगमन तथा मुल्यांकन समितिहरुको ब्यवस्था गरेको छ । स्थानीय सरकारहरु स्वायत्त भएकोले बजेट बांडफांट लगायत योजना निर्माणका विविध चरणहरुमा सहभागी भएको अवस्थामा तोकिएको काम तोकिएको समय, तोकिएको लागत र गुणस्तरमा कार्य भए नभएको सुनिश्चित गर्न र सम्पन्न कामबाट निधारित लक्ष्य एवं  उद्देश्यहरु हासिल भयो भएन  लगानी सार्थक भयो भएन स्वतन्त्र र निश्पक्ष ढंगबाट मुल्यांकन गरी भविश्यका लागि दिशा निर्देश गर्न आवश्यक छ । गाउँपालिकाले आफ्ना स्वीकृत कार्यक्रमको अलावा आफ्नो भूगोलभित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गरी तत्तत् निकायमा जानकारी पठाउने गर्दछ । अनुगमन तथा मुल्यांकनको लागि गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको ब्यवस्था गरिएको छ ।

**विधमान अवस्था**

गाउँपालिकाले आफ्ना स्वीकृत कार्यक्रमको अलावा आफ्नो भूगोलभित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गर्न उपाध्यक्षको अध्यक्षतामा अनुगमन तथा सुपरिवेक्षण समितिको ब्यवस्था गरिएको छ भने  यस थलारा गाउँपालिकामा ९ वटै वडाका वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि कार्यान्वयनभा रहेकाछन । सहभागितामुलक अनुगमन तथा मुल्यांकन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व रहेको, सामाजिक परिक्षण १ पटक, आयोजनाहरुको सर्वजनिक सुनवाइ १ पटर्क,  अनुगमन तथा मुल्यांकन सम्वधि नितिगत समितिहरु आन्सिक रुपमा क्रियाशिल रहेका छन ।

### ८.३.२ प्रमुख समस्या तथा चुनौती

**समस्याहरु**

अनुगमन मुल्यांकन सम्वन्धी कार्य योजना नहुनु, विकास कार्यक्रमको सूचकमा आधारित नतिजामूलक अनुगमन नहुनु, नियमित अनुगमन र मुल्यांकनका लागि संयन्त्र निर्माण गरी परिचालन गर्न नसक्नु, अनुगमनलाई जनसहभागितामूलक बनाउन नसक्नु, नियमित रूपमा माषिक, चौमासिक तथा वार्षिक प्रगति समिक्षा नहुनु, अनुगमन मुल्यांकन गरी प्रगति प्रतिवेदन बनाउन क्षमताको कमि, सार्वजनिक

सेवामा पारदर्शिता र जवाफदेहीता कायम गर्न र सेवा प्रावहलाई गुणस्तरीय वनाउन सुशासनका औजारहरुको यथेष्ट कार्यान्वयन गर्न नसक्नु र आयोजना शुरु हुनु भन्दा अगाडि तथा योजना सम्पन्न भइसकेपछि त्यहाँको जनजीवनमा के कस्तो असर प्रभाव पऱ्यो र आगामी योजना तर्जुमाको लागि कस्तो पृष्ठपोषण र के सिकाइ रह्यो भन्ने विषय वस्तुहरु विश्लेषण गरि प्रतिवेदन तयार गर्न नसक्नु प्रमुख समस्या रहेका छन ।

**चुनौति**

अनुगमन तथा मुल्यांकन प्रणलीलाई संस्थागत गर्नु, नतिजामा आधारित अनुगमन तथा मुल्यांकन तयार गर्नु, सुशासनका औजारहरुको निरन्तर प्रयोग गर्नु, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्नु, जनसहभागितामा आधारित अनुगमन तथा मुल्याकन प्रणलीको बिकास गर्नु, अनुगमन तथा मुल्यांकनका चरण, प्रक्रिया, प्रतिवेदन, व्यवस्थी अभिलेख सम्वन्धि चेतनाको विकास गर्नु, अनुगमन र मूल्याङ्कनलाई योजनाचक्रको हिस्साको रूपमा व्यवस्थित गर्नु, आयोजनाको स्वतन्त्र तेस्रोपक्ष मूल्याङ्कन गर्नु प्रमुख चुनौति रहेका छन् ।

### ८.३.३ सम्भावना तथा अवसर

स्थानीय तहका योजनाको अनुगमन र मूल्याङ्कनमा गाउँपालिकालाई पूर्ण अधिकार हुनु, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था रहनु, स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने बिकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनु, गाउपालिका र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको गठन भई कार्यान्वयनभा रहेका, योजनाबद्ध विकास र अनुगमन मुल्यांकन सम्बन्धमा जनप्रतिनिधिहरूको चासो हुनु, विकास योजनामा जनसहभागिता प्राप्त हुनु, उपभोक्ता समितिहरू क्रियाशील हुनु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन्

### ८.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य** : गुणस्तरीय नतिजा हासिल गर्नु

**उद्देश्य** : नतिजामुलक अनुगमन र मुल्यांकन गर्नु

**रणनीति**

१ अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गन

२ अनुगमन तथा मूल्यांकन सम्बन्धि क्षमता विकास गरी आवश्यक साधन श्रोतयुक्त बनाउने ।

३ अनुगमन तथा मूल्यांकन सम्बन्धि क्षमता विकास गरी आवश्यक साधन श्रोतयुक्त बनाउने ।

**कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १ अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गन | १) अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीति तथा कार्यविधि बनाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ<br>२) अनुगमन समितिलाई क्रियाशील गराई गाउंपालिकाबाट संचालन गरिने सवै कार्यक्रमको अनिवार्य रुपमा अनुगमन तथा मुल्यांकन गर्ने परिपाटिको विकास गरिने छ ।<br>३) अनुगमन तथा मुल्यांकन प्रतिबेदन माथी कार्यपालिकाको बैठकमा छलफल गर्ने परिपाटिको विकास गरिने छ ।<br>४) गाउंपालिकामा गुणस्तर प्रयोगशालाको स्थापना गरि योजनाहरुको गुणस्तर परिक्षण गर्ने ब्यवस्था मिलाइने छ । |
| २ अनुगमन तथा मूल्यांकन सम्बन्धि क्षमता विकास गरी आवश्यक साधन श्रोतयुक्त बनाउने । | १) अनुगमन तथा मूल्याङ्कन गर्ने आधार शुचक सहित बर्षिक कार्य योजना वनाई लागु गरिनेछ ।<br>२) अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण गरी नयमित परिचालन गरिनेछ ।<br>३) अनुगमन तथा मुल्यांकन प्रर्णलीलाई जनसहभागितामूलक बनाइनेछ ।<br>४) नियमित रूपमा चौमासिक तथा वार्षिक प्रगति समिक्षा गरी विकास कार्यमा आइपर्ने समस्याको समाधान गरिनेछ ।<br>५) अनुगमन तथा मुल्यांकनबाट प्राप्त अनुभव र उपलब्धिलाई समावेश गरी प्रतिवेदन तयार गरी उक्त अनुभवलाई अगामि वर्षहरुमा लागु गर्ने ब्यवस्था मिलाइने छ ।<br>६) मुल्यांकन प्रक्रियालाई पारदर्शि र उपयोगी बनाउन स्वतन्त्र बिज्ञ तथा संस्थाहरुलाई परिचालन गर्ने परिपाटिको विकास गरिने छ । |
| ३ अनुगमन तथा | १) अनुगमन तथा मुल्यांकन समिति, जनप्रतिनिधि, कर्मचारी, उपभोक्त समिति र सरोकारवालाहरुको क्षमता बिकास गरिने छ । |

| | |
|---|---|
| मूल्यांकन सम्बन्धि क्षमता विकास गरी आवश्यक साधन श्रोतयुक्त बनाउने । | २) अनुगमन तथा मुल्यांकनको लागि आवश्यक वजेट विनियोजन गर्ने ब्यवस्था मिलाइने छ । |

**प्रमुख कार्यक्रम :** कार्यक्रम तथा आयोजनाहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ८.३.५ अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीति तथा कार्यविधि तयारी तथा कार्यान्वयन भएको हुने, आयोजनाको अनुगमन चरणहरूमा लक्षित वर्गको सहभागिता ६० प्रतिशतले बढ्ने, अनुगमन तथा मुल्यांकन प्रतिबेदन माथी कार्यपालिकाको बैठकमा छलफल भएको हुने, अनुगमन तथा मुल्यांकन सम्वन्धी कार्य योजना तयार भई कार्यान्वयनमा अएको हुने, सूचकमा आधारित नतिजामूलक अनुगमन तथा मुल्यांक प्रर्णलीको विकास भएको हुने, नियमित रूपमा पृष्ठपोष्ण सहितको मासिक, चौमासिक अर्ध बार्षिक तथा वार्षिक प्रतिवेदन तयार हने, अनुगमन तथा मुल्यांकन प्रतिवेदनको आधारमा आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण हुने, समयमा सम्पन्न आयोजना/कार्यक्रमहरु १०० प्रतिसत हुने, अनुगमन तथा मुल्यांक गर्ने प्रक्रिया, शुचकहरुको निर्माण, प्रतिवेदनको तयारी सम्बन्धि कम्तिमा १५० जना जनप्रतिनिधि/कर्मचारीको र सरोकारवालाहरु क्षमता बिकास हुनु, सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहीता कायम भई भ्रष्टाचार न्युनिकरण योजनाको गुणस्तरमा सुधार हुनु प्रमुख उपलब्धि रहेकाछन

### ८.३.६ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु हाँसिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यन्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति आवधिक रुपमा मापन गर्नुपर्दछ ।

यसका लागि योजना कार्यान्वयनका दौरान आइपर्ने समस्याहरुको समाधान एवम् गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातीत ढङ्गबाट भए नभएको जानकारी समेत प्राप्त गर्नुपर्ने हुन्छ । तसर्थ गाउँपालिकाको आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी सोको कार्यान्वयनको लागि वार्षिक कार्यान्वयन कार्यतालिका समेत तयार गर्नुपर्दछ । यसरी तयार भएको कार्यान्वयन

कार्यतालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरुसमेत निर्दिष्ट गर्ने एवम् सो अनुसार अनुगमन गर्ने र उद्देश्य प्राप्तिको अवस्था लेखाजोखा गर्न मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थाापित गर्नुपर्दछ ।

### ८.३.७ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

स्थानीय आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्दछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ र यस कार्यमा वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गर्नुपर्नेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने निकायहरुको निम्न हुनसक्दछन्ः

- गाउँ कार्यपालिका
- जिल्ला समन्वय समिति

### ८.३.८ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

वार्षिक योजना अनुगमनका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ तोकेबाहेक वार्षिक तथा आवधिक योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि निम्न विधिहरु अवलम्बन गरिनेछः

अनुगमन तथा मूल्याङ्कनका चरणहरु

- योजना चरण : यस चरणका रणनीतिक योजना तथा आवधिक कार्यक्रमका सूचीहरु वार्षिक योजनाभित्र के;कति समावेश भए भन्ने पक्ष यकिन गरिनेछ ।
- कार्यान्वयन चरण : यस चरणमा योजनाको गति अनुगमन ९त्चबअप ҁयलष्तयचष्लन० चौमासिक रुपमा गरिनेछ । यसमा मुख्यतयाः योजनाहरुको प्रगति अपेक्षित नतीजा र आवधिक लक्ष्य प्राप्तितिर उन्मुख भए नभएको यकिन गरिनेछ ।
- कार्यसम्पन्न चरण : यस चरणमा योजनाको उद्देश्य, विधि, बजेट र समयभित्र तोकिएको नतीजा हासिल भए नभएको यकिन गरिनेछ ।
- प्रभाव मूल्याङ्कन चरण : रणनीतिक योजनाले प्राथमिकतामा राखेका गौरव आयोजनामध्येका विषयगत, स्थानगत, लाभग्राही र बजेटअनुसार केही योजनाहरुको प्रभाव मूल्याङ्कन गरिनेछ । यस अन्तर्गत कार्यक्रमले जीवनस्तर सुधारमा ल्याएको परिवर्तनबारे लेखाजोखा गरिनेछ ।

अनुगमन तथा मूल्याङ्कन विधि

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।
- गा. पा. ले १ करोड बढी लागतका योजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनेछ ।
- रणनीतिक योजनाको प्रभाव थाहा पाउन,योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ,आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन,योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न बहुसरोकारवाला निकायहरुको सहभागितामा तीन वर्षपछि प्रभाव मूल्याङ्कनको व्यवस्था गर्नेछ । यस्ता प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक समेत गर्ने छ ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नेछ । छ। अनुगमनका लागि निम्न विधिहरु प्रयोग गरिनेछः
    - स्थलगत अवलोकन,
    - सरोकारवालाहरुसँग छलफल,
    - नागरिक समाजका सँस्थाहरु परिचालन,
    - मिडिया अनुगमन
    - सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण
    - वेब साइट, मोबाइल एप्स् तथा सूचना पाटीमा प्रकाशन

आन्तरिक राजस्व परिचालन

## ८.३.९ पृष्ठभूमी

थलारा गांउपालिकामा सार्वजनिक क्षेत्र अन्र्तगत गरिने खर्चहरु जुटाउन विभिन्न स्रोतहरुको परिचालन गर्नु पर्ने हुन्छ । गांउपालिकामा समग्र रुपमा राजस्व परिचालन प्रभावकारी हुन सकेमानै आवधिक योजनाको लागि चाहिने खर्च जुटाउन सम्भव हुनेछ । आन्तरिक स्रोतहरु बढी अनुपातमा परिचालन गरी खर्च गर्दा गांउपालिकाको विश्वसनियतामा अभिबृद्धि हुन सक्नेछ । गांउपालिकाको हालको वार्षिक बजेटमा आन्तरिक राजस्वको अनुपात न्यून रहेको अवस्थालाई हेर्दा तत्कालका निमित संघीय तथा प्रदेश सरकारको अनुदानमा बढी निर्भर रहनु पर्ने बाध्यता रहेकोछ । यस गांउपालिकामा विद्यमान आर्थिक अवसरहरुको उपयोगमा कमीलेगर्दा हाललाई आन्तरिक राजस्व बढी अनुपातमा उठाउन सकिएको छैन । यसका लागि गांउपालिकामा भविष्यमा थप आन्तरिक राजस्व परिचालन गर्नका निमित गांउपालिकाको विद्यमान एवं सम्भावनाहरुलाई उपयोग गर्दै राजस्व परिचालनलाई क्रमिक रुपमा बढाउदै लैजानु पर्ने देखिन्छ ।

## ८.३.१० आन्तरिक राजस्वको विद्यमान स्थिति

थलारा गाउँपालिकाको आन्तरिक आयका विद्यमान तथा सम्भाव्य प्रमुख स्रोतहरूमा स्थानीय सरकार सञ्चालन ऐन्। ,२०७४ ले दिएको अधिकार अन्र्तगत सम्पत्ति कर, मालपोत कर, व्यवसायकर, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, बहाल कर, बहाल बिटौरी कर, प्राकृतिक स्रोत उपयोग कर, दर्ता नवीकरण आदि छन् । आन्तरिक राजस्व अन्र्तगत संघ र प्रदेश संग हुने राजस्व बाँडफाँटको रकमलाई लाई समेटिएको छैन । विद्यमान स्थितिमा बाह्य स्रोतहरुमाथीको निर्भरतालाई क्रमिक रुपमा घटाउदै लैजान आन्तरिक राजस्व संकलनको स्थितिमा क्रमिक रुपमा व्यापक सुधारको खांचो छ। यसका लागि गांउपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । गांउपालिकाको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्ने उदेश्यले राजस्वसूधार कार्य योजना बनाई प्रभावकारी रुपमा कार्यान्यिवन गर्नु पर्ने आवश्यकताछ ।

## ८.३.११ आन्तरिक राजस्व परिचालनका सम्भावनाहरु

थलारा गाउँपालिकाको आन्तरिक राजस्व संकलनको हालको अनुपातलाई आगामी वर्षहरुमा क्रमिक रुपमा बृद्धि गर्दै लैजान सम्भाव्य कर तथा गैर कर राजस्वको अध्ययन तथा विश्लेषण गरी विषयगत आधारमा सुधारका क्षेत्रहरु पहिल्याई प्रभावकारी कार्यान्वयनको आवश्यकताछ ।

यस पालिकाभित्र रहेका प्राकृतिक स्रोतहरुको उचित उपयोग भएमा भविष्यमा आन्तरिक आम्दानीका स्रोतमा वृद्धि हुने सम्भावना देखिन्छ । यसैगरी प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण घना जंगल, अनकन्टार भिरपाखा देखि समथर खेतीयोग्य भूभाग समेत रहेको यस गाउँपालिका भित्र मनोरम हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिने र खप्तड पर्यटकिय क्षेत्रको बाटो रहेकोले पर्यटन पुर्वाधारको बिकास गरि अन्तरिक आय बृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

यस गाउँपालिकाको राजस्व आम्दानीलाई तत्काल बढाउन कर तथा गैर करका दरहरु बढाउदा वा नया दरहरु कायम गर्दा करदाताहरुको तिर्न सक्ने क्षमता का साथै करदाताको कर तिर्ने तत्परतालाई समेत ध्यान दिइनु पर्नेछ । यस परिप्रेक्षमा गांउपलिकाको राजस्व सूधार कार्ययोजना, ले प्रस्ताव गरे बमोजिम स्थानीय स्तरमा लगाइने कर तथा गैर कर राजस्व प्रणालीलाई प्रगतिशील एवं समन्यायिक स्वरुप दिई करदाता एवं सेवाग्राही मैत्री तुल्याइनु पर्ने हुन्छ ।

## ८.४ आन्तरिक राजस्व परिचालनका लागि सम्भावनाका क्षेत्रहरु

### ८.४.१ कर राजस्व

**क) सम्पत्ति कर**

यस गाउँपालिकामा ३४१६ घरधुरीहरु रहेको देखिन्छ । प्रचलित कानुनमा पालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाद्धारा घरजग्गामा सम्पत्ति कर लगाउनका निमित भएका सबै घरको वास्तविक मूल्यांकन गर्न सकिएमा गाउँपालिकाको लागि विश्वसनिय आयको स्रोत हुन सक्ने देखिन्छ । यसका लागि गाउँपालिकाले हरेक घरधुरीको तथ्यांक संकलन गरेर घरजग्गाको वास्तविक मूल्यांकन अनुसारको तथ्यांकमा आधारित करदाताका लगत तयार गरी सम्पत्ति करको निर्धारण तथा संकलन गर्नु पर्नेछ ।

**ख) भूमिकर (मालपोत)**

भूमिकर (मालपोत) को दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, सिँचाइ सूविधा र उक्त जग्गाबाट हुने वार्षिक उत्पादन (उत्पादकत्व) लाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुनेछ । मालपोतको दरलाई प्रगतिशील बनाउन शुरु दर कम राखी जग्गाको परिमाणअनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ । नयाँ भूउपयोग ऐन अनुसार आफनो गाउँपालिका क्षेत्र भित्रको जग्गाजमीनको

नंक्सांकन गरी वर्गीकरणका अधारमा भूमिकर (मालपोत) कोदररेट कायम गरिनुपर्ने देखिन्छ । भूमिकर (मालपोत)लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असूलीका आधारहरू अनुसार लगाउनुपर्दछ ।

**ग) घर बहाल कर (वार्षिक १० प्रतिशत)**

गाउपालिकामा घर बहाल कर असुलीको विद्यमान स्थितिमा सुधार गरी घर जग्गा बहालमा लगाउनेवाट कर संकलनको प्रभावकारी व्यवस्था गरिनु पर्दछ । व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक बहालको दरअनुसारको लगत तयारी, व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहाल करको दर निर्धारण र स्वीकृति तथा कार्यान्वियनको व्यजस्था भएमा नियमित रुपमा बहाल कर संकलन गर्न सकिनेछ ।

**घ) व्यवसाय कर**

व्यवसाय करलाई पुँजीगत लगानी र वार्षिक कारोबारको आधारमा प्रगतिशील हिसावले लगाउँदा कानून संगत र समन्यायिक हुनेछ । गाउँपालिका अन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरूलाई दर्ता प्रक्रियामा ल्याई तिनीहरूको पूँजीगत लगानी, आम्दानी, मुनाफा, सेवा आदि पक्षहरूलाई मध्यनजर गरी थोक र खुद्रा कारोवार गर्ने आदि आधार समेतमा वर्गीकरण गरेर सोअनुसार दर निर्धारण , कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्नेछ । व्यवसाय कर लगाउदा उद्यम व्यवसायमैत्री हुन सकेमा व्यवसाय प्रवद्र्धनमा समेत सघाउ पुग्नेछ ।

**ङ) जडिबुटी, कवाडी र जीवजन्तुको व्यावसायिक उपयोग कर**

यस गांउपालिकामा उत्पादित जडिवुटी तथा कवाडी र जीवजन्तु सम्बन्धी लगत तयार गरी राजश्व आँकलन गर्नुपर्ने तथा व्यक्तिगत जमिन तथा पर्ति जमिन क्षेत्रमा जडीवुटी खेती प्रवद्र्धन गर्न सकिने सम्भावना छ । साथै यहाँको वन क्षेत्रमा जडीवुटी खेती प्रवद्र्धन तथा बजारीकरण र जीवजन्तुको व्यवसायिक कारोवार हुने बजारको व्यवस्थापन गरेर राजश्व बृद्धि हुनसक्ने सम्भावना रहेकोछ ।

**च) विज्ञापन कर**

यस गाउँपालिकामा तत्कालका लागि विज्ञापन कर न्यून स्रोतका रुपमा रहेता पनि भविश्मा यहाँका लागि विज्ञापन कर पनि आयको श्रोतको रुपमा लिन सकिन्छ ।

### ८.४.२ गैरकर राजस्व

**क) बहाल विटौरी शुल्क**

थलारा गांउपालिका क्षेत्रका हाट, बजार तथा सार्वजनिक, ऐलानी एवं गाउँपालिकाको स्वामित्वमा रहेका जग्गामा बनेका संरचनाहरूको पहिचान गरी सो को लगत रखेर बहाल विटौरी शुल्क दर निर्धारण गरी राजस्व परिचालन गर्न सकिनेछ । बहाल विटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नु पर्ने देखिन्छ ।

**ख) अन्य विक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । यस गाउँपालिकाका रणनीतिक आयोजनाहरु निर्माणका साथै सडकहरु समेत निर्माण हुने भएकाले ढुंगा गिट्टी बालुवा बिक्रीको सम्भावना अझ बढी हुने अवस्था देखिन्छ । यसका लागि आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गरी राजस्व प्राप्त गर्न सकिनेछ ।

**ग) नक्सा पास दस्तुर**

यस गाउँपालिकामा बजारीकरण विस्तार हुँदै गएकोले पक्की घरहरु निर्माण भइरहेका छन् । साथै बझांग जिल्ला भुकम्पिय जोखिमका दृष्टिले सम्वेदनशील सूचीमा समेत पर्ने हुनाले भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिन्छ । नक्सापासलाई अनिवार्य गरी सोको लागि प्राविधिक सेवा दिए वापत दस्तुर आम्दानी हुन्छ ।भवनको किसिम , आकार अनुसार नक्सा पास दस्तुर निर्धारण गरी कार्यान्वयनमा ल्याउनु जरुरी देखिन्छ ।

**घ) व्यवसाय दर्ता/नवीकरण शुल्क**

यस गाउँपालिकामा विभिन्न किसिमका १६३ बढी व्यापार उद्योग व्यवसायहरु सञ्चालनमा रहेको हुनाले वार्षिक रुपमा दर्ता/नवीकरण गरी गाउँपालिकालाई राजश्व प्राप्त गर्न सकिन्छ । यसका लागि गांउपालिकामा व्यवसाय दर्ता तथा नवीकरण शुल्कको विस्तृत आधार तयार गरी दर्ता, नवीकरण तथा सिफारिस जस्ता शीर्षकगत अनुसार राजस्व आयको लगत राख्ने कार्यको थालनी

गर्नुपर्नेछ । गाउँपालिका क्षेत्रभित्रका सहकारी, संघसंस्था, उद्योग व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रुपमा मा लागू गर्ने जस्ता उपायहरुको कार्यान्वयन गरिनु पर्नेछ ।

**ङ) सिफारिस तथा प्रमाणित दस्तुर**

गाउँपालिका तथा वडा कार्यालयको एक प्रमुख कार्य सिफारिस पनि भएको हुनाले सिफारिस तथा प्रमाणित दस्तुरबाट राजश्व प्राप्त हुने गरेको देखिन्छ । गांउपालिका तथा वडाबाट सिफारिस तथा प्रमाणित गरे वापत्को शुल्क को विस्तृत आधार तयार गरी लागुगर्नु पर्नेछ । कार्य प्रकृतिका आधारमा बर्गीकरण गरेर सिफारिस तथा प्रमाणित दस्तुरको दर पुनरावलोकन गर्नुपर्नेछ ।

**च) सेवा शुल्क**

गांउपालिकाम पर्यटकीय स्थल शुल्क, स्थानीय सडक पूर्वाधार शुल्क, सिँचाइ शुल्क, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क अन्य सेवा शुल्कको सम्भावना रहेकोछ ।यस्का लागि शुल्क दर निर्धारण गर्ने, निजी क्षेत्रसँग साझेदारी वा व्यवस्थापन करार गरी कार्यान्वयन गर्दै जाने जस्ता उपायहरु अंगाल्न सकिनेछ । सेवा शुल्कको दर निर्धारण, स्वीकृति, संकलन गर्ने विधिहरुको निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

**छ) सामुदायिक वनबाट प्राप्त आय**

स्थानीय सरकार सञ्चालन ऐनमा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोछ । गाउँपालिकाभित्र रहेका सामुदायिक वनको दिगो उपयोगका लागि कार्ययोजना स्वीकृत गरी प्राप्त रकमको १०% रकम गाउँपालिकाका लागि महत्वपूर्ण स्रोत हुन सक्नेछ । वन ऐन, २०७६ अनुसार सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने प्रावधान रहेकोले पनि यो एउटा राम्रो स्रोत हुन सक्नेछ । ।

**ज) घरजग्गा रजिष्ट्रेशन दस्तुर**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गाको स्वामित्व हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ

।गांउपालिकाको लागि यो एउटा विश्वसनिय स्रोत हुन सक्नेछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा पर्याप्त क्षमता नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइनसकेकोले जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ। इस प्रकार असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुने गरी पठाइने गरेको छ ।

## ८.५ आन्तरिक राजस्व परिचालनको रणनीति तथा कार्यनीति

थलारा गांउपालिकाको राजस्व सुधार कार्ययोजना उल्लेख भए बमोजिम आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीतिहरू अवलम्बन गरिनेछन् । उल्लिखित रणनीतिहरू कार्यान्वयनका लागि राजस्व सुधार कार्ययोजनामा विभिन्न कार्यनीतिहरु समेत उल्लेख गरिएका छन् ।

१ राजश्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।

२ राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।

३ राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।

४ समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

५ स्थानीय आर्थिक विकास क्षेत्रलाई प्राथमिकता दिई लगानी विस्तार गर्ने ।

६ राजश्व प्रणाली लाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने ।

## ८.६ आन्तरिक राजस्वको प्रक्षेपण

थलारा गांउपालिकाको आन्तरिक राजस्व संकलनको प्रक्षेपण गर्दा विद्यमान अवश्थामा सुधार गर्नका लागि कर दाता एवं सेवाग्राहीको तिर्न सक्ने क्षमता र कर तिर्ने बानी बसाल्दै आन्तरिक राजस्वको दायरालाई क्रमिक रुपमा बढाउदै लैजानु पर्ने मान्यता राखिएको छ । आवधिक योजना अन्नतगत गांउपालिकाको आन्तरिक स्रोत अन्तगत राजस्व परिचालनवाट रु.५१।९२ करोड (संचित कोषमा कूल प्राप्ति अनुमान गरिएकोछ ।

सन्दर्भ सामाग्री


- स्थानिय सरकार सञ्चालन ऐन २०७४
- नेपालको संविधान, २०७२
- केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८
- थलारा गाउँपालिकाको पाश्र्व चित्र, २०७५
- थलारा गाँउपालिकाको आर्थिक प्रतिवेदन, २०७९
- Geographical Coding of States, Districts and Local units : NPC/CBS, 2017
- NEPAL Multidimensional Poverty Index, 2018: National Planning Commission
- नेपालको पन्ध्रौ आवधिक विकास योजना (२०७६/७७—२०८०/८१)
- सहस्राब्दी विकास लक्ष्य
- आर्थिक सर्वेक्षण २०७४ र ०७५ अर्थ मन्त्रालय
- दिगो विकास लक्ष्य २०३० राष्ट्रिय योजना आयोग २०७३

# अनुसुचि १ कार्यक्रम खाका

## आर्थिक क्षेत्र

### कृषि तथा पँशुपन्छी

| क्र. सं. | कार्यक्रम | ईकाई | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा ( रु हजारमा) | प्रति ईकाई लागत | जिम्मेवबरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कृषि उपज संकलन तथा भण्डारण केन्द्र स्थापना | संख्या | ९ | | ६,०००.०० | ६,०००.०० | ६,०००.०० | – | १८,०००.०० | २,०००.०० | पालिक |
| २ | कोल्ड स्टोर स्थापना गर निजि क्षेत्र संग सहकार्य | संख्या | १ | – | २५,०००.०० | २५,०००.०० | – | – | ५०,०००.०० | ५०,०००.०० | पालिक |
| ३ | कृषि निति तयार गर्ने | पटक | १ | ५००.०० | – | – | – | – | ५००.०० | ५००.०० | पालिक |
| ४ | प्रांगारिक मल उत्पादन तालिम १८० जना | पटक | ९ | २,५००.०० | २,५००.०० | – | – | – | ५,०००.०० | ५५५.५६ | पालिक |
| ५ | आधुनिक कृषि खेति तालिम | संख्या | १०० | २०.०० | २०.०० | २०.०० | २०.०० | २०.०० | १००.०० | १.०० | पालिक |
| ६ | फलफुल तथा तरकारि खेति प्रोत्साहन कार्यक्रम | वटा | १० | २.०० | २.०० | २.०० | २.०० | २.०० | १०.०० | १.०० | पालिक |
| ७ | कृषि तथा पर्यटन क्षेत्र सुधार कार्यक्रम | वटा | २ | | १.०० | १.०० | | | २.०० | १.०० | पालिक |
| ८ | कृषि प्रविधि तथा यान्त्रीक अनुदान | संख्या | ४५ | १,०००.०० | १,५००.०० | १,०००.०० | १,०००.०० | – | ४,५००.०० | १००.०० | पालिक |
| ९ | कृषि नर्सीरि स्थापना कार्यकंम | संख्या | १ | २५०.०० | २५०.०० | – | – | – | ५००.०० | ५००.०० | पालिक |
| १० | जडीबुटिको ब्यावशायिक उतपादनको लागि अनुदान कार्यक्रम | क्षेत्र | २ | – | ५००.०० | ५००.०० | – | – | १,०००.०० | ५००.०० | पालिक |
| ११ | स्याउको ब्यावशायिक खेतिको लागि सहयोग कार्यक्रम | क्षेत्र | १८ | १३,५००.०० | – | – | – | – | १३,५००.०० | ७५०.०० | पालिक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | आलु खेति पाकेट क्षेत्र निर्धारण गरि कृषक समुह लाई अनुदान कार्यक्रम संचालन गर्ने | क्षेत्र | ५ | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ४,५००.०० | ९००.०० | पालिक |
| १३ | फलफुल पाकेट क्षेत्र निर्धारण गरि कृषक समुह लाई अनुदान कार्यक्रम संचालन गर्ने | क्षेत्र | ९ | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ४,५००.०० | ५००.०० | पालिक |
| १४ | तरकारी जोन निर्धारण गरि कृषक समुह लाई अनुदान कार्यक्रम संचालन गर्ने | क्षेत्र | २७ | १,०००.०० | १,४००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | ५,४००.०० | २००.०० | पालिक |
| १५ | मौरी पालन क्षेत्र निर्धारण गरि कृषक समुह लाई अनुदान कार्यक्रम संचालन गर्ने | जना | १५ | – | ५००.०० | ५००.०० | – | ५००.०० | १,५००.०० | १००.०० | पालिक |
| १६ | मसला खेति तथा प्रशोधन कार्यक्रम | क्षेत्र | १५ | – | – | – | १,५००.०० | १,५००.०० | ३,०००.०० | २००.०० | पालिक |
| १७ | कुखुरा पालन क्षेत्र निर्धारण गरि कृषक समुह लाई अनुदान कार्यक्रम संचालन गर्ने | क्षेत्र | २७ | – | – | – | २,०००.०० | २,०५०.०० | ४,०५०.०० | १५०.०० | पालिक |
| १८ | सकृय कृषक छनौट गरि १३५ जनालाई तरकारी उत्पादन तालिम प्रदान गर्ने | पटक | ९ | ४००.०० | ४००.०० | ४००.०० | ४००.०० | २००.०० | १,८००.०० | २००.०० | पालिक |
| १९ | चिउरि प्रशोधन तालिम संचालन तथा प्रविधि सहयोग | संख्या | २ | – | – | ७५०.०० | ७५०.०० | – | १,५००.०० | ७५०.०० | पालिक |
| २० | तरकारी ड्राई गर्ने तथा प्शोधन गर्ने तालिम संचालन गर्ने | जना | १५ | – | – | – | १,५००.०० | १,५००.०० | ३,०००.०० | २००.०० | पालिक |
| २१ | बाखा पालन पाकेट क्षेत्र निर्धारण गरि कृषक समुह लाई अनुदान कार्यक्रम संचालन गर्ने | क्षेत्र | २७ | – | २,७००.०० | – | २,७००.०० | २,७००.०० | ८,१००.०० | ३००.०० | पालिक |
| २२ | बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा साक्षित कार्यक्रमलाई | जना | ४५ | | १५०.०० | | १५०.०० | १५०.०० | ४५०.०० | १०.०० | पालिक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | पशुपन्छी पालनाका लागि बिमा अनुदान तथा सहुलियत सम्बन्धि सचेतना कार्यक्रम | पटक | ९ | १००.०० | २००.०० | २००.०० | ३००.०० | १००.०० | ९००.०० | १००.०० | पालिक |
| २४ | कोदो जौ जसता स्थानिय उत्पादन प्रशोधन तालिम र बजारिकरणकरणका लागि कार्यक्रम | जना | १५ | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | १,५००.०० | १००.०० | पालिक |
| २५ | दुग्ध जन्य उत्पादनको लागि गाई भैसि पालन क्षेत्र निर्धारण गरि अनुदान कार्यक्रम | वटा | ५ | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | २,५००.०० | ५००.०० | पालिक |
| २६ | दुग्ध जन्य उत्पादनको बजारिकरणका अनुदान | जना | ९ | १००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | ९००.०० | १००.०० | पालिक |
| | **जम्मा** | | ४३२ | २१९७२ | ४३९२३ | ३८१७३ | २०१२२ | १२५२२ | १३६७१२ | | |

## पर्यटन तथा संस्कृति

| **क्र. सं.** | **कार्यक्रम** | **ईकाई** | **कुल लक्ष्य** | **०८०/८१** | **०८१/८२** | **०८२ /८३** | **०८३/८४** | **०८४/८५** | **जम्मा ( रु हजारमा)** | **प्रति ईकाई लागत** | **जिम्मेवबरी** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Homestay संचालक हरुको अध्ययन भ्रमण | पटक | ३ | ५००.०० | ५००.०० | - | ५००.०० | - | १,५००.०० | ५००.०० | पालिका |
| २ | स्थानिय स्तरका पौराणीक तथा स्थानिय बस्तु उत्पादन तथा प्रवर्द्धन | स्थान | ५ | १,०००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | ५,०००.०० | १,०००.०० | पालिका |
| ३ | पर्यटन प्रवर्धनका लागि पर्यटन ब्यावशायिहरु संग छलफल अन्तरकृया | पटक | ३ | १५०.०० | | १५०.०० | - | १५०.०० | ४५०.०० | १५०.०० | पालिका |
| ४ | पालिका भित्रका पर्यटकिय क्षेत्रहरुको Video निर्माण गरि प्रवर्धन गर्ने | संख्या | १ | - | १,०००.०० | - | - | - | १,०००.०० | १,०००.०० | पालिका |
| ५ | पालिका भित्र रहेको मठ मन्दिर गुफा, झरनाको इतिहास बारे | पटक | १ | ५००.०० | - | - | - | - | ५००.०० | ५००.०० | पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बुकलेट तयार गर्ने | | | | | | | | | | |
| ६ | Homestay क्षेत्र निर्धारण र निर्माण | संख्या | ३ | – | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | – | १५,०००.०० | ५,०००.०० | पालिका |
| ७ | Homestay संचालन तथा ब्यवस्थापन सम्बन्धि तालिम संचालन | पटक | १० | १,०००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | ५,०००.०० | ५००.०० | पालिका |
| ८ | Homestay निर्माण सहयोग कार्यक्रम | वटा | ३ | | ३,०००.०० | ३,०००.०० | ३,०००.०० | | ९,०००.०० | ३,०००.०० | पालिका |
| ९ | पर्यटकिय सुचना केन्द्र स्थापना | स्थान | २ | | १,५००.०० | १,५००.०० | – | – | ३,०००.०० | १,५००.०० | पालिका |
| १० | पालिकाभित्रका पर्यटकिय क्षेत्र एक अर्को संग जोडने पदमार्ग निर्माण गर्ने | संख्या | १ | – | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | – | १५,०००.०० | १५,०००.०० | पालिका |
| ११ | पालिका भित्र रहेको मुख्य पर्यटन क्षेत्रहरुको मर्मत तथा संरक्षण गर्ने | संख्या | १० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | २५,०००.०० | २,५००.०० | पालिका |
| १२ | स्थानीय पर्यटन विकास गुरु योजना निर्माण। | संख्या | १ | – | २५०.०० | – | – | – | २५०.०० | २५०.०० | पालिका |
| १३ | स्थानीय पर्यटन स्वयंसेवक तथा टुर गाईड तालिम संचालन गरिने छ | पटक | १ | – | ३००.०० | – | – | – | ३००.०० | ३००.०० | पालिका |
| १४ | देवल भगवति तथा गा पा भित्रका पर्यटकिय क्षेत्रको संरक्षण गर्ने | संख्या | ५ | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | ५००.०० | १००.०० | पालिका |
| | **जम्मा** | | | **८२५०** | **२३६५०** | **२१७५०** | **२०६००** | **७२५०** | **८१५००** | | |

## उद्योग ब्यापार तथा ब्यावसाय

| क्र. सं. | कार्यक्रम | ईकाई | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा ( रु हजारमा) | प्रति ईकाई लागत | जिम्मेवबरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उद्यमशिलता बिकास तालिम ( ४५० जना) | जना | ४५० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ४,५००.०० | १०.०० | पालिका/ निजिक्षेत्र |
| २ | श्रोत बजार मागमा अधारित सिप बिकास तालिम (४५०जना ) | जना | ४५० | २,०००.०० | २,५००.०० | २,५००.०० | २,०००.०० | २,२५०.०० | ११,२५०.०० | २५.०० | पालिका/ निजिक्षेत्र |
| ३ | नव प्रवर्धन उद्योग लाई अनुदान कार्यक्रम | संख्या | ५ | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | १,०००.०० | २००.०० | पालिका/ निजिक्षेत्र |
| ४ | जडीबुटिको प्रशोधन केन्द्र स्थापना गर्न निजि क्षेत्र संग सहकार्य | संख्या | ३ | - | २,०००.०० | | २,०००.०० | २,०००.०० | ६,०००.०० | २,०००.०० | पालिका/ निजिक्षेत्र |
| ५ | एक घर एक रोजगार सिपमुलक कार्यक्रम | जना | १०० | २०.०० | २०.०० | २०.०० | २०.०० | २०.०० | १००.०० | १.०० | पालिका/ निजिक्षेत्र |
| ६ | वार्ड न २ मा अल्लो प्रशोधन तथा कपडा बुनाई तालिम | जना | ३० | - | ५००.०० | | ५००.०० | | १,०००.०० | ३३.३३ | पालिका/ निजिक्षेत्र |
| ७ | सिस्नो पाउडर उद्योग स्थापनार्थ सहयोग | संख्या | १ | | ३००.०० | | | | ३००.०० | ३००.०० | पालिका/ निजिक्षेत्र |
| ९ | आवश्यकताको आधारमा उद्यमी ब्यावशायिलाई अनुदान कार्यक्रम | जना | 50 | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | १,०००.०० | २०.०० | पालिका/ निजिक्षेत्र |
| १० | सावुन उद्योग स्थापना | संख्या | १ | | ३००.०० | | | | ३००.०० | ३००.०० | पालिका/ निजिक्षेत्र |
| ११ | उत्कृष्ट उद्यमि प्रोत्साहन कार्यक्रम | | ५ | १.०० | १.०० | १.०० | १.०० | १.०० | ५.०० | १.०० | पालिका/ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | | | | | | | | | निजिक्षेत्र |
| १२ | मिनरल वाटर उद्योगको सम्भाब्यता अध्ययन | संख्या | १ | | २५०.०० | | | | २५०.०० | २५०.०० | पालिका/ निजिक्षेत्र |
| १३ | एडभान्स तालिम | जना | ५० | | ५००.०० | | ५००.०० | | १,०००.०० | २०.०० | पालिका/ निजिक्षेत्र |
| १४ | प्राविधि हस्तान्तरण | संख्या | १०० | | ४००.०० | ३००.०० | ३००.०० | ५००.०० | १,५००.०० | १५.०० | पालिका/ निजिक्षेत्र |
| १५ | ओद्योगि ग्रामको स्थापना तथा संचालन | संख्या | १ | – | २,०००.०० | १०,०००.०० | ८,०००.०० | – | २०,०००.०० | २०,०००.०० | पालिका/ निजिक्षेत्र |
| १६ | उद्यमि अध्ययन भ्रमण | पटक | ५ | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | २,५००.०० | ५००.०० | पालिका/ निजिक्षेत्र |
| १७ | स्थानिय उत्पादन बजारिकरणमा सहयोग | संख्या | ५ | १,०००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | १,०००.०० | ५,०००.०० | १,०००.०० | पालिका/ निजिक्षेत्र |
| १८ | उद्यमीहरुलाई अवश्यकताको आधारमा प्रविधि सहयोग | जना | २४० | २००.०० | | ७००.०० | | १,५००.०० | २,४००.०० | १०.०० | पालिका/ निजिक्षेत्र |
| १९ | पालिका स्तरमा उद्यमीहरुका समग्रि बिक्रितरण गर्न बिक्रि कक्ष स्थापना | संख्या | १ | | | | १,०००.०० | ५००.०० | १,५००.०० | १,५००.०० | पालिका/ निजिक्षेत्र |
| २० | अल्लोमा आधारित उद्यम प्रवर्धन कार्यक्रम | संख्या | ५ | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | २,५००.०० | ५००.०० | पालिका/ निजिक्षेत्र |
| २१ | उपभोक्ता सचेतना कार्यक्रम | पटक | १० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | ७५०.०० | ७५.०० | पालिका/ निजिक्षेत्र |
| २२ | बजार अनुगमन | पटक | १५ | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | ७५०.०० | ५०.०० | पालिका/ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | निजिक्षेत्र |
| २३ | स्थानिय उत्पादनको प्रचार प्रसार | संख्या | ५ | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | २,५००.०० | ५००.०० | पालिका/ निजिक्षेत्र |
| २४ | उद्यमी हरुलाई मेला महोत्सव प्रदर्शनीमा सहभागि हुन सहयोग कार्यक्रम | संख्या | ५ | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | ५००.०० | २,५००.०० | ५००.०० | पालिका/ निजिक्षेत्र |
| | **जम्मा** | | | ६८२१ | १३३७१ | १८१२१ | १८९२१ | ११३७१ | ६८६०५ | | |

## बित्तिय तथा सहकारि क्षेत्र

| क्र. सं. | कार्यक्रम | ईकाई | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा ( रु हजारमा) | प्रति ईकाई लागत ( रु हजारमा) | जिम्मेवबरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पालिका भित्र थप वाणिज्य बैंकको सेवा संचालन गर्न सहजिकरण | पटक | १ | | | १५०.०० | | | १५०.०० | १५०.०० | पालिका |
| २ | एक घरः एक बैंक खाता” कार्क्रकम संचालन गर्ने | संख्या | २ | | १००.०० | | १००.०० | | २००.०० | १००.०० | पालिका |
| ३ | स्थानिय उत्पादन लाई बजारिकरण गर्न सहकारिहरु संग सहकार्य | वटा | २ | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | १,०००.०० | ५००.०० | पालिका |
| ४ | सहकारि स्थापना नभएका वार्डमा पुर्व सहकारि तालिम संचालन गर्ने । | वटा | ३ | | ५०.०० | ५०.०० | ५०.०० | | १५०.०० | ५०.०० | पालिका |
| ५ | भैरहेका सहकारीहरुको क्षेमता बभिबृद्धि गर्न सहकारि ब्यवसथापन तालिम संचालन | वटा | ३ | | | १००.०० | १००.०० | १००.०० | ३००.०० | १००.०० | पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बचत तथा ऋइ सहकारिहरुको नयमित अनुगमन | पटक | ५ | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | २५०.०० | ५०.०० | पालिका |
| ७ | बचतलाई उत्पादक क्षेत्रमा परिचालन सम्बन्धि तालिम | वटा | ५ | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | २५०.०० | ५०.०० | पालिका |
| ८ | सहकारि र पालिकाको संयुक्त पहलमा बित्तिय साक्षरता कार्यक्रम संचालन गर्ने | | ५ | ७५.०० | ७५.०० | ७५.०० | ७५.०० | ७५.०० | ३७५.०० | ७५.०० | पालिका |
| **जम्मा** | | | | **३७५** | **५२५** | **६७५** | **६२५** | **४७५** | **२६७५** | | |

## श्रम तथा रोजगारी

| क्र. सं. | कार्यक्रम | ईकाई | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा ( रु हजारमा) | प्रति ईकाई लागत ( रु हजारमा) | जिम्मेवबरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिम प्राप्त गरेका युवा युवतिहरु सिप परिक्षण गराउने CTEVT को सहयोगमा | जना | ५० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | ७५०.०० | १५.०० | पालिका |
| २ | यूवाहरुलाई उद्यमशिलतम तालिम प्रदान गर्ने | जना | १०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | १,५००.०० | १५.०० | पालिका |
| ३ | युवाहरुलाई स्वरोजगार बनाउन र स्वदेशमै बस्ने वबतावरण बनाउन नव प्रवर्धन उद्य स्थापना गर्न अनुदान दिने | जना | ५० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | २५,०००.०० | ५००.०० | पालिका |
| ४ | क्षमता अभिबृद्धि तालिम संचालन गर्ने | संख्या | १० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | १,५००.०० | १५०.०० | पालिका |
| ५ | रोजगार सुचना केन्द्र स्थापना | वटा | १ | | ५००.०० | | | | ५००.०० | ५००.०० | पालिका |
| ६ | ब्यावशायिक कृषि तथा पशुपालन तालिम संचालन गर्ने | जना | ५० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | ५००.०० | १०.०० | पालिका |
| ७ | बैदेशिक रोजगारीमा जान चाहनेको लागि प्राविधिक सिप | वटा | ३ | | ५००.०० | ५००.०० | ५००.०० | | १,५००.०० | ५००.०० | पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संचालन गर्ने | | | | | | | | | | |
| ८ | लोक सेवा तयारि कषा संचालन गर्ने | वटा | २ | | ५००.०० | | ५००.०० | | १,०००.०० | ५००.०० | पालिका |
| ९ | बेरोजगारहरुको र गाउँपालिका भित्र रहेका बिभिन्न बिषयका दक्ष जनशक्तिको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने | पटक | ५ | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | ५००.०० | १००.०० | पालिका |
| १० | संघीय सरकारसँगको सहकार्यमा रोजगार सम्बन्धि अभिलेख डिजिटाइज गरी गाउँपालिकाको वेब साइटमा राख्ने | पटक | १ | | २००.०० | | | | २००.०० | २००.०० | पालिका |
| ११ | बैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा लगानीको सम्भावना अध्ययन गर्ने | पटक | १ | | २५०.०० | | | | २५०.०० | २५०.०० | पालिका |
| **जम्मा** | | | | **५९५०** | **७९००** | **६४५०** | **६९५०** | **५९५०** | **३३२००** | | |

# सामाजिक बिकास

## शिक्षा

| क्र सं | कार्यक्रम | ईकाई | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा ( रु हजारमा) | प्रति ईकाई | जिम्मेवबरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी उपलब्धी कार्ड प्रयोग | वटा | २५० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | १५०.०० | ७५०.०० | ०.०३ | पालिका |
| २ | उत्कृष्ठ विद्यार्थी सम्मान | जना | १५० | ३०.०० | ३०.०० | ३०.०० | ३०.०० | ३०.०० | १५०.०० | १.०० | पालिका |
| ३ | उत्कृष्ठ शिक्षक सम्मान | जना | १५ | १५.०० | १५.०० | १५.०० | १५.०० | १५.०० | ७५.०० | ५.०० | पालिका |
| ४ | सामाजिक परीक्षण | | ४१ | ४४५.०० | ४४५.०० | ४४५.०० | ४४५.०० | ४४५.०० | २,२२५.० | ५४.२७ | पालिका |
| ५ | समीति पदाधिकारी अभिमुखीकरण | जना | ८८ | | ८८.०० | | | | ८८.०० | १.०० | पालिका |
| ६ | शिक्षण पुनर्ताजकी तालिम | जना | ७८ | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | ८०.०० | १.०३ | पालिका |
| ७ | प्रअ व्यवस्थापन तालिम | जना | ४३ | | | ४५.०० | | | ४५.०० | १.०५ | पालिका |
| ८ | लेखा, प्रसासन व्यवस्थापन अभिमुखी करण | जना | ४३ | | | ४५.०० | | | ४५.०० | १.०५ | पालिका |
| ९ | पाठ्यक्रम र शिक्षक निर्देशिका | | १ | | | ५०.०० | | | ५०.०० | ५०.०० | पालिका |
| १ | बिषय गत शैक्षिक सामग्री | | १ | | | ४१०.०० | | | ४१०.०० | ४१०.० | पालिका |
| १ | खेलकुद सामग्री | | १ | | | ४१०.०० | | | ४१०.०० | ४१०.० | पालिका |
| १ | संगित सामग्री ड्रमसेट | सेट | ४१ | १६४.०० | १६४.०० | १६४.०० | १६४.०० | १६४.०० | ८२०.०० | २०.०० | पालिका |
| १ | पाठ्क्रम निर्देशिका पाठ्यपुस्तक | प्रति | २६२ | ४००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | १,६००.० | ०.६१ | पालिका |
| १ | विद्यालय सुधार योजना | | १ | ७७५.०० | | | | | ७७५.०० | ७७५.०० | पालिका |
| १ | बिज्ञान सामग्री वितरण | | १३ | २,६००.० | २,६००.० | २,६००.० | २,६००.० | २,६००.० | १३,०००. | १,०००. | पालिका |
| १ | कक्षा १ देखि ५ बुक कर्नर पुस्तकालय | सं | ३४१ | १०२.०० | १०२.०० | १०२.०० | १०२.०० | १०४.०० | ५१२.०० | ०.१५ | पालिका |
| १ | कक्षा ६ देखि १२ बुक कर्नर÷पुस्तकालय | सं | २४९ | ११२.०० | ११२.०० | ११२.०० | ११२.०० | ११४.०० | ५६२.०० | ०.२२ | पालिका |
| १ | नमूना विद्यालय सहयोग | सं | ९ | ४५०.०० | ४५०.०० | ४५०.०० | | | १,३५०.० | १५०.०० | पालिका |
| १ | पूर्ण सरसफाईयुक्त विद्यालय अभिमुखिकरण | | १ | २०५.०० | | | | | २०५.०० | २०५.० | पालिका |
| २ | उत्कृष्ट बिद्यार्थिहरुलाई प्रोत्साहन कार्यकंम | | ५ | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | १,०००.० | २००.० | पालिका |
| २ | प्राविधिक बिद्यालय संचालन | वटा | २ | | | ५,०००.० | ५,०००.० | | १०,०००. | ५,०००. | पालिका |
| २ | विद्यालय पुर्वाधार सुधार कार्यक्रम | | ४० | ८,०००. | १,२००.० | १२,०००. | १२,०००. | १२,०००. | ४५,२००. | १,१३०.० | पालिका |
| २ | विद्यालय शिक्षा सुधार कार्यक्रम संचालन | | ५ | २५०.०० | २५०.०० | २५०.०० | २५०.०० | २५०.०० | १,२५०.० | २५०.० | पालिका |
| २ | भर्ना अभियान घरदैलो कार्यक्रम | | ५ | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | १,०००.० | २००.० | पालिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यार्थीको शैक्षिक उपलब्धी मूल्यांकन तथा परीषा प्रणाली | | ५ | २५०.०० | २५०.०० | २५०.०० | २५०.०० | २५०.०० | १,२५०.० | २५०.० | पालिका |
| २ | शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तरक्रिया कार्यक्रम | | ४५ | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | २,२५०.० | ५०.०० | पालिका |
| २ | गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद | | ५ | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | १,५००.० | ३००.०० | पालिका |
| २ | बिद्यालय अभिभावक समन्वय कार्यक्रम | | ४१ | ४००.०० | ४००.०० | ४५०.०० | ४००.०० | ४००.०० | २,०५०.० | ५०.०० | पालिका |
| २ | शिक्षा सुधार संम्बन्धि अन्तरकृया | | ५ | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | २५०.०० | ५०.०० | पालिका |
| ३ | बिद्यालय अभिभावक समन्वय कार्यक्रम | | ५ | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | ५०.०० | २५०.०० | ५०.०० | पालिका |
| ३ | पालिक भित्र प्राविधिक तथा ब्यावशायिक शिक्षा संचालन | वटा | १ | | ५,०००.० | ५००.०० | ५००.०० | ५००.०० | ६,५००.० | ६,५००. | पालिका |
| ३ | भुकम्प प्रतिरोधी कोठा निर्माण | को | ७५ | १२,०००. | १२,०००. | १२,०००. | १२,०००. | १२,०००. | ६०,०००. | ८००.० | पालिका |
| ३ | जीर्णकोठा मर्मत सुधार | को | १५२ | १,५२०.० | १,५२०.० | १,५२०.० | १,५२०.० | १,५२०.० | ७,६००.० | ५०.०० | पालिका |
| ३ | क्रमागत भवन सम्पन्नता | सं | ९ | | १०,०००. | १०,०००. | १५,०००. | १०,०००. | ४५,०००. | ५,०००. | पालिका |
| ३ | बिद्यार्थी फर्निचर | जना | ८२८ | ३४५.०० | ३४५.०० | ३४५.०० | | | १,०३५.० | १.२५ | पालिका |
| ३ | अपांग, बाल, महिला मैत्री शौचालय | वटा | २९ | ४,०६०.० | ४,०६०.० | ४,०६०.० | ४,०६०.० | ४,०६०.० | २०,३००. | ७००.० | पालिका |
| ३ | अपांग बाल मैत्री धारा | वटा | २७ | ४०५.०० | ४०५.०० | ४०५.०० | ४०५.०० | ४०५.०० | २,०२५.० | ७५.०० | पालिका |
| ३ | खेल मैदान सुधार | वटा | २९ | ८१.०० | ८१.०० | ८१.०० | ८१.०० | ८१.०० | ४०५.०० | १३.९७ | पालिका |
| ३ | घेरबार निर्माण | वटा | ३६ | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | १,५००.० | ४१.६७ | पालिका |
| ४ | कार्यालय कक्ष व्यवस्थापन | वटा | १३ | ३२५.०० | ३२५.०० | ३२५.०० | ३२५.०० | ३२५.०० | १,६२५.० | १२५.०० | पालिका |
| ४ | उर्जा व्यवस्थापन | वटा | १३ | २१७.०० | २१७.०० | २१७.०० | २१७.०० | २१७.०० | १,०८५.० | ८३.४६ | पालिका |
| ४ | ख) फोटोकपी यन्त्र | स्था | ४१ | ४१०.०० | ४१०.०० | | | | ८२०.०० | २०.०० | पालिका |
| ४ | क) किट बक्स प्राथमिक उपचार | सं | ४१ | ६८३.०० | ६८३.०० | ६८४.०० | | | २,०५०.० | ५०.०० | पालिका |
| ४ | क) कम्प्युटर प्रयोगशाला | वटा | १२ | ४०.०० | ४०.०० | ४०.०० | | | १२०.०० | १०.०० | पालिका |
| | **जम्मा** | | | ३६००० | ४३२०८ | ५५०२१ | ५७४९२ | ४७४९६ | २३९२१७ | | |

## आधारभुत स्वास्थ्य र पोषण

| क्र सं | कार्यक्रम | ईकाई | कुल लक्ष्य | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा ( रु हजारमा) | प्रति ईकाई लागत | जिम्मेवबरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पालिका स्तरिय अस्पताल निर्माण | संख्या | १ | - | २५,०००.०० | २५,०००.०० | - | - | ५०,०००.०० | ५०,०००.०० | पालिका नेपाल सरकार |
